सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ भदौ २०८२, शनिबार (30 Aug 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १३९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

आइजिपीमा खापुङ

१९ भदौमा कार्यभार सम्हाल्ने चन्द्रकुवेर खापुङले २६ कात्तिकसम्म प्रहरीको नेतृत्व गर्ने



तत्कालीन गृहमन्त्रीको हैसियतमा ०५१ मा केही समय प्रहरी निरीक्षकको नियुक्त रोकेका प्रधानमन्त्री ओलीले सरकारको नेतृत्व गरेका वेला खापुङले छोटो समयका लागि आइजिपी बन्ने मौका पाए

■ एउटै विज्ञापनबाट भर्ना भएका तीन इन्स्पेक्टर बने आइजिपी

नयाँ पत्रिका

सरकारले प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) चन्द्रकुवेर खापुङलाई नेपाल प्रहरीको ३२औँ महानिरीक्षक (आइजिपी) मा नियुक्त गरेको छ। शुक्रबार मन्त्रिपरिषद् बैठकले उनलाई १९ भदौदेखि लागू हुने गरी आइजिपी नियुक्त गर्ने निर्णय गरेको हो। ब्याचका अन्य अधिकारी उमेरहदका कारण अवकाश भइसकेकाले आइजिपीको दौडमा उनी एक्ला प्रतिस्पर्धी थिए।

हालका आइजिपी दीपक थापाले ३० वर्षे सेवावधि पूरा गरी १८ भदौमा अवकाश पाउँदै छन्। थापाको अवकाशसँगै खापुङले नेपाल प्रहरीको नेतृत्व सम्हाल्नेछन्। तर, उनले दुई महिना एक साता अर्थात् २६ कात्तिकसम्म प्रहरी नेतृत्व सम्हाल्नेछन्। हाल उनी सिआइबी प्रमुखका रूपमा कार्यरत छन्।

प्रधानमन्त्री केपी ओली शनिबारदेखि चीन भ्रमणमा जाने भएकाले आइजिपी नियुक्तिसम्बन्धी निर्णय पाँच दिनअघि नै गरिएको हो। तेह्रथुम स्थायी घर भएका खापुङ २७ कात्तिक ०५२ मा प्रहरी निरीक्षक पदमा नियुक्त भएका थिए। प्रहरी संगठनमा उनी औसत क्षमताका अधिकारीका रूपमा चिनिन्छन्।

नेपाल प्रहरीले मंसिर ०५० मा प्रहरी निरीक्षक पदका लागि भर्ना खुलायो। माग संख्यासमेत नतोकी खुलाइएको विज्ञापनको नतिजा एक वर्षपछि मंसिर ०५१ मा प्रकाशित गरियो। नतिजा प्रकाशन गर्दा सयजनालाई उत्तीर्ण गराइयो।

नतिजा प्रकाशन भएलगत्तै मध्यावधि निर्वाचनमार्फत एमालेले अल्पमतको सरकार बनायो। अघिल्लो सरकारले कांग्रेसनिकटलाई पास गराएको आशंकामा हालका प्रधानमन्त्री तथा तत्कालीन गृहमन्त्री रहेका ओलीले केही समय प्रहरी निरीक्षकको नियुक्ति रोके।

नतिजा प्रकाशन भएको चार महिनापछि सयमध्ये ५२ जनालाई नियुक्ति दिइयो। जसमध्ये ५० जना नेपाल प्रहरी र दुईजनालाई विशेष प्रहरीमा पठाइयो। अन्य आठजनालाई वैकल्पिक सूचीमा राखियो। वैकल्पिक सूचीमा रहेकालाई १९ भदौ ०५२ मा नियुक्ति दिइयो।

पास भएर पनि आफूहरूलाई नियुक्ति नदिइएको भन्दै बाँकी ४० जना हारगुहारमा लागे। तैपनि नियुक्ति नपाएपछि उनीहरू अदालत गए। अदालतबाट मुद्दाको फैसला नहुँदै एमाले सरकार ढल्यो। नयाँ सरकारले २७ कात्तिक ०५२ मा बाँकी ४० जनालाई पनि नियुक्ति दियो।

त्यसरी नियुक्ति पाउनेमध्ये एक थिए चन्द्रकुवेर खापुङ, जसले नेपाल प्रहरीको ३२औँ आइजिपी हुने अवसर पाए। त्यसरी ढिलो नियुक्ति हुनु पनि उनका लागि

» पृष्ठ २ मा क्रमशः

१० वर्षमा साढे दुई लाख हेक्टर घट्यो धान रोप्ने खेत

धानको खेतीयोग्य जमिन घट्दा जिडिपीमा कृषि क्षेत्रको योगदान पनि घट्दै, झन्डै ४० अर्बको धान-चामल आयात

● राष्ट्र बैंकको तथ्यांक भन्छ- ८०% बढ्यो धान-चामल आयात

अजित अधिकारी/नयाँ पत्रिका

प्रमुख कृषि बाली धान उत्पादन हुने जमिन पछिल्लो दश वर्षमा दुई लाख ४६ हजार १७६ हेक्टर घटेको छ। आर्थिक वर्ष ०७३/७४ मा सबैभन्दा बढी १५ लाख ५२ हजार ४६९ हेक्टरमा धान रोपाइँ भएको र त्यसपछि बर्सेनि रोपाइँ हुने क्षेत्रफल घट्ने क्रमले निरन्तरता पाएर यस वर्ष १३ लाख ६ हजार २९३ हेक्टरमा सीमित भएको छ।


कृषिविज्ञ कृष्ण पौडेलका अनुसार धान खेतीबाट किसानलाई फाइदा नहुने अवस्था सिर्जना भएपछि उनीहरू निरुत्साहित हुँदै गएका छन्। 'धान फलाएर किसानलाई फाइदै छैन, सरकारले पनि हेर्दैन,' उनले भने, 'बर्सेनि रोपाइँको क्षेत्रफल घटिरहे पनि कसैले चिन्ता गरेका छैनन्। त्यसैले आउँदा दिनमा पनि क्षेत्रफल झन् घट्नेछ।'

सबैभन्दा बढी क्षेत्रमा रोपाइँ हुने प्रमुख बाली धानको खेतीयोग्य जमिन घट्दै जाँदा कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा कृषि क्षेत्रको योगदान पनि निरन्तर घट्दो अवस्थामा छ। विगतमा जिडिपीको ३३ प्रतिशतसम्म हिस्सा ओगट्ने गरेको कृषि क्षेत्रको गत आव ०८१/८२ मा जिडिपीमा योगदान २५.१६ प्रतिशत छ।

धान खेती क्षेत्रफल घट्दै गर्दा उत्पादनमा सुधार नभएकाले जिडिपीमा कृषि क्षेत्रको समग्र योगदान नै घटेको हो। किनभने कृषि क्षेत्रमा धानको मात्रै योगदान २० प्रतिशतभन्दा बढी छ। त्यसैले धान उत्पादन घट्ने र बढ्ने तथ्यांकले समग्र जिडिपीमै असर पर्ने गरेको छ।

» पृष्ठ २ मा क्रमशः

■ कुन वर्ष कति हेक्टरमा धानखेती ?



■ यस वर्ष ७० हजार हेक्टर बाँझै राखेर सकियो रोपाइँ



कृषि मन्त्रालयले यस वर्ष १३ लाख ७६ हजार ४६६ हेक्टरमा रोपाइँ हुने अनुमान गरेको थियो। तर, देशभरका किसानले भदौ पहिलो सातासम्म १३ लाख ६ हजार २९३ हेक्टरमा मात्रै रोपाइँ गरेको मन्त्रालयको तथ्यांकमा उल्लेख छ। यस वर्ष समयमै वर्षा नहुँदा मधेशमा सबैभन्दा बढी जमिन बाँझै भएको छ। मधेशमा तीन लाख ७० हजार हेक्टमा रोपाइँ हुने अनुमान गरे पनि तीन लाख १९ हजार हेक्टरमा मात्रै किसानले धान रोपेका छन्। मधेशमा ५१ हजार हेक्टर र बाँकी ६ प्रदेशमा १९ हजार हेक्टर जमीन बाँझै राखेर रोपाइँ सकियो।

● कृष्ण पौडेल, कृषिविज्ञ

धान फलाएर किसानलाई फाइदै छैन, सरकारले पनि हेर्दैन। बर्सेनि रोपाइँको क्षेत्रफल घटिरहे पनि कसैले चिन्ता गरेका छैनन्। त्यसैले आउँदा दिनमा पनि क्षेत्रफल झन् घट्नेछ। जिडिपीमै असर गर्न सक्ने सामर्थ्य राख्ने धान उत्पादन बढाउने र खेतीयोग्य क्षेत्रफल विस्तार गर्ने कुरामा सरकारले कहिल्यै चासो दिएन। नयाँ-नयाँ कारण देखाउँदै धान खेती हुने क्षेत्रफल घटिरहेको सरकारले तर्क गरिरहेको छ।

धान रोप्ने खेतमा तरकारी बाली र मकै खेती

आर्थिक सर्वेक्षणअनुसार ०७९/८० मा तीन लाख दुई हजार हेक्टरमा तरकारी खेती हुने गरेकोमा ०८०/८१ मा तीन लाख १२ हजार र गत ०८१/८२ मा तीन लाख २४ हजार हेक्टरमा तरकारी खेती विस्तार भएको सर्वेक्षणमा उल्लेख छ। त्यस्तै, मकै उत्पादनमा पनि निरन्तर सुधार भइरहेको कृषि मन्त्रालयको तथ्यांक छ।

कृषि विभागका महानिर्देशक प्रकाश सञ्जेल धान बालीभन्दा राम्रो आम्दानी दिने तरकारी, मकैलगायतमा किसान आकर्षित हुन थालेको बताउँछन्। 'तराईमा बसाइसराइँबाट हुने बस्ती विकासले खेतीयोग्य जमिन घट्न पुगेको छ। त्यस्तै, धान बालीभन्दा राम्रो आम्दानी दिने तरकारी, मकैलगायतमा किसान आकर्षित हुन थालेका छन्,' उनले भने, 'अर्कोतर्फ बाँझो जमिन राख्ने क्रम पनि बढ्दै गएको छ। खेती गर्ने नपरे हुन्थ्यो भन्ने मानसिकता बढ्न थालेको छ।' उनका अनुसार सरकारले तोक्ने न्यूनतम समर्थन मूल्यमा किसानबाट धान खरिद गर्ने ग्यारेन्टी नहुँदा पनि खेती गर्ने क्रममा ह्रास आएको छ।



महानिर्देशक सञ्जेल

■ प्रधानमन्त्री आज चीन जाँदै

भ्रमणबारे सदनलाई जानकारी, तर लिपुलेक मुद्दामा मौनता

कमलराज भट्ट/नयाँ पत्रिका

भारत र चीनबिच नेपाली भूमि लिपुलेकलाई द्विपक्षीय व्यापारिक मार्ग बनाउने सम्झौताविरुद्ध नेपालले गरिरहेको कूटनीतिक पहल र आसन्न भ्रमणमा यसलाई उठाउने तयारीबारे प्रधानमन्त्री केपी ओलीले मौनता साधेपछि विपक्षी दलहरूले असन्तुष्टि जनाएका छन्। प्रधानमन्त्री ओलीले आसन्न चीन भ्रमणबारे शुक्रबार सदनलाई जानकारी गराए पनि भारत र चीनबिच नेपाली भूमि लिपुलेकलाई द्विपक्षीय व्यापारिक मार्ग बनाउने सम्झौता कसरी उठाउने भन्ने उल्लेख गरेका थिएनन्।

प्रधानमन्त्री ओलीले नेपाली नक्सामा समावेश लिम्पियाधुरा, लिपुलेक र कालापानीका सम्बन्धमा सदनमा नबोलेपछि विपक्षी दलहरूले सदनभित्रै

» पृष्ठ २ मा क्रमशः



चीन भ्रमणबारे सदनलाई जानकारी गराउँदै प्रधानमन्त्री केपी ओली। उनले आफू चिनियाँ राष्ट्रपति सी जिनपिङको निमन्त्रणामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै १४-१८ भदौसम्म चीनको पाँचदिने भ्रमणमा जान लागेको सदनलाई जानकारी गराएका छन्।

खालि राष्ट्रिय स्वाभिमानका साथ काम गरेर आउँछु भन्ने खालको कुरा राख्नुभयो



● राजेन्द्र पाण्डे
वरिष्ठ उपाध्यक्ष, एकीकृत समाजवादी

प्रधानमन्त्रीले भर्खरै चीन जाँदै छु भनेर बताउनुभयो। त्यहाँ चिनियाँ राष्ट्रपति र भारतका प्रधानमन्त्रीसँग भेटून सक्नुहुन्छ। यो नेपालको मामिला र एउटा गम्भीरतापूर्वक लिनुपर्ने कुरामा प्रधानमन्त्रीज्यूको शब्दमा त आएन। खालि राष्ट्रिय स्वाभिमानका साथ काम गरेर आउँछु भन्ने खालको कुरा राख्नुभयो।

छाउ बार्न टाँगिएको त्रिपालमाथि बज्रियो ढुंगा

सँगै सुतेकी छोरीको मृत्यु, आमा घाइते, अर्की महिलाको पनि मृत्यु



अछाममा ध्रुव बीसी

अछामका रत्नकला भण्डारी र निमदेवी खनाल महिनावारी भएपछि छाउ बार्न (रजस्वला भएका वेला) भन्दै बारीमा त्रिपाल टाँगेर चार दिनदेखि सुत्दै आएका थिए। बिहीबार रत्नकलाकी सात वर्षीया छोरी कविता पनि आमासँग सुत्न पुगेकी थिइन्।

तर, लगातार वर्षा भइरहेका वेला बिहीबार राति भिरबाट खसेको ढुंगा त्रिपालमा बज्रियो। पञ्चदेवल विनायक नगरपालिका-८ बारलास्थित सेलापानी चुरखोली टोलमा भएको घटनामा निमदेवी र रत्नाकलाकी छोरी कविताको घटनास्थलमै मृत्यु भएको प्रहरी कार्यालय अछामका प्रमुख प्रहरी नायब

» पृष्ठ २ मा क्रमशः

झन्नयाँ

रिडिङ रुम सहरमा नयाँ अध्ययन गन्तव्य



रिडिङ रुममा पढ्नेहरू भन्छन्– सार्वजनिक पुस्तकालयमा अनेकथरी बिदाले हैरान पार्छ। न पढ्ने वातावरण राम्रो हुन्छ, न आफ्नो विषयसँग छलफल गर्ने मान्छे नै भेटिन्छ। रिडिङ रुममा धेरै सुविधा हुन्छ।

मेरो जात बिक्रीमा छ किन्ने कोही छ ?



समाज

● मेखराज उदय

७४ वर्षमा पनि जिमखाना धाइरहेका ज्ञानरत्न



खेल

यसै साता काठमाडौंमा सम्पन्न एसियन पावरलिफ्टिङ च्याम्पियनसिप २०२५ को स्वर्ण पदक विजेता ज्ञानरत्न शाहीको अनुभूति

NIMB AUTO LOAN @6.29% p.a.

६ करोड अकुत सम्पत्ति राखेका नापी अधिकृतको भ्रष्टाचार खेल

सम्पत्ति लुकाउन सानै उमेरका छोरासँग अंशबन्डा, करोडौँ ऋण लिएको झुटा कागजात

नयाँ पत्रिका

रुपन्देही नापी कार्यालयका निमित्त प्रमुख सुग्रीव यादव सरकारी सेवक भए पनि जीवनशैली, पहुँच र सम्पत्तिले उनी सामान्य कर्मचारीभन्दा फरक देखिन्थे। उपसचिव कार्यालय प्रमुख हुने कार्यालयमा पहुँचका आधारमा उनी लामो समयदेखि निमित्त प्रमुख भएर काम गरिरहेका थिए। जब एक अनुसन्धानमा उनको असली नियत बाहिर आयो, तब जीवनशैली, पहुँच र सम्पत्तिको राज पनि खुल्यो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानमा नापी अधिकृत यादवसँग करिब ६ करोड रुपैयाँबराबरको अकुत सम्पत्ति भेटिएको छ। नापी कार्यालय रुपन्देहीका निमित्त प्रमुख यादवले सर्घै महत्त्वपूर्ण कार्यालयमा बसेर ठुलो मात्रामा अकुत सम्पत्ति जोडेका हुन्। अख्तियारले शुक्रबार उनीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो।

अनुसन्धानमा उनले सानो उमेरमै छोराहरूलाई अंशबन्डा गरेर सम्पत्ति लुकाएर तथा बनावटी ऋणपत्रका कागज बनाएर उनले करोडौँको घरजग्गा जोडेका थिए। करोडौँको घरजग्गा जम्मा गर्ने शैलीले अख्तियारको छानबिनमा परेका उनीमाथि अकुत सम्पत्ति जोडेको मुद्दा दर्ता भएको हो। भ्रष्टाचारको सम्पत्ति जोगाउन उनले

» पृष्ठ २ मा क्रमशः

से-फोक्सुन्डो टुक्रिएर जन्मियो छायानाथ राष्ट्रिय निकुञ्ज

छायानाथ नेपालको १३औँ निकुञ्ज, ८४३.३६ वर्गकिमिमा रहेको छायानाथमा धार्मिक पर्यटनको समेत सम्भावना

यम बम/नयाँ पत्रिका

सरकारले डोल्पा र मुगु समेटिएको से-फोक्सुन्डोलाई टुक्र्याएर छायानाथ राष्ट्रिय निकुञ्ज बनाएको छ। मन्त्रिपरिषद्को शुक्रबारको बैठकले से-फोक्सुन्डो निकुञ्जको मुगुतर्फको ८४३.३६ वर्गकिलोमिटरलाई समेटेर नयाँ निकुञ्ज बनाउने निर्णय गरेको हो। यससँगै नेपालमा निकुञ्जको संख्या १३ पुगेको छ।

वनमन्त्री ऐनबहादुर शाही ठकुरीले स्थानीय समुदायको सेवा प्रवाह र चोरी-सिकार नियन्त्रणलाई ध्यानमा राखेर नयाँ निकुञ्ज बनाउने निर्णय लिइएको बताए। 'मध्यवर्ती क्षेत्रका नागरिकले निकुञ्जको सेवा-सुविधा पाउन आउजाउमै सात दिन पैदल हिँड्नुपर्ने बाध्यता थियो। सेवा-प्रवाह नजिकबाट होस् र निकुञ्जको उपस्थितिले चोरी-सिकार नियन्त्रणमा पनि मद्दत पुगोस् भनेर मुगुम कार्मारोङ गाउँपालिकाका १, ३ र ४ नम्बर वडा समेट्ने गरी छायानाथ राष्ट्रिय निकुञ्ज बनाइएको हो,' मन्त्री ठकुरीले भने।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका सूचना अधिकारी हरिभद्र आचार्यले नयाँ निकुञ्ज स्थापनाले वन्यजन्तु संरक्षण, चोरी-सिकार नियन्त्रण, स्थानीयलाई सेवा-प्रवाह सहज हुने बताए। 'से-फोक्सुन्डोको क्षेत्रफल ठुलो हुँदा मुगुमा हाम्रो उपस्थिति नगन्य थियो,' उनले भने, 'व्यवस्थापकीय दृष्टिकोणलाई समेत हेरेर मुगुतर्फको भाग समेटेर नयाँ निकुञ्ज बनाइएको हो।'

» पृष्ठ २ मा क्रमशः



मुगुम कार्मारोङ गाउँपालिका पर्ने छायानाथ भूपरिधि क्षेत्र। अब छायानाथ निकुञ्जमा पर्ने यो क्षेत्र यसअघि से-फोक्सुन्डो निकुञ्जको डोल्फु सेक्टर थियो

वीरगन्जमा एक सातासम्म हैजा नियन्त्रणबाहिर

सुरक्षा निकायका स्वास्थ्यकर्मी र चिकित्सक पनि परिचालन गर्ने निर्णय

वीरगन्जमा **तिवारी यादव**

वीरगन्जमा फैलिएको हैजा एक सातासम्म पनि नियन्त्रणमा नआएपछि सरकारले सुरक्षा निकायका स्वास्थ्यकर्मी र चिकित्सक पनि परिचालन गर्ने निर्णय गरेको छ। शुक्रबार प्रधानमन्त्री केपी ओलीले हैजा रोगको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य मन्त्रालयको समन्वयमा नेपाली सेनासहित तीनवटै सुरक्षा निकायका चिकित्सक र उपकरणको परिचालन तथा प्रयोग गर्ने निर्णय भएको बताए।

'स्वास्थ्य मन्त्रालयसँगको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी, नर्स, डाक्टर र उपकरणको प्रयोग गर्ने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ, र यस रोगलाई सकेसम्म छिटो नियन्त्रण गर्न, बिरामी निको पार्न र बढ्न नपाओस् भनेर तीव्र ढंगले प्रयास भइरहेको छ,' संसद् मा ओलीले भने, 'हैजाको स्रोत के हो, कहाँबाट यो फैलियो, यो कुनै ढलबाट, खानेपानीबाट, कुन स्रोतबाट रोग फैलियो अनुसन्धान भइरहेको छ।' यसबाहेक सरकार र मातहतका थप स्वास्थ्यकर्मी परिचालन गरिने उनले बताए। स्वास्थ्यमन्त्री प्रदीप पौडेलसहित चिकित्सकको टोली पाँच दिनअघि वीरगन्ज पुगेर फर्किसकेको छ।

स्वास्थ्य मन्त्रालयका सचिव डा. विकास देवकोटाले मन्त्रिपरिषद्ले निर्णय गरेअनुसार डेडिकेटेड टिम



वीरगन्जको नारायणी अस्पतालमा उपचाररत हैजाका बिरामी

आइतबारसम्म प्रभावित क्षेत्रमा पुग्ने बताए। 'काठमाडौंबाट गएको टिमले नमुना संकलन गरेर ल्याएको थियो। नारायणी अस्पताल र प्रदेशमातहतका अस्पतालको टिम परिचालन छ,' उनले भने, 'आवश्यकता देखिए हामी जतिवेला पनि चिकित्सक टिम पठाउन सक्छौं।'

हैजाका कारण तीनजनाको ज्यान गइसकेको छ भने ६२४ मा हैजाको कोलेरा जीवाणु पुष्टि भएको छ।

जिल्ला वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले हैजा पुष्टि भए पनि अझै स्रोत खुल्न नसकेको बताए। 'प्रादेशिक र केन्द्रीय प्रयोगशालामा परीक्षण गर्दा कोलोरा जीवाणु पुष्टि भइसकेको छ। तर, कहाँबाट कोलोरा जीवाणु आयो भनेर खुल्न सकेको छैन,' उनले भने, 'खानेपानी मन्त्रालयको प्रयोगशालामा पानी परीक्षण भइरहेको छ। त्यहाँबाट रिपोर्ट आउन बाँकी छ, रिपोर्ट आएपछि खुल्नेछ,' उनले भने।

वीरगन्ज महानगरपालिकाले हैजा प्रभावित वडाका धाराको पानी आफ्नै प्रयोगशालाबाट परीक्षण गरेको थियो। महानगरले वडा नम्बर १०, ११ र १२ का सात स्थानका धाराबाट नमुना संकलन गरी परीक्षण गर्दा सबै प्रतिवेदन 'नेगेटिभ' आएको महानगरका वातावरण निरीक्षक प्रकाश ऐरेले बताए।

१६२ मा हैजा पुष्टि

वीरगन्ज महानगरपालिका- १२, मुर्लीका एक परिवारका तीनजना दिदीभाइ अहिले नारायणी अस्पतालमा उपचाररत छन्। बुधबार राति खाना खाएर सुतेकी १९ वर्षीया रागिनी कुमार झाडापखाला लागेपछि बिहीबार बिहान अस्पताल पुगिन्। लगत्तै उनकी बहिनी १७ वर्षीया गुन्जनकुमारीलाई पनि झाडापखाला लाग्यो। दुवै दिदीबहिनी अस्पतालमा रहेका वेला भाइ हर्ष कुमारलाई पनि झाडापखाला लाग्यो। तीनै दिदीभाइ नारायणी अस्पतालमा छन्, आरडिटी परीक्षणमा गुन्जन र हर्षलाई हैजा देखिएको छ। रागिनीको रिपोर्ट निगेटिभ आएको स्वास्थ्यकर्मी बताएका छन्। स्वास्थ्य सुधारोन्मुख छ।

सबैभन्दा बढी चाप रहेको नारायणी अस्पतालमा झाडापखाला र हैजाका बिरामी दैनिक ५० हाराहारीमा पुगिरहेका छन्। नारायणी अस्पतालकी अनमी पूजा यादवका अनुसार झाडापखाला र हैजाका बिरामी एकै टोलका १२ जना उपचाररत छन्।

नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दासका अनुसार नारायणीमा मात्र बिरामी आइसकेका छन्। गत शनिबारबाट वीरगन्जमा फैलिएको झाडापखाला अझै नियन्त्रणमा आउन सकेको छैन। स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरका अनुसार शनिबारयता झाडापखाला लागेपछि अस्पताल पुग्नेको संख्या ७१२ पुगेको छ। तीमध्ये ५१७ जना भने उपचारपछि डिस्चार्ज भइसकेका छन्। १९५ जना उपचाररत छन्। त्यस्तै, १६२ मा हैजा संक्रमण देखिएको छ। हैजा पुष्टि भएकामध्ये ६२ जना अस्पतालमै छन्। बिहीबार ५५ जनामा हैजा संक्रमण देखिएकामा शुक्रबार थप सातजनामा पुष्टि भएको उनले बताए। 'झाडापखाला निको भइहाल्छ भनेर बसेकाहरू पनि अस्पताल आउन थालेपछि संख्या बढेको ठाकुरको भनाइ छ। ' हैजाको जीवाणु घरघरमा पुगेको छ, तर घरमै निको हुन्छ भनेर बसेकाहरूलाई समुदायमा पुगेका स्वास्थ्यकर्मीहरूले चेतना फैलाएपछि अस्पताल पुग्न थालेका हुन्,' उनले भने।

से-फोक्सुन्डो...

पृष्ठ १ बाट क्रमशः

तीन हजार ५५५ वर्गकिलोमिटरमा फैलिएको से-फोक्सुन्डो टुक्र्याएपछि अब दुई हजार ७११.६१ वर्गकिलोमिटरमा सीमित हुनेछ। त्यसबिच पनि यो नेपालको सबैभन्दा ठुलो निकुञ्ज कायमै छ। छायानाथले मध्यवर्ती क्षेत्र १७७.३७ वर्गकिलोमिटर पाउँदा से-फोक्सुन्डोसँग एक हजार १७०.१ वर्गकिलोमिटर छ। नयाँ निकुञ्ज घोषणा भए पनि संरक्षण क्षेत्रको क्षेत्रफल भने बढेको छैन।

से-फोक्सुन्डो निकुञ्जका प्रमुख संरक्षण अधिकृत नुरेन्द्र अर्याल नेतृत्वको कार्यदलले से-फोक्सुन्डो निकुञ्जको मुगुतर्फको भागलाई छुट्याई छुट्टै निकुञ्ज घोषणा गर्न सकिने रायसहितको सम्भाव्यता अध्ययन प्रतिवेदन गत २ वैशाखमा निकुञ्ज विभागलाई बुझाएको थियो। सोही प्रतिवेदनका आधारमा सरकारले पतारासी हिमालदेखि उत्तरतर्फ डोल्पा र मुगु जिल्लाको सिमाना हुँदै नेपाल र चीनबिचको अन्तर्राष्ट्रिय सीमासम्म कायम गरेको छ।

राष्ट्रिय निकुञ्ज तथा संरक्षण विभागका सूचना अधिकारी आचार्यका अनुसार मन्त्रिपरिषद्को निर्णय राजपत्रमा प्रकाशित भइसकेपछि विभागले निकुञ्ज स्थापनाको काम अगाडि बढाउनेछ। तर, निकुञ्जको कार्यालय स्थापनादेखि कर्मचारी खटनपटन गरेर कार्यान्वयन तिहारपछि हुने उनले बताए।

शाखा अधिकृतको नेतृत्वमा ४१ जना कर्मचारी आवश्यक पर्ने कार्यदलले औंल्याएको छ। तर, अब से-फोक्सुन्डो निकुञ्जको दरबन्दी कटौती हुनेछ भने चितवन, रारा र मकालु वरुण निकुञ्ज तथा अपिनाप्पा संरक्षण क्षेत्रबाट पनि कर्मचारी ल्याएर पदपूर्ति गर्न कार्यदलले सुझाएको छ।

सुरक्षामा भने नेपाली सेना नै रहनेछ। कार्यदलले प्रारम्भिक चरणको कार्यालय स्थापनाका लागि २० लाख लागत अनुमान गरिएको छ भने मुख्य कार्यालय भवनका लागि एक करोड बजेट प्रस्ताव गरिएको छ।

नयाँ निकुञ्जमा के छ ?

से-फोक्सुन्डो निकुञ्जका प्रमुख संरक्षण अधिकृत नुरेन्द्र अर्यालका अनुसार नयाँ घोषणा भएको निकुञ्जमा छायानाथ र पातारसी हिमाल छन्। छायानाथ धार्मिक पर्यटकीय क्षेत्र पनि हो।

नयाँ निकुञ्जको मुख्य राजस्वको स्रोत यार्सागुम्बा संकलन प्रवेश अनुमति र पर्यटन शुल्क हो। मुगुम कर्मारोङ गाउँपालिकाले संकलन शुल्कबापत गत आव ०८०/८१ मा ७० लाख उठाएको थियो।

'निकुञ्जको माथिल्लो क्षेत्र भएर जाने ग्रेट हिमालयन ट्रेल, अर्थात् याला भञ्ज्याङ-तिहार-नाम्लाङ-भिजेर हुँदै से-फोक्सुन्डो निकुञ्जलाई जोड्ने पर्यटक पदमार्गले नयाँ निकुञ्जमा पर्यटन प्रवर्द्धनका लागि प्रचुर सम्भावना बोकेको छ,' कार्यदलको प्रतिवेदनमा भनिएको छ, 'साथै, छायानाथ हिमाल बौद्ध र हिन्दु धर्मको आस्थाको केन्द्र रहेकाले धार्मिक पर्यटनको समेत सम्भावना छ।'

कार्यदलले नयाँ निकुञ्जमा थप पदमार्ग पनि प्रस्ताव गरेको छ। जसमा तिहार-कुमाइथान-डोल्फु-पलाङयान-इटिङ-रुगासुम्ना-साइसा खोला-जफा लेक-के क्याम्प-डोल्पाको सिमानासम्म एउटा छ भने तिहार-परलोक-छायानाथ दोस्रो हो। त्यस्तै, तिहार- चिताइकुना-चिताई गाउँ हुँदै छायानाथ तेस्रो पदमार्ग हो। तिहार-सिरानचौर-थाङजाब- चार्गुलेख-ताक्लासुङ्वा-मार्जुङ थाङ-पासा क्याम्प-फोवगाउँ (भिजेर) अर्को पदमार्ग हो।

'से-फोक्सुन्डो र छायानाथ निकुञ्जको वन, वन्यजन्तु र पारिस्थितीय प्रणाली मिल्दोजुल्दो नै छ,' अर्यालले भने, 'दुवै क्षेत्रमा हिउँचितुवा र यसका आहार प्रजाति नाउर, झारललगायत वन्यजन्तु छन्। यार्सागुम्बा पाइने यस क्षेत्रमा सानो कोइकी, ठुलो कोइकी, चारकु, हाडदाङ, चेप्टु, रोमन पाटन, केले लेक, चुल्दुर, तेङदिङ, यमजामा, ताक्ले, सुन्दोवान, तुरावान, सकेरीवान, छ्यार्पु, रफुक, इस्तिङ, ताक्लुङ, रुका, जाफालेक, गोकोङमा पाटन क्षेत्र मुख्य हुन्।

सँगै सुतेकी...

पृष्ठ १ बाट क्रमशः

उपरीक्षक ओमप्रकाश खनालले बताए। आमा रत्नकलाको टाउकोमा गम्भीर चोट लागेको छ। उनको सुर्खेतस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ। मंगलसेन- ६ का स्थायी बासिन्दा गोरबहादुर भण्डारी केही समययता श्रीमती रत्ना र छोरी कवितासहित ससुराली गाउँ बारलाको चुरखोलीमा बस्दै आएका थिए। यो टोलमा छाउगोठ नहुँदा यसअघि पनि उनीहरू महिनावारी चरणमा सधैं यसैगरी त्रिपालमुनि रात कटाउने गरेका थिए। 'पहिलादेखि नै यसैगरी बस्ने रहेछन्,' डिएसपी खनालले भने, 'गोठ भएका गोठमा र नभएकाहरू त्रिपालमै बस्ने गरेको देखिन्छ।' जिल्लाका अन्य ठाउँ पुग्दा पनि सबैतिर यस्तै देखेको उनले बताए। पञ्चदेवल विनायक नगरपालिका- ८ बारलास्थित सेलापानी चुरखोली टोलमा छाउगोठ हटाइएको थियो। सरकारले छाउगोठ भत्काएपछि अहिले अस्थायी रूपमा त्रिपाल टाँगेर महिनावारी बार्ने गरिएको छ।

१० वर्षमा...

पृष्ठ १ बाट क्रमशः

'जिडिपीमै असर गर्न सक्ने सामर्थ्य राख्ने धान उत्पादन बढाउने र खेतीयोग्य क्षेत्रफल विस्तार गर्ने कुरामा सरकारले कहिल्यै चासो दिएन। नयाँ-नयाँ कारण देखाउँदै धान खेती हुने क्षेत्रफल घटिरहेको सरकारले तर्क गरिरहेको छ,' पौडेलले भने। यसपाली मधेशमा वर्षा नहुँदा रोपाइँ हुन नसकेको र धान खेती हुने क्षेत्रफल उल्लेख्य घटेको नयाँ कारण नभएको उनको भनाइ छ। 'असारको रोपाइँ अकासेपानीमै निर्भर छ। त्यसैले वर्षा नभए रोपाइँ हुन्न भन्ने सबैलाई थाहा छ,' उनले भने, 'तर, कसैले पनि सिँचाइ पूर्वाधार पुऱ्याउन ध्यान दिएनन्।' मधेशमा खडेरीका कारण रोपाइँ हुन नसकेर क्षेत्रफल घटेको तर्क गर्नु सरकारी असक्षमताको ढाकछोप मात्रै हुने पौडेलले बताए।

मन्त्रालयको तथ्यांकअनुसार यस वर्ष ७० हजार हेक्टर कम क्षेत्रफलमा रोपाइँ भएको छ। गत आवमा १३ लाख ७८ हजार ६११ हेक्टरमा रोपाइँ भएको थियो। गत आवमा १३ लाख ९८ हजार ९८५ हेक्टरमा रोपाइँ हुने कृषि विभागको प्रारम्भिक तथ्यांक थियो, तर अन्त्यसम्ममा रोपाइँ हुँदा २० हजार हेक्टर कम भयो।

अझ आव ०८०/८१ को तुलनामा गत आवमा ६० हजार हेक्टरभन्दा कम क्षेत्रफलमा रोपाइँ भएको थियो। किनभने आव ०८०/८१ मा देशभर १४ लाख ३८ हजार ९८९ हेक्टरमा रोपाइँ भएको थियो। मन्त्रालयको तीन वर्षयताको तथ्यांक मात्रै केलाउने हो भने क्रमशः ६० हजार, २० हजार र ७० हजार हेक्टर धान रोपाइँ हुने क्षेत्रफल घटेको छ। रोपाइँ हुने क्षेत्रफल निरन्तर घटे पनि सरकारले सिँचाइ पूर्वाधार विकासमा भने ठोस सुधार गर्न सकेको छैन।

कृषि विभागका महानिर्देशक प्रकाश सञ्जेलले सरकारको क्षमताअनुसार सिँचाइ पूर्वाधार सुधारमा काम भइरहेको, तर जनसंख्या वृद्धि र बसाइँसराइका कारण खेतीयोग्य जमिन घडेरी बन्न थालेकाले चुनौती थपिएको बताए। 'तराईका फाँटहरूमा अहिले बस्ती विकास हुन थालेका छन्। मुख्य चुनौती यही हो,' उनले भने।

०६८ मा कुल जनसंख्या दुई करोड ६४ लाख थियो भने ०७८ मा दुई करोड ९१ लाख पुगेको राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ। बढ्दो जनसंख्याका कारण खेतीयोग्य जमिनमा बस्ती बस्न थालेको सरकारी अधिकारीको तर्क छ।

■ क्षेत्रफल घटे पनि उत्पादकत्वमा भएको सुधारले कुल उत्पादनमा गिरावट नआएको दाबी

बर्सेनि धान रोपाइँ हुने जमिन घट्दै गए पनि उत्पादकत्व वृद्धि भएका कारण कुल उत्पादनमा खासै असर नपरेको कृषि विभागका महानिर्देशक प्रकाश सञ्जेलले बताए। गत वर्ष धानको उत्पादकत्व ४.१ टन प्रतिहेक्टर पुगेको थियो। 'उत्पादकत्व बढी हुने धानको बिउको प्रयोग बढिरहेका कारण कुल उत्पादनमा खासै असर परेको छैन,' उनले भने। गत वर्ष अधिल्लोको तुलनामा २० हजार हेक्टरमा कम रोपाइँ भए पनि उत्पादन सबैभन्दा बढी ५९ लाख ५५ हजार ४७६ टन धान उत्पादन भएको थियो।

'हाइब्रिड बिउको प्रयोग करिब २० प्रतिशतहाराहारी भइरहेको छ। उन्नत जातका बिउ पनि किसानले धेरै नै प्रयोग गर्छन्,' उनले भने, 'केही वर्षयता रोग, किराको प्रकोप पनि घटेको छ। उन्नत प्रविधि पनि भित्रिरहेको छ। यिनै कारणले उत्पादकत्वमा सुधार हुँदा समग्र उत्पादनमा असर पर्न पाएको छैन।'

कृषि मन्त्रालयका अनुसार १० वर्षयता एकाधबाहेक नियमित रूपले उत्पादन वृद्धि भइरहेको छ। आव ०७३/७४ मा ५२ लाख ३० हजार टन धान उत्पादन भएको थियो। आव ०७४/७५ मा ५१ लाख ५१ हजार, ०७५/७६ मा ५६ लाख १० हजार, ०७६/७७ मा ५५ लाख ५० हजार, ०७७/७८ मा ५६ लाख २१ हजार, ०७८/७९ मा ५१ लाख ३० हजार, ०७९/८० मा ५४ लाख ८६ हजार र ०८०/८१ मा ५७ लाख २४ धान उत्पादन भएको मन्त्रालयको तथ्यांक छ।

कृषिविज्ञ कृष्ण पौडेलले भने उत्पादकत्वमा प्रचार गरेजस्तो सुधार नभएको बताए। 'समग्र उत्पादकत्वमा सुधार भएकै छैन, सरकारी निकायले उन्नत जातको बिउ परीक्षण गरेको सीमित ठाउँमा मात्रै सुधार भएको होला,' उनले भने, 'किनभने उन्नत बिउ सबै किसानलाई वितरण भएकै छैन। अर्कातिर, उत्पादकत्व ४.१ टन प्रतिहेक्टर हुने हो भने उत्पादनमा ठुलो छलाङ हुन्थ्यो र सामान्य वृद्धिदर मात्रै छ।' गत वर्ष ५९ लाख ५५ हजार टन उत्पादन अधिल्लो वर्षको तुलनामा ४.०४ बढी प्रतिशत मात्रै हो। जबकि उत्पादकत्व भने ३.९ टन प्रतिहेक्टरबाट ४.१ टन प्रतिहेक्टर पुगेको छ।

■ राष्ट्र बैंकको तथ्यांक भन्छ-
८० प्रतिशत बढ्यो धान-चामल आयात

राष्ट्र बैंकका अनुसार गत आव ०८१/८२ मा धान-चामल आयात अधिल्लो वर्षको तुलनामा ८०.२० प्रतिशतले बढेको छ। आव ०८१/८२ मा ३९ अर्ब ८१ करोडको धानचामल आयात भएको राष्ट्र बैंकको तथ्यांक छ। त्यसअघि आव ०८०/८१ मा २२ अर्ब नौ करोडको धान चामल आयात भएको थियो। न्यून उत्पादन भएका कारण माग धान्न ठूलो मात्रामा आयात गर्नुपर्न बाध्यता छ। खासगरी सहरी क्षेत्रमा मसिनो र बासनादार चामलको उच्च माग छ। तर, किसानले मध्यम र मोटा धान धेरै फलाउने गरेका कारण मसिनो र बासनादार चामल आयात गरेर माग धान्नुपर्ने अवस्था छ।

सरकारले पनि मोटा र मध्यम धानको न्यूनतम समर्थन मूल्य निर्धारण गरेर मसिनो र बासनादार धानको उत्पादन वृद्धिका कार्यक्रम लागू गर्न सकेको छैन। यस वर्षका लागि मध्यम धानको समर्थन मूल्य तीन हजार ६२८ रुपैयाँ ३३ पैसा र मोटा धानको समर्थन मूल्य तीन हजार ४६३ रुपैयाँ ८१ पैसा प्रतिक्विन्टल कायम भएको छ। यो मूल्य गत वर्षको तुलनामा क्रमशः ४७ रुपैयाँ ७१ पैसा र ५३ रुपैयाँ ३० पैसा बढी हो। सरकारले तोकेको मूल्यमा किसानले धान बेच्ने वातावरण नहुँदा मोटा र मध्यम धानको उत्पादनसमेत अपेक्षाकृत छैन।

■ तरकारी र मकै खेती हुने क्षेत्रफल र उत्पादन निरन्तर बढ्दो

आर्थिक सर्वेक्षणअनुसार तरकारी खेतीको क्षेत्रफल र उत्पादन दुवै विस्तार भएको छ। आव ०७९/८० मा तीन लाख दुई हजार हेक्टरमा तरकारी खेती हुने गरेकोमा आव ०८०/८१ मा तीन लाख १२ हजार र गत आव ०८१/८२ मा तीन लाख २४ हजार हेक्टरमा तरकारी खेती बिस्तार भएको सर्वेक्षणमा उल्लेख छ। ०७९/८० को तुलनामा ०८०/८१ मा २.२३ प्रतिशत र ०८०/८१ को तुलनामा ०८१/८२ मा ३.९८ प्रतिशत तरकारी खेतीको क्षेत्रफल बढेको हो। उत्पादन पनि ०८०/८१ मा १८.०४ प्रतिशत र ०८१/८२ मा १८.५९ प्रतिशत बढेको छ। कृषि मन्त्रालयको तथ्यांकअनुसार आव ०७९/८० मा ४३ लाख ७६ हजार टन तरकारी उत्पादन भएको थियो भने आव ०८०/८१ मा ४४ लाख ४० हजार टन उत्पादन भएको थियो। गत आव ०८१/८२ पनि उत्पादनमा सुधार भएर करिब ५० लाख टनहाराहारी पुगेको मन्त्रालयले जनाएको छ।

मकै उत्पादनमा पनि निरन्तर सुधार भइरहेको मन्त्रालयको तथ्यांकमा उल्लेख छ। वार्षिक साढे नौ लाख हेक्टरमा मकै खेती हुने गरेको छ। आव ०७९/८० मा ३१ लाख ९३ हजार टन मकै उत्पादन भएको थियो। त्यसअघि आव ०७८/७९ मा २९ लाख ७६ हजार टन मकै उत्पादन भएको थियो।

भ्रमणबारे सदनलाई...

पृष्ठ १ बाट क्रमशः

असन्तुष्टि राखेका हुन्। सरकारले दुई छिमेकीसँग गरेको कूटनीतिक विरोध र वार्ताको विषयमा समेत जानकारी गराउन विपक्षी दलका सांसदहरूले माग गर्दै आएका छन्।

एकीकृत समाजवादीका राजेन्द्र पाण्डेले लिपुलेक सम्झौताबारे प्रधानमन्त्रीले सदनमा नबोलेको गुनासो गरे। 'प्रधानमन्त्रीले भर्खरै चीन जाँदै छु भनेर बताउनुभयो। त्यहाँ चिनियाँ राष्ट्रपति र भारतका प्रधानमन्त्रीसँग भेट्न सक्नुहुन्छ। यो नेपालको मामिला र एउटा गम्भीरतापूर्वक लिनुपर्ने कुरामा प्रधानमन्त्रीज्यूको शब्दमा त आएन,' उनले भने, 'खालि राष्ट्रिय स्वाभिमानका साथ काम गरेर आउँछु भन्ने खालको कुरा राख्नुभयो।'

सदनभित्र आफ्नो सम्बोधनका क्रममा सीमा विवाद संवादबारे एक शब्द नबोलेका प्रधानमन्त्री ओलीले संसद्बाट बाहिरिने क्रममा उच्चस्तरीय भ्रमणमा लिपुलेकको कुरा उठ्ला नि भनेर सञ्चारकर्मीले सोधेको प्रश्नमा 'उठ्छ। अवश्य उठ्छ,' भनेर दुई शब्द बोलेका थिए।

यसअघि ५ भदौको बैठकमा प्रमुख प्रतिपक्षी माओवादी प्रमुख सचेतक हितराज पाण्डेले लिपुलेक पासबाट द्विपक्षीय व्यापार खोल्ने सहमतिविरुद्ध सरकारले दुई छिमेकीसँग गरेको कूटनीतिक विरोध र वार्ताको विषयमा जनताका प्रतिनिधिको सदनलाई जानकारी गराउन माग गरेका थिए। उनले सीमाको विषयमा राष्ट्रिय एकतालाई सबल पार्न पनि आह्वान गरेका थिए। तर, सरकारले सदनलाई औपचारिक जानकारी गराएको छैन। शुक्रबार पनि प्रधानमन्त्री ओलीले सीमामा छिमेकीबाट भएको ज्यादतीबारे जानकारी गराएनन्।

प्रमुख प्रतिपक्षी माओवादीसँगै विपक्षी रास्वपा, राप्रपा, एकीकृत समाजवादीले पनि नेपाली भूभागमा भएका पछिल्ला गतिविधिबारे सदनलाई जानकारी गराउन माग गरिरहेका छन्। साथै सीमाको विषयमा सदनको साझा धारणा बनाएर कूटनीतिक संवाद गर्न सुझाएका छन्। तर, प्रधानमन्त्री ओलीले विपक्षी दलहरूसँग संवाद गरेका छैनन्, साझा धारणा बनाउन आवश्यक ठानेका छैनन्।

शुक्रबारको बैठकमा रास्वपा सांसद गणेश पराजुलीले ऐतिहासिक तथ्य र प्रमाणहरूले लिम्पियाधुरा, लिपुलेक, कालापानी नेपालका अविभाज्य भूभाग भन्दै प्रधानमन्त्रीको आसन्न चीन भ्रमणभन्दा अगाडि सदनबाट राष्ट्रियताको सन्दर्भमा साझा अवधारणा बनाउन माग गरे।

'नेपालको भूभागमाथि अन्य राष्ट्रहरूले नेपालको प्रत्यक्ष सहभागिता र सहमतिविना गर्ने कुनै सम्झौता वा गतिविधि वैधानिक हुँदैन, हुन सक्दैन,' प्रतिनिधिसभाको आकस्मिक समयमा पराजुलीले भने, 'यस्तो कार्य आपसी सम्मान र शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्तमाथि ठाडो प्रहार मात्र होइन, नेपालको राष्ट्रिय स्वाभिमानमाथिको धक्का हो।'

हालै भारत र चीनबिच नेपाललाई सहभागी नगराई लिपुलेक मार्ग प्रयोग गर्न गरेको समझदारी अन्तर्राष्ट्रिय कानुनकै दृष्टिले अवैध रहेको रास्वपाको ठहर छ। 'तर, जनताले प्रश्न गरेका छन्– नेपाल सरकारले किन मौनता साधेको छ ? सरकार यस्तो संवेदनशील विषयमा किन टाल्टुल गर्दै छ ? अन्तर्राष्ट्रिय सीमा र राष्ट्रियताका मुद्दामा जनताले मौनता होइन, सरकारको स्पष्ट जवाफ मागेका छन्,' सांसद पराजुलीले भने। त्यसैले प्रधानमन्त्री चीन भ्रमणमा जानुभन्दा अघि सदनले सत्तापक्ष-प्रतिपक्षभन्दा माथि उठेर राष्ट्रिय सार्वभौमिकता र सीमा सुरक्षाको पक्षमा सर्वसम्मत साझा अवधारणा बनाउन माग सांसद पराजुलीले माग गरे। प्रधानमन्त्रीले छिमेकी दुवै मुलुकका राष्ट्राध्यक्षसँग केवल शिष्टाचार होइन दृढ, परिणाममुखी र शान्तिपूर्ण तर कूटनीतिक प्रभावकारी संवाद गर्नैपर्ने उनको भनाइ थियो।

राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले लिपुलेकका सम्बन्धमा भारत-चीनसँग प्रधानमन्त्रीस्तरीय वार्ता गर्न माग गरे। चीनभन्दा अगाडि सदस्य भएको नेपालले आजसम्म संयुक्त राष्ट्र संघमा यो विषय किन नउठाएको भनेर उनले प्रश्न गरे। 'राष्ट्र संघमा लिपुलेकको विषय उठाओस्,' उनले भने।

एकीकृत समाजवादीका उपाध्यक्ष पाण्डेले उच्च कूटनीतिक क्षमता प्रदर्शन गरी नेपाली भूमिमाथि भइरहेको विदेशी हस्तक्षेपबाट देशलाई मुक्त गर्नका लागि अनुरोध गरे। 'दुई ठुला दलको सरकारले राष्ट्रियताको यस महत्त्वपूर्ण मुद्दालाई संसद्मा रहेका सबै दललाई साथमा लिएर सार्वभौमिकताको सवालमा कूटनीतिक प्रयासद्वारा अतिक्रमिक भूमि फिर्ता गराउनका लागि ध्यान दिन आग्रह गर्दछु,' उनले भने। नेमकिपाका प्रेम सुवालले राष्ट्र संघ सदस्य राष्ट्रलाई चुच्चे नक्साबारे जानकारी गराउन माग गरे।

एमालेका प्रभु हजाराले चीन भ्रमणमा दुवै राष्ट्रप्रमुखसँग लिपुलेकबारे निर्धक्कका साथ उठाउन र समाधान गर्न सुझाव दिए। एमालेकै पदम गिरीले भ्रमणलाई राष्ट्रको गौरव बढाउने गरी फलदायी बनाउन सुझाव दिए। नेपालको भूमिमा चीन र भारतबिच भएको सम्झौता सत्य नभएको भन्दै चीन भ्रमणका क्रममा प्रधानमन्त्रीले राष्ट्रको पक्षमा दृढतापूर्वक संवाद गर्ने विश्वास लिए।

कांग्रेस सांसद राजेन्द्र बजगाईंले लिपुलेक, लिम्पियाधुरा सन्दर्भमा भारतीय प्रधानमन्त्रीलाई समेत राखेर चिनियाँ राष्ट्रपतिसँग संवाद गर्न माग गरे। माओवादीका लेखनाथ दाहालले भारत र चीनबिच भएको सम्झौता एकतर्फी खारेज गरी भ्रमण गर्न सुझाए। जसपाकी रञ्जु झाले व्यापारिक सम्झौताबारे वार्ता र कूटनीतिक समाधान गर्न सुझाव दिइन्।

प्रधानमन्त्री ओलीले आफू चिनियाँ राष्ट्रपति सी जिनपिङको निमन्त्रणामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै १४-१८ भदौसम्म चीनको पाँचदिने भ्रमणमा जान लागेको सदनलाई जानकारी गराएका छन्। ओलीका अनुसार भ्रमण दलमा धर्मपत्नी राधिका शाक्य, कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, शिक्षामन्त्री रघुजी पन्त, पर्यटनमन्त्री बद्री पाण्डे, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडा, एमाले सचिव छविलाल विश्वकर्मा, परराष्ट्र मन्त्रालयका सचिव र अन्य उच्चपदस्थ कर्मचारीहरू सहभागी हुनेछन्।

भ्रमणको मूल उद्देश्य चीनको सियान्जिन सहरमा आयोजना हुने सांघाई सहयोग संगठन (एससिओ)को शिखर सम्मेलनमा भाग लिनु रहेको ओलीले बताए। नेपाल सन् २०१६ देखि एससिओको संवाद साझेदार रहँदै आएको उल्लेख गर्दै ओलीले समसामयिक क्षेत्रीय र अन्तर्राष्ट्रिय मामिलामा नेपालको दृष्टिकोण र प्राथमिकता स्पष्ट रूपमा उजागर गर्न प्रयास गर्ने बताए।

भ्रमणका क्रममा चिनियाँ राष्ट्रपति सीसँग दुईपक्षीय भेट हुने उनले जानकारी गराए। उपराष्ट्रपति हान चङसँग पनि भेट हुने उनले बताए। १६ भदौमा सियान्जिनमा हुने एससिओ प्लस शिखर सम्मेलनमा सहभागिता जनाउँदै आफूले सम्बोधन गर्ने उनले सुनाए। एससिओ शिखर सम्मेलनका क्रममा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, माल्दिभ्सका राष्ट्रपति डा. मोहमद मिज्जु, कम्बोडियाका प्रधानमन्त्री डा. सोमदेक मोहा बोरभोर तिपाहदे हुन महानेट, लाओसका प्रधानमन्त्री सोनेसाइ सिपानडोन, भियतनामका प्रधानमन्त्री फाम मिन चिङसँग छुट्टाछुट्टै भेटवार्ता तय भएको उनले जानकारी दिए। मित्रराष्ट्रका प्रमुखसँगको द्विपक्षीय भेटवार्तामा नेपाल र ती मुलुकबिचका द्विपक्षीय एवं अन्य प्राथमिकताका विषयमा छलफल हुने उनको भनाइ छ।

प्रधानमन्त्री ओलीले जापानविरुद्ध चिनियाँ विजयोत्सवमा सहभागी हुने जानकारी पनि सदनलाई गराए। यो उत्सवमा सहभागी हुँदा नेपालको असंलग्न परराष्ट्र नीतिविपरीत हुने भनेर प्रश्न उठिरहेका वेला ओलीले सदनमा भने, 'विश्वका नेताहरूसँगै हाम्रो प्रतिनिधिमण्डल पनि चीन सरकारद्वारा बेइजिङमा आयोजना हुने फासीवादविरुद्धको विश्वयुद्ध र जापानी अतिक्रमणविरुद्धको चिनियाँ जनताको प्रतिरोधी युद्धमाथिको विजयको ८०औं वार्षिकोत्सव समारोहमा सहभागी हुनेछ।'

शुभ गणपति बचत तथा ऋण सहकारी संस्था लि.
थाय्मद्, बांगेमुढा, काठ्माडौं

१७औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

मिति २०८२ श्रावण २८ गते बुधवारका दिन बसेको संचालक समितिको बैठकमा निर्णय भए अनुसार यस संस्थाको १७औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले यसको सूचना सम्पूर्ण शेयर सदस्यहरुलाई पठाइसकेको छ। यदि कुनै कारण सूचना नपुगेको भए यसैलाइ सूचना मानी १७औं वार्षिक साधारण सभामा उपस्थित हुन अनुरोध गरिन्छ।

कार्यक्रम

मिति : २०८२ आश्विन ४ गते शनिवार
समय : दिनको ४ बजे
स्थान : नेपाः बैंक्वेट, खुसिबुँ लिंक रोड, काठ्माडौं

२०८२ आश्विन ४ गते शनिवार हुने १७औं वार्षिक साधारण सभाको छलफलका विषयहरु :

१) संचालक समितीको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने।
२) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने।
३) आर्थिक वर्ष २०८१/२०८२ को लेखापरिक्षण प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाव तथा आगामी आ.व. २०८२/२०८३ को कार्यक्रम र अनुमानित बजेट बारे छलफल र पारित गर्ने।
४) कर्मचारी बोनश बितरण गर्ने बारे प्रस्ताव पारित गर्ने।
५) नगद लाभांश बितरण गर्ने बारे प्रस्ताव पारित गर्ने।
६) आथिक वर्ष २०८२/२०८३ को लागि लेखापरिक्षक नियुक्ती र निजको पारिश्रमिक तोक्ने।
७) साधार

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ.नयाँ
शनिबार १४ भदौ ०८२
nayapatrikaofficial @naya_patrika

रिडिङ रुम
सहरमा नयाँ अध्ययन गन्तव्य



पठन



● शान्ति तामाङ

उपत्यकाका तीन सहरमा करिब दुई दर्जनभन्दा बढी रिडिङ रुम सञ्चालनमा छन् । ती रिडिङ रुममा पुग्दा सबैजना शान्त भई पढिरहेका र लेखिरहेका हुन्छन् । एउटा कुनामा लोकसेवाको तयारी गर्ने विद्यार्थी पढिरहेका हुन्छन् । अर्को कुनामा थेसिस लेखिरहेका विद्यार्थी हुन्छन् । गहिरो अनुसन्धानमूलक शोधग्रन्थ तयार गर्नेहरूदेखि डाक्टर पढ्नेसम्म त्यहाँ भेटिन्छन् । उनीहरूले पुस्तकालय र आफ्नो कोठा छाडेर किन रिडिङ रुम रोजिरहेका छन् ? यसबारे विज्ञ भन्छन्- सहरमा देखिएको यो नयाँ संस्कृतिले त्यति राम्रो गर्दैन । पुस्तकालयलाई नै राम्रो बनाउनुपर्छ । तर, पढ्नेहरू र रिडिङ रुम सञ्चालन गर्नेहरू भन्दै छन्, अन्त पढ्ने वातावरण नै छैन । यहाँ पढेर धेरै राम्रो भइरहेको छ ।

सुरुमा लागौं, रिडिङ रुम र लाइब्रेरीको इतिहासतर्फ । रिडिङ रुमको इतिहास पुस्तकालयसँग जोडिएको छ । संसारमा पहिलो व्यवस्थित पुस्तकालय इसापूर्व तेस्रो शताब्दीमा बनेको प्राचीन मिश्रको 'अलेक्जान्द्रिया पुस्तकालय'लाई मानिन्छ । अलेक्जन्डर द ग्रेटको नामबाट बनेको यो पुस्तकालयमा छुट्टै रिडिङ रुम थिए, जहाँ पहुँचवाला विद्वान् र शासक वर्गका मानिस मात्रै जान पाउँथे । १७औं शताब्दीमा कफी हाउसहरू खुलेपछि पुस्तक पनि राख्न थालियो । त्यहीं मानिसले पत्रिका र केही पुस्तक पढे । ब्रिटिस म्युजियम, न्युयोर्क पब्लिक लाइब्रेरीले रिडिङ रुम उपलब्ध गराए । पुस्तकालयसँगै रिडिङ रुम जोडिएर आयो । तर, सहरीकरण र अध्ययन क्षेत्रमा व्यापकता आएसँगै पुस्तकालयबाट रिडिङ रुम क्रमशः अलग हुँदै गयो । प्रविधिका कारण पुस्तक र पाठकबिच दूरी बढेकै थियो, सँगै पुस्तकालय र रिडिङ रुमबिच पनि दूरी देखा पऱ्यो । अचेल सहरका पुस्तकालयमा मानिस पढिरहेका कम देखिन्छन् । यसको मतलब पढ्नेहरू कम भए भन्ने होइन । सहरमा पढ्नेहरू अचेल पुस्तकालय होइन, रिडिङ रुम धाउन थालेका छन् । रिडिङ रुममा ध्यानमग्न भइ पढ्नेहरू भन्छन्, 'लाइब्रेरीमा अनेकथरीका बिदाले हैरान पार्छन् । न पढ्ने वातावरण राम्रो हुन्छ, न आफ्नो विषयसँग छलफल गर्ने मान्छे भेटिन्छ । रिडिङ रुममा हुक्क हुन्छ ।'

■ कस्ता छन् रिडिङ रुम ?

रिडिङ रुम भन्नेबित्तिकै हाम्रो दिमागमा सफा, चिटिक्कको ठुलो पढ्ने कोठाको झल्को आउँछ । कोठापछि कफी सप वा सार्वजनिक पुस्तकालयको झल्को पनि थपिन्छ । तर, अब यो धारणामा परिवर्तन आइरहेको छ । अहिले पढ्नकै लागि धेरैजना रिडिङ रुम धाउन थालेका छन् । त्यस्तैमध्येकी एक हुन्, सनम पोखरेल । उनी गत वैशाखदेखि काठमाडौंको एक रिडिङ रुम धाउन थालेकी छिन् । लोकसेवा तयारी गर्दै गरेकी उनले चार महिनामै आफूमा परिवर्तन पाउन थालेकी छिन् । एक छोराकी आमा उनी बिहान साढे नौ बजे छोरालाई लिएर घरबाट निस्किन्छिन् । छोरालाई स्कुल राखेर दिनभर पढ्छिन् । आफूसँग विषय मिल्ने साथीसँग छलफल पनि गर्छिन् । अनि साँझ पाँच बजे घरतर्फ जान्छिन् । चार महिनादेखि उनको दैनिकी यसरी नै चलिरहेको छ ।

घरमा पढ्ने वातावरण नभएपछि उनले रिडिङ रुमको खोजी गरेकी थिइन् । 'गत वर्षसम्म एउटा स्कुलमा पढाउँथें । यो वर्षदेखि लोकसेवा तयारी गर्नुपऱ्यो भनेर जागिर छाडें । तर, घरमा पढ्ने वातावरण नै भएन । ध्यान केन्द्रित गरेर पढ्नै सकिनँ,' पोखरेलले भनिन्, 'इन्टरनेटमा खोज्दै जाँदा रिडिङ रुमबारे भेटें । घरपायक भएको रिडिङ रुम रोजेर पढ्दै छु ।' उनले रिडिङ रुममा मासिक तीन हजार रुपैयाँ बुझाउनुपर्छ । पैसा तिरे पनि यहाँबाट आफूले धेरै फाइदा लिन पाएको उनले बताइन् । 'पैसा तिरे पनि केही एचिभ भइरहेको छ । शान्त वातावरणमा आनन्दले पढ्न पाएको छु । त्यसैले मैले आफ्ना साथीलाई समेत यस्तै रिडिङ रुममा पढ्नका लागि सुझाएको छु,' उनले भनिन् ।

उनीजस्तै चार्टर्ड अकाउन्ट अन्तिम वर्ष पढ्दै गरेका अर्का विद्यार्थी पनि रिडिङ रुम आउन थालेका छन् । धुम्बाराहीमै घर भएका उनका लागि घरका कोठाभन्दा रिडिङ रुम पढ्नका लागि उपयुक्त गन्तव्य भएको छ । 'घरमा पनि पढ्न मिल्छ । तर, यहाँ मजस्तै अरू साथी पनि छन् । यहाँ आएपछि मैले एउटा विषय पढेको हुन्छु । अर्कोले एउटा पढेको हुन्छ । छलफल हुन्छ । थप कुरा सिक्नका लागि सजिलो हुन्छ,' उनले भने, 'घरमा मान्छे आउँछन् । स्पेस भए पनि पढाइमा ध्यान दिन सकिन्न । यहाँ ध्यान दिएर पढिन्छ ।' उनी एक वर्षदेखि निरन्तर रिडिङ रुम आइरहेका छन् ।

अस्मिता गौतमले स्नातक पढ्दाताका नै रिडिङ रुमको प्रयोग गर्न थालेकी हुन् । त्यहाँ पढ्दै गर्दा उनले आफ्नो पढाइमा सकारात्मक प्रभाव पर्न थालेपछि निरन्तर रिडिङ रुम जान थालेकी हुन् । हाल मास्टर्स अफ बिजनेस एडमिस्ट्रेसन एमबिए सकाएर बैंकिङको तयारी गरिरहेकी उनी एक वर्षदेखि रिडिङ रुम आउन थालेकी हुन् । उनका अनुसार रिडिङ रुमले पढ्ने बानीमा सुधार त भएकै छ, त्योभन्दा धेरै आफ्नो लक्ष्यमा पुग्न सहयोगी हुँदै छ । 'ध्यान दिएर पढ्न सकिन्छ । पढ्का लागि सहज हुने खालको वातावरण छ । त्यसैले यहाँ पढ्न आएको हुँ,' उनी भन्छिन्, 'सार्वजनिक पुस्तकालयमा अनेकथरी बिदाले हैरान पार्छ । न पढ्ने वातावरण राम्रो हुन्छ, न आफ्नो विषयसँग छलफल गर्ने मान्छे नै भेटिन्छ । रिडिङ रुममा धेरै सुविधा हुन्छ ।' उनले सुझाएपछि केही साथी पनि रिडिङ रुम जान थालेका छन् ।

प्लस टु विज्ञान पढ्ने सागर साह पनि भर्खरै रिडिङ रुम जान थालेका हुन् । साथीसँग भाडाको घरमा बस्दै आएका उनका लागि कोठामा पढ्ने वातावरण नभएपछि रिडिङ रुम उपयुक्त ठाउँ भएको छ । रिडिङ रुम प्रयोग गर्दै आएका आफन्तले यस्तो ठाउँबारे सुझाएपछि उनी यहाँ आउन थालेका हुन् । 'घरमा पढ्ने वातावरण नै भएन । पढ्नका लागि निकै अप्ठ्यारो हुन थाल्यो,' उनले भने, 'आफ्नो समस्याबारे एकजना दाइलाई भनेको थिएँ । त्यसपछि उहाँले रिडिङ रुमबारे बताउनुभयो । त्यसपछि यहाँ आउन थालेको हुँ ।'

■ यसरी सुरु भयो रिडिङ रुम

बानेश्वर थापागाउँबाट पूर्वतिर केही कदम अघि बढ्दा गेटमै लेखिएको देखिन्छ, बगिशा रिडिङ रुम । हेर्दा चिटिक्कको यो घरमा रिडिङ रुम सञ्चालनमा आएको पाँच वर्ष भइसक्यो । घरको भुइँतलामा रहेका चार कोठामा रिडिङ रुम चलेको छ । तीन कोठामा सात-सात गरेर २१ जना बसेर पढ्न सकिन्छ, अर्कोमा ११ जना । यो चार कोठालाई रिडिङ रुममा रूपान्तरण गरेका हुन्, रचन आचार्यले । आफ्नी दिदीले चिकित्साशास्त्र पढ्दै गर्दा भनेजस्तो रिडिङ रुम पाउन नसकेपछि रचन र उनका दाइ मिलेर रिडिङ रुम खोलेका थिए । 'कति रिडिङ रुमको ट्वाइलेट सफा थिएन । कतिको कोठा सहज थिएन । कति ठाउँमा बस्ने ठाउँ सहज भएन । त्यसपछि दिदीले यो बिजनेस राम्रो हुन सक्छ भनेर सुझाइन्,' आचार्यले भने, 'दिदीले सुझाव दिएपछि हामीले केही रिडिङ रुम हेर्‍यौं, बुझ्यौं । ती ठाउँमा भएका समस्या समाधान गरेर हामीले काम सुरु गर्‍यौं ।'

३२ जनाको सिट क्षमता भएको उनको रिडिङ रुम अहिले भरिभराउ छ । जो पढ्न आउँछन्, उनीहरूमार्फत नै आएका साथीले रिडिङ रुम भरिएको हो । विशेषगरी डाक्टर, सिए, लोकसेवा तयारी गर्ने विद्यार्थी रिडिङ रुममा आउने गरेका छन् । प्लस टु परीक्षा तयारी, स्नातक परीक्षा तयारी र थेसिस तयारीका लागि समेत यहाँ आउने गरेका छन् । यो ठाउँ परीक्षाको तयारी गर्नेका लागि राम्रो ठाउँ हुन पुगेको छ । पढेपछि छलफलका लागि समेत ठाउँ उपलब्ध हुँदै आएको छ । दिनको १८० रुपैयाँ तिर्नुपर्ने यहाँ मासिक तीन हजार तिर्नुपर्छ । चिसो-तातो पानी, सहज तरिकासँग बस्नका लागि कुर्सी, शान्त वातावरण यहाँ पाइन्छ । धेरै ठाउँमा खानेकुराको व्यवस्था भए पनि यहाँ भने खानेकुरा बाहिरै गएर खानुपर्ने हुन्छ ।

पाँच वर्षदेखि यहाँ उनीहरूले व्यवसायको रूपमा रिडिङ रुम चलाउँदै आएका छन् । उनका अनुसार यहाँबाट राम्रो आम्दानीसमेत हुने गरेको छ । परीक्षा हुने वेला रिडिङ रुम भरिभराउ हुन्छ । दिनको १६ घण्टा बसेर पढ्न सकिने रिडिङ रुम कुनै पनि दिन बन्द हुँदैन । 'यहाँ आउने धेरैजसो घरमा पढ्ने वातावरण नभएरै आउँछन् । भाडामा बस्ने, होस्टल बस्ने धेरैजसो रिडिङ रुमको प्रयोगकर्ता हुनुहुन्छ । ती ठाउँमा राम्रो रिडिङ स्पेस नभएरै आउनुहुन्छ । पुस्तकालय जाँदा आफ्नो फिल्डको कोही हुँदैन । तर, यहाँ आफ्नो फिल्डका मान्छे हुन्छन् । छलफल गरेर पढ्न सकिन्छ, त्यसैले आउनुहुन्छ,' आचार्यले भने ।

धुम्बाराहीस्थित काठमाडौं रिडिङ रुम सञ्चालनमा आएको तीन वर्ष भयो । तीन वर्षदेखि यो रिडिङ रुम गोविन्द अवस्थीले चलाइरहेका छन् । आफ्नो छोरा क्याम्पस पढ्दै गर्दा रिडिङ रुम जाने गरेका थिए । त्यही देखेर गोविन्दले रिडिङ रुम सुरु गरे । यस्तो रिडिङ रुमले युवापुस्तामा पढ्ने बानी बसालेको उनलाई लागेको छ । 'अहिले पढ्ने कल्चर कम हुँदै गएको छ । धेरैजसो सामाजिक सञ्जालमा झुम्मिएर अल्झी भएका छन् । बिहान पनि अवेलासम्म सुत्ने बानी भएको छ । यस्तोमा रिडिङ रुमले राम्रै काम गरेजस्तो लागेको छ,' अवस्थीले भने । यहाँ पनि धेरैजसो चिकित्साशास्त्र पढ्ने विद्यार्थी, लोकसेवा तयारी गर्नेहरू र कुनै विषयवस्तुको तयारी गर्ने विज्ञ पनि जान्छन् ।

साढे दुई तले घरको दोस्रो तलामा रहेको यो रिडिङ रुममा जुनसुकै वेला गएर पढ्न सकिन्छ । बिहान साढे पाँचदेखि खुल्ने रिडिङ रुम बेलुका १० बजेसम्म खुला रहन्छ । पाठकले आफ्नो अनुकूलता अनुसार घण्टाको ५० रुपैयाँ तिरेर पढ्न सक्छन् । दिनको दुई सय, हप्ताको एक हजार वा महिनाको तीन हजार तिरेर पनि पढ्न सक्छन् । ४० जनाको क्षमता भएको यहाँ २० जनाजति विद्यार्थी पढ्ने गर्छन् ।

■ व्यवसाय कि सेवा क्षेत्र ?

रिडिङ रुममा केही नियमसमेत छन् । धूम्रपान, मद्यपान गर्न पाउँदैन । अरूलाई असहज हुने गरी होहल्ला गर्न पाउँदैन । फोनमा कुरा गर्न पनि निश्चित ठाउँको व्यवस्था छ । बिहान ६ देखि बेलुका ११ बजेसम्म खुला रहने रिडिङ रुम नाफामूलकभन्दा पनि सेवामूलक भएको उनले बताए । 'यहाँ पढ्ने विद्यार्थीका लागि राम्रो वातावरण सिर्जना हुन्छ । प्रत्येकको घर, डेरामा पढ्नका लागि वातावरण नहुन सक्छ । घर हुनेका लागि पनि पारिवारिक कुराकानी, भेटघाटले गर्दा डिस्टर्ब हुन सक्छ । त्यसैले यो उपयुक्त ठाउँ हो,' अवस्थीले भने । 'हामीले घरकोजस्तै खाजानास्ताको व्यवस्था गरेका छौं । पैसा तिरेर पढिरहेकाले खाजा खानकै लागि बाहिर गएर समय खेर नफालून् भनेर यहीं क्यान्टिनको व्यवस्था गरेका हौं,' उनले भने ।

नवीन उप्रेतीले सुरु गरेको 'इन्साइट रिडिङ रुम'मा 'पहिला सिए र मेडिकल पढ्ने धेरै आउँथे । अहिले लोकसेवा तयारी गर्नेहरू धेरै आउँछन् । 'यहाँ अध्ययन, अनुसन्धान गर्नेदेखि सबैखाले मान्छे आउँछन्, उप्रेतीले भने, 'अहिले घरमा बसेर पढ्ने वातावरण अलि हुन्न । भाडामा दुई-तीनजना साथीसँग बसेको हुन्छ । त्यसैले पढ्नेहरू रिडिङ रुममा आउँछन् ।'

६५ जना क्षमताको यहाँ ५० जनाले प्रयोग गरिरहेका छन् । उनी रिडिङ रुमलाई सार्वजनिक पुस्तकालयको विकल्प भएको बताउँछन् । 'रिडिङ रुम त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, सार्वजनिक पुस्तकालयको विकल्प हो,' उनले भने ।

मैतीदेवीमा 'आशा द स्टडी रुम' सञ्चालन गर्दै आएकी पुनम राई पनि पछिल्लो समय रिडिङ रुम राम्रो व्यवसाय हुँदै गएको बताउँछिन् । उनका अनुसार आशा स्टडी रुममा पढेर धेरैजना डाक्टर, सिए भएका छन् । यहाँ पढेर छलफल गर्नका लागि छुट्टै कोठाको व्यवस्थासमेत रहेको उनले बताइन् ।

पुस्तकालय प्रायः सरकारीतर्फबाट अथवा सामुदायिक तरिकाले चलेका छन् । तर, रिडिङ रुम निजी व्यक्तिले चलाइरहेका छन् । जहाँ लोकसेवा आयोग पास गर्न चाहनेदेखि गम्भीर अध्ययन अनुसन्धान गर्नेहरू पुग्छन् । घण्टादेखि दैनिक हुँदै वार्षिक शुल्क तिरेर पढ्छन् । रिडिङ रुम व्यवसायसमेत बनेको छ । रिडिङ रुम प्रयोगकर्ता धेरैजनाले नेपालमा सार्वजनिक पुस्तकालय बलियो नहुँदा रिडिङ रुम फैलिएको बताउँछन् । 'त्यहाँ टाइम टु टाइम हुन्छ । अफिस टाइम फोकस हुन्छ । यहाँचाहिँ जब गर्ने मानिसको लागि पनि सजिलो छ । बिहान ५ देखि बेलुका १० बजेसम्म खुल्छ । केही काम गरेर पढ्दा पनि सजिलो भयो,' गौतमले भनिन् ।

■ रिडिङ रुम : ठिक कि बेठिक ?

काठमाडौंका कोर एरियामा मात्र होइन, ललितपुर, भक्तपुरजस्ता सहरमा पनि रिडिङ रुम खुल्न थालेका छन् । उपत्यकाबाहिरका चितवन, पोखराजस्ता सहरबाट पनि रिडिङ रुम खोल्नका लागि माग भइरहेको छ । यसरी विस्तार भइरहेको रिडिङ रुमलाई रिडिङ स्पटभन्दा उपयुक्त हुने समाजशास्त्री राम गुरुङ बताउँछन् । उनका अनुसार रिडिङ रुमले वर्गीय खाडल बनाउँछ । 'पैसा तिरेर पढ्नुपर्ने रिडिङ रुम खोल्दा अघोषित रूपमा पैसा हुनेले मात्रै पढ्ने भन्ने संस्कृतिलाई बढावा दिन्छ, 'उनी भन्छन्, 'त्यो मूल्यले साँच्चै ज्ञान प्राप्तिका लागि डुबेर लागेको मान्छेलाई छेक्छ । यसले पढ्ने अवसरबाट मात्र वञ्चित गर्दैन, भविष्यमा आइपर्ने नयाँ आम्दानीका स्रोत, रोजगारीका क्षेत्र, सामाजिक पुँजी निर्माणका लागि चाहिने दक्षता सबैबाट वञ्चित गर्दै लान्छ ।' उनका अनुसार रिडिङ रुम उदाउँदो मध्यमवर्गीय युवालाई लक्षित गरेर खोलिएको भए पनि यहाँबाट ज्ञान आर्जन गर्न सकिँदैन । 'रिडिङ रुम ज्ञान उत्पादन, हस्तान्तरण, मन्थनसँग जोडिएको क्षेत्र होइन । यस्ता रिडिङ रुमको विस्तारले समाजमा वर्गीय खाडल मात्र निम्त्याउँछ,' उनी भन्छन् ।

०७२ सालको भूकम्पले राष्ट्रिय पुस्तकालयमा क्षति पुग्यो । त्यसपछि पुस्तकालय कहाँ बनाउने भनेरै लामो रस्साकस्सी भयो । अझै पनि पुस्तकालय बनाउने सुरसारै छैन । भूकम्पको अर्को वर्ष पुस्तकालयविज्ञ इन्दिरा दलीसहितको समितिले राष्ट्रिय पुस्तक नीति बनाएर सरकारलाई हस्तान्तरण गऱ्यो । त्यसपछि दलीले यो नीतिबारे पटक-पटक जानकारी लिइरहिनन् । तर, अहिलेसम्म उक्त नीति अलपत्र अवस्थामा छ ।

'पैसा कमाउने उद्देश्यले भए पनि रिडिङ रुम जसले सञ्चालन गरिरहेका छन्, उनीहरूलाई गाली गर्न मिल्दैन । यो सरकारको कमजोरी हो । जबसम्म सरकारले सार्वजनिक पुस्तकालयको प्रणाली बनाउँदैन, तबसम्म यस्ता रिडिङ रुमको व्यापार फैलिँदै जानेछन्,' उनले भनिन्, 'विदेशका सार्वजनिक पुस्तकालय २४सै घण्टा खुला हुन्छ । सबैको पहुँचमा हुन्छ । तर, नेपालमा त्यस्तो कुनै व्यवस्था छैन ।' नेपालमा हाल त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय भृकुटीमण्डप, केन्द्रीय कानुन पुस्तकालय, केशर पुस्तकालय, डिल्लीरमण पुस्तकालयजस्ता औंलामा गन्न सकिने पुस्तकालय मात्र छन् । केन्द्रीय पुस्तकालयबाहेक अरू पुस्तकालय निश्चित समयका लागि मात्र खुल्छ । उनी नौ वर्षअघि आफूहरूले बनाएको पुस्तकालय नीति कार्यान्वयमा ल्याउँदा मात्र पनि यस्तो अवस्थामा कमी आउने बताउँछिन् । उनीलगायतले बनाएको पुस्तकालय नीतिमा केन्द्रीयस्तरमा राष्ट्रिय पुस्तकालय, सातै प्रदेशमा प्रदेश पुस्तकालय, ७७ वटै जिल्लामा जिल्लास्तरका पुस्तकालय, ७५३ वटै स्थानीय तहमा पनि एक-एक पुस्तकालय र ६ हजार ७४३ वटै वडामा पनि सार्वजनिक पुस्तकालय हुनुपर्ने उल्लेख छ । दली भन्छिन्, 'नागरिकलाई शिक्षा र पुस्तकालय सेवा निःशुल्क दिनुपर्ने सरकारको जुन दायित्व हो, त्यो काम भएमा व्यवसायको रूपमा विस्तार भइरहेको रिडिङ रुममा कमी आउँछ ।'

■ रिडिङ रुममा पढ्ने अस्मिता गौतम भन्छिन्- सार्वजनिक पुस्तकालयमा अनेकथरी बिदाले हैरान पार्छ । न पढ्ने वातावरण राम्रो हुन्छ, न आफ्नो विषयसँग छलफल गर्ने मान्छे नै भेटिन्छ । रिडिङ रुममा धेरै सुविधा हुन्छ ।

■ समाजशास्त्री राम गुरुङ भन्छन्- सहरमा पैसा तिरेर पढ्नुपर्ने रिडिङ रुमहरू खुल्दा अघोषित रूपमा पैसा हुनेले मात्रै पढ्ने भन्ने संस्कृतिलाई बढावा दिन्छ । बरु वडा तहसम्मै सार्वजनिक पुस्तकालय खोलौं ।

सहरीकरण र अध्ययन क्षेत्रमा व्यापकता आएसँगै पुस्तकालयबाट रिडिङ रुम क्रमशः अलग हुँदै गयो । प्रविधिका कारण पुस्तक र पाठकबिच दूरी बढेकै थियो, सँगै पुस्तकालय र रिडिङ रुमबिच पनि दूरी देखा पऱ्यो । अचेल सहरका पुस्तकालयमा मानिस कम देखिन्छन् । पढ्नेहरू पुस्तकालय होइन, रिडिङ रुम धाउन थालेका छन् ।

इम्बोस्डानन्द बाबाजी

व्यंग्य



● रवि मिश्र



कुनै गाउँमा सुखीराम नाम गरेका मान्छे थिए । थिनी बहुत सीधा प्राणी थिए । मान्छे सीधै हुन्छन् । बांगोटिंगो हुने त कि सरकार हो कि सरकारी सेवा हो । नामै सुखीराम भए तापनि उनको खुसीचाहिँ ठन्डाराम थियो । मात्राकै हिसाब गर्ने हो भने उसको जीवनमा सुखीको मात्रा चाउचाउको प्याकेटभित्रको फुच्चे प्याकेटमा हुने बदामजत्ति थियो । सोध्नुहोला- चाउचाउभित्र बदाम हुन्छ र ? मलाई थाहा छैन । न त चाउचाउको पुरियाको बदाम, न त उसको सुख । कहिले चाउचाउ भनेर पसलेले दालमोठ दिएर ठग्दा बदामको बियाँचाहिँ पाएको होला ।

सुखीरामलाई एउटा भाउँतो आइपऱ्यो । आफ्नो पुरानो मोटरसाइकलको ब्लुबुक नवीकरण गर्ने । किन्दा न त उसको मोटरसाइकल नयाँ थियो । न त ब्लुबुक नै । यो त रिन्यु, अर्थात् नवीकरण नभएर 'रिओल्ड्यु' अर्थात 'पुनर्पुरानीकरण' हुनुपर्ने । उसलाई यो नवीकरण भन्ने जिनिस नै हेराफेरीको 'गोलमाल है भाइसाब, गोलमाल'भैँ लाग्छ । फेरि किनेदेखि नै नवीकरण नगरेकाले कसरी गर्ने, उसलाई उति मेसो मिलिरहेको थिएन ।

गर्ने कसरी ? मेसो लिन ऊ छिमेकी चतुरमानकहाँ गयो ।

चतुरमानले भने, सुखीराम भाइ, यो काम त 'मेवादार सेवा होटेल'मा पो हुन्छ ।'

सुनेर सुखीराम चकितम् ।

सोध्यो - 'ब्लुबुक नवीकरण होटेलमा ?'

चतुरमानले भन्यो - 'तब होटेलमा ।'

सुखीराम झनै चकितम् ।

सोध्यो - 'कहिलेदेखि ?'

चतुरमानले भन्यो, जहिलेदेखि थरीथरीका प्लेट आए । कालाप्लेट, रताप्लेट, सेताप्लेट आए । यति नपुगेर इम्बोस्ड प्लेट ल्याए । कहिलेदेखि सेरामिक्स, चेरसको प्लेट ल्याउँछ । यतिका प्लेट कि त भाँडा पसलमा हुन्छन्, कि त होटेलमा हुन्छन् ।

यो सरकारी होटेल । तर, होटेलै भए तापनि खानेबस्ने सुविधा छैन । बरु प्रशस्तै द्विविधा छ । कहाँ जाने ? के गर्ने ? कसलाई भन्ने ? कसलाई भेट्ने ? यहाँ तपाईंलाई खुवाउने हुन्न । बरु तपाईंले चाहिँ खुवाउनुपर्ने हुन सक्छ । 'सेवा' दिने र लिने काम हुन्छ । मेवा दिएर सेवा उछिट्याउने, सेवा दिने बहानामा मेवा लुट्याउँने काम हुन्छ । तपाईंका लागि एउटै मेनु छ- 'हैरानी !'

सुखीराम मेवादार सेवा होटेलमा पुगे । होटेल ठुलो थियो । त्यो सानदार थियो कि खानदार ठम्याउन अलि गाह्रो थियो । भित्र छिर्नेबित्तिकै उनी फेरि चकित परे । यो फन्डा के को हो ? नवीकरणको कि चकितीकरणको ? पाइलैपिच्छे चकित मात्रै पारिरहेको छ ।

भित्रको दृश्य अनौठो थियो । कोही भुइँमा लडिरहेका थिए, कोही भित्तामा टाउको ठोकिरहेका थिए । कोही जोरजोरले हाँस्दै थिए । कोही रुँदै थिए । यो होटेल हो कि पागलखाना, छुट्याउन हम्मे थियो ।

उनी केही डराउँदै, केही सशंकित, केही चकित हुँदै, लाइन छिचोल्दै एउटा झ्याल पुगेर भने,'साहुजी, मेरो ब्लुबुक नवीकरण गर्नु थियो ।'

काउन्टरको मान्छेले उनलाई घुरेर हेर्दै भिँजो पाराले भन्यो- 'हाम्रो होटेलको 'विशेष इम्बोस्ड थाल' किन्नुभयो ?'

सुखीरामले भन्यो, 'थाल ? मलाई खाना खानु छैन, काम मात्र गराउनु छ । भात म घरै खान्छु । दुःख नगर्नुहोला !'

काउन्टरको मान्छे हाँस्यो,'हा हा हा ! यो होटेलको नियम नै यही हो । यहाँ कुनै पनि सेवा लिनुअघि हाम्रो विशेष, अत्यन्तै आकर्षक, सानदार र अनिवार्य 'इम्बोस्ड थाल' किन्नुपर्छ । मूल्य मात्र २५०० रुपैयाँ ।'

सुखीरामको सातो गयो । '२५०० को थाल ? यसको त चरेसकै थाल चारवटा आउँछ । सुनले, केले बनेको थाल हो यो ? के काम छ यो थालको ?'

'यो चरेसको होइन, हरेसको थाल हो । जो यहाँ आएर यसको लफडा सुन्छ, हरेस खाएर जान्छ ।' काउन्टरको मान्छेले उत्साहित हुँदै भन्यो, 'यो थालले हाम्रो होटेलको इज्जत बढाउँछ । जब बाहिरबाट विदेशी पाहुनाहरू आउँछन्, उनीहरूले देख्छन् कि यहाँका ग्राहकहरू कति महँगो थालमा खान्छन्... सरी, सेवा लिन्छन् ! यसले राष्ट्रिय गौरव बढाउँछ ।'

सुखीरामले सोध्यो - नकिन्दा के हुन्छ ?

काउन्टरेले भन्यो - 'सेवा हुन्न ।'

सुखीरामले भन्यो,'तर नलगाए जरिवाना त छैन भन्थे नि ?'

काउन्टरले मुसुक्क हाँस्दै भन्यो,'हो नि ! हामी जरिवाना ठटाउने काम गर्दैनौँ । हामी त सेवा नै दिँदैनौँ ।'

'कुरा एउटै त हो, होइन र ?'

'एउटै कुरा गर्न त अल्छी लाग्छ हामीलाई' काउन्टरेले खैनी पट्पट् हातले पड्काउँदै मुखमा बुजो हाल्दै भन्यो, 'दुइटा कुरा कसले गरोस् !'

सुखीरामले २५०० रुपैयाँ तिरेर त्यो नचाहिएको थाल किने । अनि खुसी हुँदै भने,'ल अब त मेरो काम गरिदिनुस् ।'

काउन्टरेले लामो आङ तान्दै हाइ गर्दै भन्यो, 'काम त हुन्थ्यो । तर, एउटा समस्या छ ।'

सुखीरामले सोध्यो,'कस्तो समस्या ?'

काउन्टरेले भन्यो,'हाम्रो होटेलको मुख्य भान्से 'सर्भर बहादुर' आज बिहानदेखि ध्यानमा बसेको छ ।'

सुखीराम फेरि चकित पऱ्यो, 'ध्यानमा ? कहिले उठ्छ त ऊ ?'

'त्यो त कसलाई के थाहा ? ऊ मुडी छ । कहिले हप्ताभरि सुत्छ, कहिले एकैछिनमा उठ्छ । उसलाई उठाउने एउटै तरिका छ ।'

'के हो त्यो तरिका ?' सुखीरामले उत्सुक हुँदै सोधे ।

त्यही वेला एउटा चंखे मान्छे उनको छेउमा आयो । र कानमा स्याउँस्याउँ गर्दै भन्यो,'भान्सेलाई 'विशेष प्रसाद' चढाउनुपर्छ । म पुजारी हुँ, मेरो साथमा आउनुस् । अलिकति 'दक्षिणा'चाहिँ लाग्छ । म तुरुन्तै प्रसाद चढाएर भान्सेलाई उठाइदिन्छु ।'

सुखीरामको दिमाग तात्यो । एकछिन कन्चटभित्र चिट्चिट् गऱ्यो र फन्न घुम्यो । उनले चिच्याएर सोधे,'यो कस्तो होटेल हो ? सेवा लिन आउँदा अनावश्यक थाल किन्नुपर्ने, भान्से ध्यानमा बसेको हुने, अनि उसलाई उठाउन पुजारीलाई दक्षिणा दिनुपर्ने ?'

त्यही वेला होटेलको म्यानेजर आइपुग्यो र सुखीरामको काँधमा हात राख्दै भन्यो,'हे भाइ, तपाईंले हाम्रो होटेलको मर्म नै बुझ्नुभएन ।'

'के मर्म छ तपाईंको होटलको ?' सुखीरामले झोक्किँदै सोधे ।

म्यानेजरले आश्रमका १०३ महाराज इम्बोस्डानन्द बाबाजी पारामा भन्यो,'हेर्नुस्, हाम्रो यो होटेल सेवा दिनका लागि खोलिएकै होइन । यो त नागरिकलाई 'जीवनदर्शन' सिकाउने एउटा गुरुकुल हो ।'

- लामो लाइनले तपाईंलाई 'धैर्य' सिकाउँछ ।

- यो झ्याल र त्यो झ्यालको दौडले तपाईंलाई व्यायाम हुन्छ । तपाईंको 'शारीरिक स्वास्थ्य' राम्रो बनाउँछ ।

- 'सर्भर बहादुर'को ध्यानले तपाईंलाई 'अनिश्चितामा बाँच्न' सिकाउँछ ।

- पुजारी (दलाल)को 'दक्षिणा'ले तपाईंलाई 'समस्यामुक्त हुने कला' सिकाउँछ ।

- र, यो 'इम्बोस्ड थालले तपाईंलाई आफूसँग भएको पैसा अनावश्यक ठाउँमा खर्च गरेर पनि कसरी खुसी रहने भन्ने महान् 'वित्तीय ज्ञान' दिन्छ ।'

यो सुनेर सुखीरामको मुख हेर्न लायकको भयो । उसले त्यो २५०० सय रुपैयाँको थाल हातमा लियो, त्यसलाई एकपटक रिसले हेऱ्यो, र होटेलबाट बाहिर निस्कियो ।

संस्कृति



● लोकेश साउद

गौरा
सुदूरपश्चिमको उमंगको पर्व



दशरथचन्द नगरपालिका ९ को भट्टाडमा लाग्ने गौरा पर्व (फाइल तस्बिरहरू)

सुदूरपश्चिमको धार्मिक एवं सांस्कृतिक पर्व गौराको कथा थोरै मात्र वैदिक विधिमा, धेरै गायनमा आधारित छ । पञ्चमीको दिनदेखि अष्टमी अर्थात् अठेवालीसम्म महिलाले लोकलयमा 'गौरीगाथा' गाउँछन् । गौरापर्व शुभशब्द 'सगुन' गाएर शुभारम्भ हुन्छ । विविध लय गाउँदै गौराको कथा अघि बढ्छ । जब गौरा सेलाउने (समापन गर्ने) समय आउँछ, त्यो वेला गाइने भाका निकै विरहपूर्ण हुन्छ । यसले धेरैलाई भावुक बनाउँछ ।

भगवान् शिव र गौरी (पार्वती)को गाथा गाउने र निश्चित विधिअनुसार मनाइने पर्व नै गौरापर्व हो । लोकगायन र मौलिक विधिमा आधारित यो पर्वलाई सुदूरपश्चिमेलीको उल्लासको पर्वको रूपमा लिइन्छ । उत्तरार्धतर्फ लागिरहेको वर्षामा महिलाहरू फुर्सदिला हुन्छन् । दसैँ, तिहारभन्दा अघिको समयमा गौरापर्वको रौनक सुरु हुन्छ ।

गौरापर्व कम्तीमा चार दिनदेखि हप्ता, दश दिनसम्म मनाइन्छ । गौरादेवीको प्रतिमा सेलाएर गौरा विसर्जन गर्नुभन्दा पहिले फाग, सगुन, चैत, दुस्को, धुमारीदेखि देउडासम्मका रैथाने भाकाले सुदूरपश्चिमका पहाडी गाउँ गुञ्जायमान बन्छन् । गौरापर्व सुदूरपश्चिम मात्रै होइन, कर्णालीदेखि भारतको कुमाउसम्म फैलिएको छ । पछिल्ला दिनमा सुदूरपश्चिमेलीहरू जहाँ-जहाँ बसाइ सरेर गएका छन्, त्यहाँ-त्यहाँ गौरापर्व स्थानान्तरण हुँदै गएको छ ।

पतिको दीर्घायु र सामाजिक सद्भावको पर्वको रूपमा मनाइने गौरालाई नारी प्रधान प्रथाको रूपमा लिइन्छ । गौरापर्वका सुरुवाती चार दिन महिलाहरूको सर्वोच्च भूमिका रहन्छ । यसपालिको गौरा भाद्र शुक्लपक्षमा परेको छ । कहिले भाद्र कृष्णपक्षमा पर्न जान्छ । कृष्णपक्षमा पर्ने गौरालाई अनेरी (अँध्यारी) गौरा र शुक्लपक्षको गौरालाई उजेली (उज्याली) गौरा मान्ने चलन रहेको सुदूरपश्चिमको सांस्कृतिक क्षेत्रका अध्येता कैलाश पाण्डेय बताउँछन् ।

गौरापर्व पञ्चमीबाट सुरु हुने भए पनि अष्टमी यो पर्वको मुख्य दिन मानिन्छ । उनका अनुसार भाद्र शुक्ल अष्टमीमा पर्ने उजेली गौरामा विवाहित महिलाले पहिलोपटक व्रत बस्ने नियम छ । कन्या राशिमा सूर्य गएपछि अर्थात् असोज महिना लागेपछि गौरा मनाउन पाइँदैन ।

■ पञ्चबिरुडी

पञ्चमीको दिन पञ्चबिरुडी भिजाएर विधिवत् रूपमा गौरापर्वको सुरुवात हुन्छ । गहुँ, मास, गहत, गुरौँस र केराउ गरी पाँच अन्न भिजाएर बिरुडा तयार पारिन्छ । बिरुडा भिजाउने पञ्चमी भएकाले यसलाई बिरुडापञ्चमी पनि भन्ने गरिन्छ । यसपालिको बिरुडापञ्चमी, अर्थात् गौरापर्वको सुरुवात बिहीबारदेखि भएको छ । गौरापर्वमा हरेक कार्य सामूहिक रूपमा गरिन्छन् । सोहीअनुसार बिरुडा भिजाउँदा सामूहिक रूपमा भिजाइन्छ र मंगलगानको रूपमा सगुन गाइन्छ । भिजाएको बिरुडालाई घरको छुट्टै कोठामा राख्ने चलन छ ।

■ फाग, सगुन र लोकगाथा

विवाह, व्रतबन्ध तथा अन्य धार्मिक कार्यमा गाइने सगुनभन्दा गौरापर्वको शुभमुहुर्त हुँदा गाइने सगुनको लय भिन्न हुन्छ । यो लय गौराका अन्य लोकलयसँग मेल खाने खालको हुने दशरथचन्द नगरपालिका-५ की लीलावती भट्ट बताउँछिन् । दशरथचन्द नगरपालिका-५ अला गाउँमा मनाइने गौरामा उनको नेतृत्वदायी भूमिका रहन्छ । गौरापर्वमा गाइने लोकगाथाहरूको पुस्तिकासमेत प्रकाशन गरेर भट्टले नयाँ पुस्तालाई प्रशिक्षण दिँदै आएकी छिन् ।

उनका अनुसार पञ्चबिरुडी भिजाउने क्रममा गौरादेवीले महेश्वर (शिव)सँग बिरुडा भिजाउने सल्लाह गरेको प्रसंगबाट फाग गायन सुरु हुन्छ । जसअनुसार घरमा पञ्चबिरुडीका लागि आवश्यक अन्न उपलब्ध नभएपछि खोजेर ल्याउन भन्दै पार्वतीले शिवलाई मथुरानगरीमा पठाउँछिन् । शिवले त्यहाँ पञ्चबिरुडीका लागि चाहिने अन्न फेला पार्दैनन् । उनी कन्हैयानगरीमा जान्छन् । कन्हैयानगरीमा केराउबाहेकका सबै अन्न पाउँछन् र मागेर घर लिएर आउँछन् । तर, जेठो अन्न केराउ नै नपाएपछि शिव र पार्वतीबिच मनमुटाव सुरु भएको प्रसंग गायनमा आउँछ ।

केराउविना पञ्चबिरुडी अधुरै रहने भएपछि गौरी केराउ उमार्न आफैँ लेकतर्फ जान्छिन् । कलिया लुहारसँग सहयोग माग्छिन् । अर्का पात्र दामोदर भैयासँग मिलेर त्यहाँ उनले केराउ फलाउँछिन् । केराउ फल्ने वेला शिव फरक रूप धारण गरेर माग्न जान्छन् । तर, गौरीले सबैभन्दा पहिला भूमिराजलाई चढाउने, त्यसपछि शिव भगवान्लाई दिने कुरा बताउँछिन् । त्यसपछि अन्य देवी-देवतालाई पञ्चबिरुडी दिएपछि मात्र सर्वसाधारणलाई दिन मिल्ने कुरा लोकगायन 'फाग'मा गाउँदै बिरुडा भिजाउने चलन रहेको भट्टले बताइन् ।

■ पौराणिक कथामा जोडिएको पर्व

पौराणिक कथालाई गौरापर्वले सुदूरपश्चिमको समाजसँग दुरुस्तै जोडिदिएको छ । 'गौरापर्वमा पार्वतीले महादेवको दीर्घायुका लागि व्रत बस्ने गर्छिन् । यता सुदूरपश्चिमेली महिला आफूलाई पार्वतीको रूपमा अभ्याएर आफ्ना पतिलाई महादेवको स्थानमा राख्छन्,' पन्त भन्छन्, 'गौरापर्वको पौराणिक कथामा पार्वतीले जे-जे गर्छिन्, त्यही-त्यही कर्म गर्दै महिलाले गौरापर्व अघि बढाउँछन् ।'

षष्ठीमा पञ्चबिरुडी धुने गरिन्छ । घरको एउटा कोठामा तामाको भाडामा राखिएको बिरुडालाई धारा, पधेरा तथा न्वाला (कुवा)मा गएर धोइन्छ । यो वेला विभिन्न लोकलयमा शिव-पार्वतीका गाथा गाइन्छन् । पार्वती रिसाएर माइत जानेदेखि शिव-पार्वतीबिच हुने उतारचढावका प्रसंग गौरादेवीको लोकगायनमा समेटिएका छन् ।



दशरथचन्द नगरपालिका ४ देवलघाटमा गौराको प्रतिमा नचाउँदै महिलाहरू



दशरथचन्द नगरपालिका- १ गुरुखोलामा ढोलक बजाएर गौराको चैत खेल्दै





बिरुडा धुने वेला गंगा, सञ्जा, पार्वती गरी तीन देवीको गाथा गाइन्छ । जेठी गंगालाई न्वालामा पूजन गरिन्छ । सञ्जेवेला अर्थात् साँझ पूजन हुने देवी सञ्जा हुन् । उनका लागि गाइने लोकगायन सञ्जेवाली (साँझ गाइने) हो । 'जसो गरी बालो हाँस, बुढो कास तइघर सञ्जेवाली आस...', अर्थात् 'जुन घरमा बालबालिका हाँस्छन्, बुढापाका खोक्छन्, त्यो घरमा सञ्जेवाली आउँछिन् ।' सञ्जेवालीको एक हरफ सुनाउँदै भट्ट भन्छिन् । अष्टमीमा आएर पूजन हुने देवी पार्वती (गौरी) हुन् ।

सप्तमीमा महिलाहरू खेतमा गएर धान, बलु, कुस, दुबो, साउ, तिल, पातीजस्ता बिरुवा संकलन गर्छन् । ती बिरुवालाई गोरेडालोमा राख्दै शृंगारपटार गरेर गौरीको प्रतिमा तयार पारेर गौरा भित्र्याइन्छ । गौरापर्वका हरेक कार्य अघि बढ्दै जाँदा भिन्नाभिन्नै खालका लोकगायन सुन्न पाइन्छ ।

बिरुडा धुने वेलामा कौरव र पाण्डवबिच जुवा खेलिएको प्रसंग आउँछ । यो निकै मिठो लयमा गाउने गरिन्छ । शिव र पार्वतीको गाथामा कसरी महाभारतको प्रसंग आयो त ? 'द्रोपदीले पनि गौरापर्वको व्रत बसेकी थिइन्,' लीलावती भट्ट प्रस्ट्याउने प्रयास गर्दै भन्छिन्, 'त्यही कथासँग जोडिएर कौरव र पाण्डवको युद्धको गाथा पनि जोडिएको हुन सक्छ । हामीले पनि पूर्वजबाट सुन्दै आएका हौँ ।'

१४ भदौ (शनिबार)
२० भदौ (शुक्रबार)

साप्ताहिक राशिफल



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

चर्चा



● शिव पलाँस

मेष

(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको सुरुवातबाटै अध्ययन तथा अध्यापनमा समय बढी नै लगानी गर्नुपर्ने देखिन्छ । सञ्चित कर्मको फल पाउने समय छ । राम्रै आम्दानी हात पर्ला । सेयरबजार तथा वित्तीय संस्थाबाट लाभ मिल्नेछ । वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ । आफन्तसँगको भेटघाटले मनमा प्रसन्नता थपिएला । मनपर्ने वस्त्र, अलंकार आदि लाभ होला । सानै प्रयासले पनि महत्त्वपूर्ण काम बन्ने योग छ ।

वृष

(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

अनावश्यक खर्च तथा महत्त्वपूर्ण सामान हराउने समय चलेकाले विशेष सतर्कता अपनाउनुपर्नेछ । धर्मकर्म, परोपकार, समाजसेवाजस्ता कार्यमा मन पनि लाग्नेछ । धेरैलाई प्रभावित पार्ने समय छ । व्यावसायिक कामबाट सोचेको लाभ मिल्नेछ । विद्यामा पनि प्रगति हुनेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने वेला छ । बिहीबारपछि भने व्यवसाय खस्किएला । खर्च र थकाइसमेत बढ्ला ।

मिथुन

(का, कि, कु, घ, ङ, छ, के, को, ह)

विनाप्रतिस्पर्धा फाइदा हुने योग रहेको छ । पारिवारिक साथसहयोग र समर्थन मिल्नेछ । वैदेशिक कार्य र आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ । कामको दायित्व पनि थपिएला । प्रतिनिधिमूलक यात्राको सम्भावना छ । आयआर्जन पनि प्रशस्त हुनेछ । प्रेम र मित्रताको गाँठो कसिएला । सप्ताहान्तमा भने खर्चमा वृद्धि र व्यवसायमा गिरावट आउने देखिन्छ ।

कर्कट

(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

सुरुमा घरायसी समस्या, प्रेममा उतारचढाव र कामको बोझ देखापर्नेछन् । नयाँ उद्योग वा व्यावसायिक काम सुरु हुने समय छ । आर्थिक समस्या पनि समाधान हुनेछ । स्वास्थ्य सबल रहनेछ । काममा प्रशंसा पाइएला । साताको अन्त्यमा आफ्नो क्षेत्रको नेतृत्व हात लाग्ला । व्यापार बढ्नुका साथै आयमूलक काममा पनि सफलता नै मिल्नेछ । भाग्यको साथ पूर्णरूपले प्राप्त हुने योग देखिएको छ ।

सिंह

(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

काममा मातापिताको सहयोग प्राप्त होला । प्रतिष्ठित काम गर्ने मौका छ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । सामाजिक कामको दायित्व बढ्नेछ । भूमि, वाहन र पैतृक सम्पत्तिबाट लाभ मिल्ने योग छ । व्यापारमा प्रशस्त फाइदा हुनेछ । धर्मकर्ममा मन जाला । सामाजिक कामबाट प्रतिष्ठा मिल्नेछ ।

कन्या

(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

साताको प्रारम्भमा विशिष्ट व्यक्तिको साथ पाइनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । अधुरा र आँटिको कार्य पूरा हुनेछन् । धनार्जनका नयाँ स्रोत पत्ता लाग्नेछन् । लामो तथा व्यवसायी यात्राका लागि शुभ समय रहेको छ साताको अन्त्यमा सेयरबजारमा गरेको लगानीले राम्रै प्रतिफल दिने संकेत मिल्नेछ । शत्रु परास्त भएर जालान् । मुद्दासमेत किनारा लाग्नेछन् ।

तुला

(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

प्रयत्न गर्दा ठुलै उपलब्धि हातलागी हुनेछ । शुभचिन्तकहरू जुट्नाले चिताएका काम सजिलै बन्नेछन् । कामका लागि साइनो गाँस्नेहरूबाट सतर्क रहनुहोला । समयमा जुट्न नसक्दा चिताएका काममा पनि बाधा पर्नेछ । सप्ताहान्तमा परिस्थिति अनुकूल बन्नेछ । सामाजिक कार्यले सम्मानित स्थान दिलाउन सक्छ । सप्ताहान्तमा प्रतिस्पर्धीहरू पराजित हुनेछन् र मनग्ये धनलाभ पनि हुनेछ ।

वृश्चिक

(तो, ना, नि, नु, ने, नो या, यि, यु)

मिहिनेतपूर्वक काम गर्दा चिताएको फल प्राप्त हुनेछ । शत्रु र प्रतिस्पर्धीहरू पछि परे पनि ईर्ष्यालु आफन्तले काम बिगार्न सक्छन् । तार्किक बुद्धिको उपयोगले प्रतिद्वन्द्वीहरूलाई वशमा ल्याउन सकिनेछ । घरमा बसेरै विभिन्न काम सम्पादन गर्न सकिनेछ । सप्ताहान्तमा तर्कशक्ति बढ्नेछ भने अध्ययनमा प्रगति हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । नाम, दाम र इनाम प्राप्त हुनेछ ।

धनु

(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

काममा सोचेजस्तै सफलता मिल्नेछ । सहयोगीहरूले साथ दिनेछन् र उत्साह पनि बढ्नेछ । निर्णय गलत ठाउँमा पर्नाले फाइदा अर्कैले लिन सक्छ । तापनि, निराश नहुनुहोस् । कर्मयोगका थप बाटाहरू अवश्य खुल्नेछन् । पढाइलेखाइ र व्यवसायमा उन्नति हुनेछ । शत्रु पराजित होलान् । प्रतिस्पर्धीलाई उछिन्ने मौका छ । दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ ।

मकर

(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

आतिथ्यपूर्ण सम्मान पाउने समय छ । तपाईंका प्रशंसकहरू थपिएलान् । उद्योग-व्यवसायमा पनि सोचेको प्रगति हात लाग्ला । प्रतिस्पर्धीहरूले हार खालान् । आफन्तसँगको विश्वासमा कमी आउला । खानपानको असावधानीले स्वास्थ्यमा पनि गिरावट आउला । पठनपाठनमा प्रगति हुनेछ । सप्ताहान्तमा विशेष लाभ होला । चिताएको काम पूरा गर्न सकिनेछ ।

कुम्भ

(गु, गे, गो, सा, सि, सु, से, सो, द)

प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ । बुधबारदेखि स्थितिमा सुधार आउनुका साथै नयाँ काममा हात हाल्ने अवसर प्राप्त हुनेछ । बोलीको माध्यमले धेरैलाई मन्त्रमुग्ध बनाउन सकिनेछ । मिहिनेत गर्दा पहिले रोकिएको प्रतिफल प्राप्त हुनेछ । मानसम्मान पाइनुका साथै विशेष उपहार प्राप्त हुनेछ । सुखद समाचारले थप उत्साह जगाउनेछ । आम्दानीका स्रोत पहिल्याउन सकिनेछ ।

मीन

(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

सुरुमा प्रशस्त आम्दानीको योग भए तापनि खर्चको मात्रा बढ्ने देखिन्छ । आफ्नै ढिपीले पैसा र समय खेर जाला । तपाईंका वैदेशिक काम अवश्यै बन्नेछन् । आइतबारपछि प्रियजनसँग भेट होला । आतिथ्यपूर्ण सम्मान पाइएला । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने वेला छ । प्रशंसकहरू थपिएर जालान् । काममा पनि उत्साह थपिनेछ । भाग्यले साथ दिनेछ ।

विसंगत समयविरुद्ध शालीन तरिकाले प्रतिरोधको भाषा बोल्ने माध्यम कविता हो भन्ने मान्यता राख्ने कवि ऋषि बस्ताकोटीको पछिल्लो कविता कृति हो 'पानीको रङ' । पछाडि फर्केर हेर्दा उनी 'विसंगत बस्ती' मुक्तकसंग्रह र 'ज्वालाका रापहरू' गजल सञ्चयनका स्रष्टासमेत हुन् । यसबाहेक समसामयिक विषयमा अखबारी लेखन र गीति लेखनमा पनि उनी सक्रिय नै छन् ।

कवितासँग बयली खेल्नु र कविताजस्तै जिन्दगी जिउनुमा ठुलो अन्तर छ । मैले देखिरहेको कवि ऋषि बस्ताकोटी कवितामा जस्ता छन् यथार्थमा पनि उस्तै छन् । उनी आफू पर्दा पछाडि उभिएर विभेद, अभाव र उपेक्षामा पर्ने गरेको भुइँमान्छेको वर्गलाई समाजको अग्रभागमा उभ्याउन पाए आनन्द मान्छन् । समाजमा पछाडि परेको वा पारिएको वर्गका निम्ति कविता लेख्ने, तर दैनिक जीवनमा त्यही वर्गसँग यदाकदा



साँझपख अठेवाली समापनतर्फ जान्छ । यस क्रममा फल फड्काउने (फलफूल आकाशतर्फ फाल्ने) चलन हुन्छ । सुदूरपश्चिमको लोक संस्कृति र लोक साहित्य नामक पुस्तकमा लेखक जयबहादुर चन्दले उल्लेख गरेअनुसार कागती, सुन्तला, अनार, केराजस्ता फलफूल दुईजनाले कपडामा राखेर आकाशतर्फ फाल्छन् । त्यसवरपर भएका सबैले ती फल आकाशमै समात्ने प्रयास गर्छन् । त्योसँगै पञ्चबिरुडी पनि आकाशतर्फ फालिन्छ । जसको हातमा बिरुडा र फल पऱ्यो, उसलाई शुभ हुने मान्यता रहेको छ । अठेवाली समापनपछि महिलाले दुबधागो लगाउँछन् ।

■ दुबधागो

सामान्यतया विवाहित र अविवाहित महिलालाई सिन्दुर लगाएको वा नलगाएको आधारमा छुट्याउने गरिन्छ । तर, गौरा संस्कृति विद्यमान रहेको सुदूरपश्चिम क्षेत्रमा दुबधागो हेरेर थाहा हुन्छ । घाँटीमा लगाइने बहुरंगी धागोको झुप्पा नै दुबधागो हो । यो विवाहित महिलाले मात्र लगाउँछन् ।

अमुक्ताभरणी सप्तमीमा दुबधागोलाई गौरादेवीको प्रतिमामा बाँध्ने गरिन्छ । अर्को दिन अठेवाली सकेर महिलाले पहिरिन्छन् । 'विवाहित महिलाले गौरामा अभिषेक गरिएको दुबधागो लगाउनुपर्छ । सप्तर्षिको प्रतीकका रूपमा सात डोरो भएको 'सप्तमी' पनि दुबधागोसँगै लगाइन्छ । यो पुरुषहरूले जनै धारण गरेजस्तै हो ।' वनारसीधाम विश्वनाथ ज्योतिर्लिङ्गका पीठाधीश्वरसमेत रहेका पन्त भन्छन्, 'रातो, कालो र पहेंलो रङको धागोको प्रयोग गरी विधिपूर्वक तयार पारिएको डोरी दुबधागो हो ।'

दुबधागोसँगै लगाइने सप्तमी सात गाँठो पारेर तयार पारिन्छ । सातवटा गाँठोलाई सात देवी, सप्तर्षि वा सप्तमन्त्रको प्रतीकका रूपमा मानिने पन्तको भनाइ छ । उनका अनुसार पहिलोपटक दुबधागो लगाउने महिलाका लागि उजेली गौरा शुभ मानिन्छ । उनीहरूलाई नौली गोरिया भन्ने गरिन्छ । एकपटक लगाइसकेपछि दुबधागो प्रत्येक वर्ष अनिवार्य रूपमा लगाउनुपर्ने चलन छ ।

दुबधागोले विवाहित भएको मात्र होइन, छोरीलाई कर्मघरका लागि सांस्कृतिक रूपमा स्वीकार्य बनाउँछ । 'दुबधागो लगाएपछि नवविवाहिता शुद्ध हुने र ऊ अरू परिवारका सदस्यजस्तै जिम्मेवार तथा परिपक्व भएको मानिन्छ । त्यसपछि परिवार समाजका लागि उसको हातको भान्सा चल्ने भन्ने हुन्छ,' पन्त भन्छन् ।

दुबधागो पहिरिएपछि महिलाहरू आफन्तजनको शिर पञ्चबिरुडीले पुज्ने गर्छन् । सुदूरपश्चिमको लोक संस्कृति र लोक साहित्य नामक पुस्तकमा चन्दले उल्लेख गरेअनुसार यो क्रममा 'बाघजति बलियो भएइ, केराकी जसी राइ होइभाउ, हिमाञ्चलको हिउँ छन्ज्यासम्म बाँचिरहे...' जस्ता आशीर्वचन भन्ने गरिन्छन् । कतिपय ठाउँमा दुबाकी जसी चौंड होइभौं (दुबोजस्तै फैलिनु) हिमालय हिउँ छन्ज्यासम्म बाँचिरएई (हिमालमा हिउँ छदासम्म बाँच्नु) जोलाखाट सिन पाएई, जोला पुत पाएई (जोडी खाटमा सुत्नु, जोडी पुत्रलाभ होस्) जस्ता आशिष दिने गरिन्छ । सन्तान सुख, लामो आयु, स्वास्थ्य लाभको कामनासहित महिलाले आफन्तलाई आशीर्वाद दिने चलन छ ।

बिरुडा ग्रहणका लागि टाढाबाट आफन्त आउने गर्छन् । पूजाआजाबाट बचेको बिरुडालाई पकाएर प्रसादको रूपमा खाने चलन छ । टुसाएर उम्रिन लागेको पञ्चअन्न मिश्रित बिरुडा स्वादिष्ट र स्वास्थ्यका लागि लाभदायी मानिन्छ ।

■ पुरुषका लोकगाथा

अठेवालीको समापनसँगै महिलाको भूमिका सकिन्छ । त्यसपछि गोरेखलामा पुरुषले ठाडो खेल, चैत, ढुस्को, धुमारी खेल्दै रमाइलो गर्छन् । विभिन्न देवीदेवता, वीर-वीरंगानादेखि रामायण, महाभारतका कथामा आधारित लोकगाथा गाउने अर्का पण्डित ईश्वरप्रसाद जोशी बताउँछन् । यसमा खुट्टाका पाइला, लय, हाउभाव एकनास मिलाएर खेल्नुपर्ने हुन्छ । ठाडोखेल र चैतका बिचबिचमा आउने रमाइला प्रसंग र चाखलाग्दा नृत्य ढुस्को, धुमारी हुन् । ढुस्को, धुमारी खेलेको हेर्न टाढाटाढाबाट समेत मानिस आउने गर्छन् । 'अठेवालीपछि गौरा नसेलाउँदा (समापन नहुँदा)सम्मका दिनमा पुरुषले गाउने लोकगाथासहित गौरापर्वअगाडि बढ्छ,' जोशी भन्छन्, 'मुख्य गोरेखलोबाहेक छेउछाउतर्फ महिला देउडा खेल्दै रमाइलो गर्छन् । दिनभरि परम्परागत लोकगाथा गाइन्छ भने साँझ देउडा सुरु हुन्छ ।' देउडा भाकामा देउडियाको दोहोरी चल्छ । कतिपय ठाउँमा देउडा प्रतियोगिता नै सञ्चालन हुने गर्छन् । ठाउँअनुसार फरक-फरक लोकगाथा र भिन्न-भिन्न देउडा भाका गाइन्छन् । पछिल्ला दिनमा माओवादीको सशस्त्र द्वन्द्व तथा राजनीतिक परिवर्तनका घटनालाई समेत लोकगायनमा उतारिएको शिक्षक दीपेन्द्र साउद बताउँछन् ।



देवलघाटमै गौराको अठेबाली समापनका क्रममा



दशरथचन्द नगरपालिका- १ गुरुखोलामा गौरा पर्व मनाइँदै

गौरापर्वमा विवाहित महिला दुबधागो लगाउँछन् । दुबधागो लगाउने महिला पञ्चमीदेखि नै व्रत बस्छन् । त्यो वेला गाइने फाग सुनाउँदै भट्ट भन्छिन्, 'नाइ धोइ, नाइ धोइ वर बसिन्, देवी क्यौ वर माग ? नाइ धोइ नाइ धोइ वर बसिन्, देवी पुत वर माग...।' जसको अर्थ नुहाइधुवाइ गरेर देवी के वर माग्छ्यौ, नुहाइधुवाइ गरेर देवी पुत (पुत्र) वर माग्नु भन्ने हुन्छ ।

'ऐतिहासिक सुदूरपश्चिमेली समाज' नामक पुस्तकमा व्यासाचार्य खेमराज ओझाले उल्लेख गरेअनुसार सप्तमीको दिन दुबधागोलाई गौराको प्रतिमामा बाँधेर पूजाआजा गर्दै गौरा भित्र्याइन्छ । भोलिपल्ट विधिवत् नियमअनुसार अष्टमीका दिन गौरालाई गोरेखलो (गौरा सार्वजनिक गर्ने ठाउँ)मा ल्याएर अठेवाली गायनका साथ नचाउने गरिन्छ ।

■ अठेवाली

ज्योतिषाचार्य पण्डित पन्तका अनुसार शिव पुराणको सारांश महिलाले गाउने अठेवालीमा समेटिएको हुन्छ । अठेवालीका आठ खण्ड अर्थात् आठ भाग गाउने गरिन्छ । पञ्चबिरुडीले गौरीको प्रतिमा पूजन गर्दै अठेवालीमा पार्वतीको जन्मदेखि महादेवसँग विवाह र गणेश भगवान्को जन्मसम्मको गाथा गाइन्छ । हरेक गाउँमा रहेका गोरेखलामा गाउँभरिका महिलापुरुष नयाँ लुगा लगाएर अठेवाली गाउने र सुन्ने गर्छन् ।

मेरो जात बिक्रीमा छ
किन्ने कोही छ ?

राजा र ब्राह्मणले जात घटुवा गराई अछुतमा झारिएका मात्रै होइन, अछुतबाट छुत बनाइएका समेत धेरै उदाहरण छन्



समाज



● मेखराज उदय

'आस्था पिसाबसम्म पनि पिलाइदिन्छ, तर जात पानीसमेत पिउन दिँदैन ।' यो भनाइ भारतीय प्रख्यात अभियन्ता डा. ओम सुधाको हो । डा. सुधा अखिल भारतीय दलित, आदिवासी, पिछडा एवं अल्पसंख्यक संयुक्त मोर्चाका राष्ट्रिय अध्यक्ष हुन् । यो भनाइ पुष्टि गर्ने यथेष्ट आधार छन् । जस्तै- ब्राह्मण धर्ममा गाईको दुध मात्रै होइन, पिसाब र गोबरलाई समेत पवित्र मानी खाने प्रचलन छ । गाईको मूत्र, गोबर, दुध, घिउ र दहीको मिश्रणलाई पञ्चगव्य भनिन्छ । उक्त पञ्चगव्यलाई आयुर्वेदमा औषधिको रूपमा प्रयोग गरिन्छ । पञ्चगव्य निर्माण विधिबारे भनिएको छ, 'पञ्चगव्य वस्तु-गोमुत्रं गोमयं क्षीरं दधिः सर्पि कुशोदकं । निर्दिष्टं पञ्चगव्यातु पवित्रं मुनि पुंगवैः ।' अर्थात्, गोमुत्र (गाईको पिसाब), गोबर, घृत (घिउ), दुध र दही कुशोदक (कुशको पानी वा कुशद्वारा मन्त्रित गरिएको जल) यी पञ्चगव्य वशिष्ठ ऋषिको मतअनुसार श्रेष्ठ मानिएको छ ।

त्थापि, प्राचीनकालदेखि नै सबै समुदाय (आर्य, अनार्य)ले गाईगोरुको मासु खाने गर्थे । ऋग्वेदलगायत सम्पूर्ण हिन्दु प्राचीन ग्रन्थ तथा वैदिककालभरि कहींकतै गाईको मासु भक्षणलाई निषेध गरिएको छैन । बरु आपस्तम्बधर्मसूत्र (१-५-३१) मा भनिएको छ, 'धेन्वनडुहोर्भक्ष्यम्' अर्थात् गाई तथा गोरुको मासु खाने योग्य छ, खाइनुपर्छ । त्यस्तै सोही पुस्तकमा वाजसनेयिको मत छ, बैल (गोरु)को मासु न केवल खान योग्य छ, बरु पवित्र पनि छ, अतः यज्ञमा अर्पित गर्न (बलि दिन)का लागिसमेत योग्य हुन्छ ।

मनुस्मृति (११/५९ देखि ६६ सम्म) अनुसार गौहत्या उपपातक (ससाना, फुटकर) पाप हो । उक्त उपपातकमा वेतन लिएर-दिएर अध्ययन-अध्यापन गर्नु-गराउनु, लसुन आदि इच्छापूर्वक खानु, मद्यपान गर्ने स्त्रीसँग सम्भोग गर्नु आदिमा गोवध सामेल छ । डा. डिआर भण्डारकरले प्राचीन शिलालेखका आधारमा यो निष्कर्ष निकालेका छन्, ईशाको चौथो शताब्दीको सुरुको आसपासमा गौहत्यालाई दण्डनीय महापातक (घोर पाप) बनाइएको थियो । त्यस बखतदेखि मात्रै गौहत्यालाई ब्रह्महत्यासरह महापाप घोषित गरिएको हो । सोही समय हो, जहाँबाट केही शूद्रमाथि अछुत (अस्पृश्य) घोषित गरियो । डा. अम्बेडकरको शोधअनुसार त्यसअघि शूद्र वर्णमाथि विभेद गरिने भए पनि छुवाछुत गरिँदैनथ्यो । सबै शूद्र वर्णलाई नभई केहीमाथि मात्रै अछुत घोषित गरियो । स्मरणीय छ, बुद्धको समय र मनुस्मृति कालसम्म छुवाछुत प्रथा लागू गरिएको थिएन ।

बज्रयान सम्प्रदायका बौद्धमार्गीमा पनि यस्तै प्रचलन पाइन्छ । डा. विनयतोष भट्टाचार्यद्वारा सम्पादित गुह्यसमाजतन्त्र नामक पुस्तकमा भनिएको छ :

'विण्मूत्रशुक्ररक्तानां जुगुप्तां नैव कारयेत् ।
भक्षयेत् विधिना नित्यं इदं गुह्यं त्रिवज्रजम् ।।'

(गुह्यसमाजतन्त्र, पृष्ठ १३६)

अर्थात्, बोधिज्ञान प्राप्त गर्न विष्टा (गुहु), मूत्र, शुक्र, रक्त वा रज सबै वस्तु विधिपूर्वक नित्य खानू र त्यस कार्यको निन्दा नगर्नू भनिएको छ । विचारणीय कुरा के छ भने यी वस्तु कसको खाने ? जथाभावी खाएर त्यस्तो ज्ञान प्राप्त हुने होइन, त्यसका लागि उक्त विषयका सिद्ध अनंगवज्र (आचार्यहरू) ले नियम बनाएका छन् । वज्रयाना सम्प्रदायमा ज्ञान प्राप्त गर्न मुद्रा वा साध्याको ठुलो महत्व छ । अब मुद्रा वा साध्या (रखौटी) कसलाई बनाउन सकिन्छ, त्यसलाई पनि नियममा आबद्ध गरेका छन् । यो सम्प्रदाय पञ्चमकार (मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन) मा आस्था राख्ने हुँदा त्यस्ता मुद्राका साथ मैथुन (यौन सम्बन्ध)हुनु अनिवार्य मानिन्छ । गुह्यसमाजतन्त्र (पृष्ठ ९४)का अनुसार 'नीलकमलका आकारकी धोबीकी छोरीलाई साधनाको माध्यम साध्या वा मुद्रा बनाउनु' भनिएको छ ।

तिब्बती समाजमा एउटा औषधि पाइन्छ, जसलाई 'सर्वरोगहर औषधि' मानिन्छ । त्यो औषधि लामा वा अन्य उच्च पदाधिकारी लामाको मलमूत्रबाट बनाइन्छ । उक्त पात्रको मलमूत्रलाई रातो रंग दिइन्छ । त्यो औषधि दुर्लभ मानिन्छ । यदि कसैलाई आवश्यक परेमा ठुल्ठुला मानिसका सिफारिसमा मात्रै उपलब्ध गराइन्छ र त्यसको मूल्यसमेत अत्यधिक हुने गर्छ । तिब्बतीहरू जति महँगो भए पनि उक्त गोली साथमा राख्ने इच्छा गर्छन् । त्यसलाई उनीहरू बहुमूल्य मोदक 'त्साचेनोर्बु' भन्ने गर्छन् । जसलाई मृत्युञ्जय मणि मानिन्छ ।

(हाम्रो समाज : एक अध्ययन, लेखक, जनकलाल शर्मा । पृ.१५४)

म चाहन्छु मेरो सामाजिक परिचय उदय होस् । मेरा सन्तानले उदयलाई वंश वा परम्परागत पहिचान नबनाउन् । उनीहरू पनि आफूले इच्छाएको 'टाइटल' लेख्न स्वतन्त्र रहुन् । मैले आफूले इच्छाएको थर उदय लेख्ने अधिकार र अनुमति नपाउने राज्य व्यवस्था कसरी लोकतान्त्रिक हुन सक्छ ?

■ सार्वजनिक पानी र स्रोतमाथि प्रतिबन्ध

अब जातिका नाममा पानी पिउन र स्पर्श गर्नबाट वञ्चित गराइएका इतिहासतर्फ ध्यानाकर्षण गरौं ।

२० मे १९२७ मा भारत महाराष्ट्र राज्यको रायगढ जिल्लामा ऐतिहासिक महाड सत्याग्रह भएको थियो । डा. भीमराव अम्बेडकरको नेतृत्वमा उक्त जिल्लाको सार्वजनिक चवदार तलाउको पानी पिउने तथा प्रयोग गर्ने सत्याग्रहको सुरुवात गरिएको थियो । अम्बेडकरसहित हजारौं दलित (अछुत) समुदाय उपस्थित उक्त सत्याग्रहमा प्रथमपटक अम्बेडकरले तलाउको पानी उगाए र पिए, साथै त्यहाँ उपस्थित सबैले त्यसै गरे । त्यो अम्बेडकरको पहिलो सत्याग्रह थियो । उक्त सत्याग्रहलाई सम्बोधन गर्दै डा. अम्बेडकरले भने, 'हाम्रो उद्देश्य केवल चवदार तलाउको पानी पिउनु मात्रै होइन, बरु हामी यो चेतावनी दिन चाहन्छौं कि हामी पनि अन्यसरह मानव हौं ।'

भारतीय वर्ण व्यवस्थाको आधार मूलतः पवित्रताको सिद्धान्तमा आधारित थियो र छ । शूद्र वर्णलाई सार्वजनिक जलस्रोतबाट वञ्चित गराइएको थियो । अर्थात्, छुवाछुत (अस्पृश्यता)को मूल आधार नै जल मानिन्छ । किनभने, जल जीवनको आधार हो । विश्वका सम्पूर्ण मानव सभ्यता जलको किनारबाट विकसित भएको इतिहास छ । जलको मूल्य आवश्यक पेयपदार्थभन्दा अधिक सामाजिक, आर्थिक एवं धार्मिक हुन गयो वा बनाइयो । प्राचीन कालखण्डदेखि व्यापार तथा यात्राका लागि जलमार्गको प्रयोग हुँदै आए । धार्मिक रूपले जलस्रोत पवित्र मानियो । यी महत्त्वपूर्ण आधारका कारण ब्राह्मण समुदायका लागि विशेषाधिकारको वस्तु बनाइयो भने अन्य समुदाय (वर्ग)का लागि जलस्रोतको प्रत्यक्ष पहुँचदेखि वञ्चित गराइयो । त्यसैकारण अम्बेडकरले आफ्नो सार्वजनिक जीवनको पहिलो आन्दोलन जलमा आधारित भएर गरे ।

सन् १८६८ मा समाज सुधारक ज्योतिबा फुलेले आफ्नो निजी कुवा अछुत समुदायका लागि खुला गरिदिए । महात्मा फुले एक भारतीय समाज सुधारक, विचारक, लेखक, दार्शनिक तथा जातिमा आधारित विभाजन तथा भेदभावविरुद्ध लड्ने क्रान्तिकारी योद्धा थिए । उनले सन् १८७३ मा महाराष्ट्रमा 'सत्य शोधक समाज' नामक संस्था गठन गरेका थिए । सम्भवतः फुलेको त्यो कार्य जलअधिकारको दिशामा पहिलो प्रयास थियो ।

सत्याग्रहको परिणामस्वरूप १९२३ मा महाराष्ट्रका प्रसिद्ध समाज सुधारक एसके बोलेद्वारा बम्बई विधान मण्डलमा एक कानुन पारित गराए, जसमा सरकारद्वारा सञ्चालित सम्पूर्ण सार्वजनिक स्थान एवं उपक्रममा दलितको प्रवेशको अनुमति प्रदान गरियो । महाराष्ट्रको कोलाबा जिल्लाको महाड नगरपालिकाले पनि त्यहाँका दलित समुदायलाई चवदार तलाउमा प्रवेश र पानी प्रयोगको अधिकार दियो । उक्त दिन अर्थात् २० मार्चलाई भारतमा सामाजिक सशक्तीकरण दिवसको रूपमा मनाइन्छ । तसर्थ, कुनै समुदायले मानवजीवनको सबैभन्दा महत्त्वपूर्ण वस्तु जल छुन, पिउन र त्यसका स्रोत सहज र निर्बाध प्रयोगको अधिकार प्राप्त गरेको धेरै समय भएको छैन । त्यो नैसर्गिक हक स्वतः नभई संघर्षबाट प्राप्त गरेको हो ।

स्मरणीय के छ भने त्यस अघि भारतवर्षमा शूद्रलाई सार्वजनिक पानीका स्रोत तलाउ, कुवा, पँधेरा, धारा, नदी आदि छुन वा प्रयोग गर्ने अधिकार थिएन ।

■ जात वा थर बिक्री गर्ने ?

यो आलेखको मुख्य उद्देश्य पंक्तिकारको जात/थर बिक्रीका लागि 'अक्सन (लिलामी)'मा राखिएको जानकारी गराउनु हो । त्यस्तो पनि कसरी हुन्छ भन्ने सवाल पाठकको मस्तिष्कमा आउन सक्छ । तथापि, इतिहास भन्छ, ब्राह्मण र राजा (शासक) मिलेर कसैको जात बढुवा गरिदिएका र मगरलगायत जनजातिलाई अछुत (मग्राती सार्की) बनाइएका वृत्तान्त भेटिन्छन् । गोरखाली कुँवरको जात नै बदलेर राणा घोषित गरिएको कथा पंक्तिकारले यसअघि नै लेखिसकेको छ । गोरखा राज्य विस्तारको योजनामा रहेका राजा पृथ्वीनारायण शाहले युद्धका क्रममा अन्य राज्यका सगोत्रीको हत्या गर्नुपर्ने र त्यस्तो कार्य हिन्दुधर्मको मान्यताविपरीत हुने देखेर उक्त धर्मपराध छल्न उनले गोत्र परिवर्तनको बाटो रोजेका थिए । वनारस पुगेर त्यहाँका ब्राह्मणद्वारा राजा पृथ्वीनारायणले आफ्नो भारद्वाज गोत्र परिवर्तन गराई कश्यप गोत्र धारण गरेको इतिहास छ ।

उसो त गोरखाली शाह राजा नै खान्चा र मिचा खानका सन्तान रहेको मान्यता छ । यो तर्कलाई बल पुऱ्याउने एक बलियो आधार के छ भने हिन्दु जातिभित्र शाह थर वा उपाधि थिएन, छैन । स्याङ्जाको नुवाकोटमा गएर शासन गरेका मिचा खान थिए । उनका सन्तान कुलमण्डनले दिल्लीका बादशाहबाट 'शाह' पदवी पाएकाले उनको पालादेखि उनका वंशजले आफ्नो नामको पछाडि शाह जोड्न थाले । एउटा चक्रवर्ती वा ठुलो राजाका अधीनमा रहेका साना राज्य भएका राजाका राज्यलाई ठकुराइ भनिन्छ । त्यस्तो राज्यका राजालाई ठकुरी वा ठाकुर भनिन्छ । ईशाको आठौं शताब्दीपछि अनेक राजपुतले हिन्दुधर्ममा दीक्षित भएर यज्ञोपवित (जनै) धारण गरे र क्षत्रीय बने । तिनै धर्म परिवर्तन गरी हिन्दु बन्न पुगेकाहरू राजपुत्रका सन्तति आजकाल आफूलाई राजपुत वा रजपुत भन्छन् । त्यसरी ती अनेकौं अहिन्दु, अनार्य ठाकुर र ठकुरी धर्म परिवर्तनद्वारा हिन्दु बने । (जनकलाल शर्मा(एक अध्ययन) राजाका सन्तान भएका र धनाढ्य पनि हुने हुनाले ठकुरी, ठाकुर, राजपुत आदिलाई आफू (ब्राह्मण) पछिको क्षेत्री उपाधि र दर्जा दिए ।

अब आफ्नै सन्दर्भतर्फ फर्कौं । पंक्तिकारको थर हो, खाती । इतिहासकार शर्माकै अनुसार खातीहरू दुई प्रकारका हुन्छन् । पहिलो, नेगी खाती र दोस्रो, तुवार खाती । यी दुवै मूलतः क्षत्रीय वंशी हुन् । नेगी खातीहरू ईशाको सोह्रौं शताब्दीको प्रारम्भमा कस्मिरको छेउ जम्मु राज्यबाट कुमाउमा आएर बसे । त्यसपछि गढवालतिर लागे । गढवालबाट बसाइँ सर्दै नेपालतिर पनि आए । नेगीको अर्थ सेनानायक हुन्छ । नेगी खातीका पुर्खा कुनै समय सेनाको ठुलो पदवी धारण गरेर बसेका थिए । नेगी खातीहरू पूर्वदेशका राजाका सन्तति राजपुत हुन् । त्यस्तै तुवार खातीहरू ईशाको सातौं शताब्दीको अन्त्यतिर भारतको आगराबाट कुमाउको सिलौरपट्टी नामक स्थानमा आएर बसे । त्यसपछि उनीहरू क्रमशः गढवाल हुँदै नेपाल प्रवेश गरे । कुमाउ, गढवाल हुँदै प्रवेश गर्ने खातीका पुर्खा हुन्, जैराजसिंह, केशरसिंह र छैलुसिंह, हाल खाती थरधारीहरू ब्राह्मण, क्षत्री, वैश्य र शूद्र (दलित) समुदायमा विभाजित छन् ।

ब्राह्मणले ठकुरी कन्यासँग मागीविवाह (ब्याइतेपट्टिका) गरी सन्तान जन्मिएमा उसको थर हुन्छ, हमाल । त्यस्तै, ब्राह्मणले ठकुरी कन्या, विधवा वा अर्काकी स्त्री भगाई ल्याएमा (भागीविवाह (ब्याइतेपट्टिका) भई सन्तानको जन्म भएमा त्यस्तो सन्तानको थर रहन्छ, खाती । त्यसर्थ खातीमा ब्राह्मण र ठकुरीको रक्त मिश्रित हुन्छ । जब खातीले दलित समुदायकी कुनै स्त्रीसँग संसर्ग गरेपश्चात् उनीहरूको सन्तानको जन्म भएमा त्यस्तो सन्तानको थर खाती नै हुने भए पनि उसको सामाजिक हैसियत अछुत रहन गयो । त्यसैले कतिपय आफ्नो थरमा खाती क्षत्री शब्द थप्ने गरेको देख्न सकिन्छ ।

हाम्रा पुर्खाको कथन छ, कसैले पनि जात, धर्म बेचेर खानुहुँदैन, त्यसो गर्नु महापाप हो । तर, इतिहास भन्छ, नेपालका बहुमत, बहुसंख्यक समुदाय विभिन्न कालखण्डमा धर्म परिवर्तन गरी हिन्दु बनेका हुन् । त्यसका यथेष्ट उदाहरण छन् । त्यति मात्रै होइन, समाजशास्त्री डोरबहादुर विष्टको पुस्तक 'भाग्यवाद र विकास'मा लेखिएअनुसार ब्राह्मणलाई खेतबारी, जग्गा, जमिन, पशु आदि धन सम्पत्ति उपलब्ध गराएर जातोन्नति गराइएका प्रशस्तै छन् । राजा र ब्राह्मणले जात घटुवा गराई अछुतमा झारिएका मात्रै होइन, अछुतबाट छुत बनाइएका समेत धेरै उदाहरण छन् । जात, थर, गोत्रमा गौरव गर्ने होइन, घृणा र परित्याग गर्नुपर्छ । अन्यथा, जातको विनाश र समानताको युगको जन्म हुन सम्भव छैन ।

म चाहन्छु मेरो सामाजिक परिचय उदय होस् । मेरा सन्तानले उदयलाई वंश वा परम्परागत पहिचान नबनाउन् । उनीहरू पनि आफूले इच्छाएको 'टाइटल' लेख्न स्वतन्त्र रहुन् । मैले आफूले इच्छाएको थर उदय लेख्ने अधिकार र अनुमति नपाउने राज्य व्यवस्था कसरी लोकतान्त्रिक हुन सक्छ ? कसैले आहुति, कसैले प्रकाश, कसैले कुमार, कसैले विद्रोही लेख्न नपाउने राज्य कसरी आधुनिक र लोकतान्त्रिक ? त्यसैले, म मेरो जात, थर बेच्न चाहन्छु, किन्ने कोही छ ?

पानीको रङ
जीवन र जगत्को रङ

ठोक्किँदा निधारमा दुःख सर्लाजस्तो गर्ने दोगला साहित्यकारको भिडमा बस्ताकोटी अपवाद हुन् ।

नेपालबाट खुट्टा उचालेपछि उनले धेरै देशको पानीको स्वाद चाख्दै र रङ हेर्दै अमेरिका आइपुगेका हुन् । हाल अमेरिकी सरकारको वातावरण विभागमा वरिष्ठ वातावरणविज्ञका रूपमा कार्यरत डा. ऋषि बस्ताकोटीको काम र रुचिको क्षेत्र प्रकृति संरक्षण हो । यसर्थ, उनी प्रकृति संरक्षण र पर्या साहित्यका अभियन्ता पनि हुन् । उनी बोल्न नसक्ने मान्छे र बोल्न नसक्ने प्रकृतिको भाषा बुझ्न सक्ने मान्छे हुन् ।

'पानीको रङ' कविता कृतिमा बस्ताकोटीको आधा शताब्दी लामो जीवनको देखाइ, भोगाइ, सिकाइ र बुझाइ प्रतिबिम्बित भएको छ । 'पानीको रङ' भित्र रङ खोज्दै जाँदा सत्य, न्याय, समानता, बन्धुत्व, प्रकृति र प्रवासजस्ता अनेकौं रङ भेटिन्छन् । शिखा बुक्सले बजारमा ल्याएको चालिस थान कविताको यो संग्रहकै प्रतिनिधि कविता हो पहिरो । यही शीर्षकको कविताले उनलाई राष्ट्रिय कविता महोत्सव



२०५२ मा पुरस्कृत गरेको हो । यस अर्थमा कविताहरूको सँगालो अहिले प्रकाशित भए पनि उनी तीन दशकअघि नै कविका रूपमा स्थापित भएका छन् ।


भनिन्छ कि काव्यले बहुल अर्थ दियो भने त्यो अझै सशक्त मानिन्छ । यहाँ पहिरोले एकातर्फ वातावरण विनाशलाई संकेत गर्दछ भने अर्कोतर्फ मानवीय अन्तरसम्बन्ध भत्किँदै गइरहेको अवस्थाप्रति चिन्ता व्यक्त गर्दछ ।

कविता बुन्ने आफ्नै मौलिक शिल्प छ, कवि बस्ताकोटीको । सरल भाषामा ग्रामीण बिम्ब लिएर गहिरो भाव सम्प्रेषण गर्ने कवि बस्ताकोटी मुक्त छन्दका कवितामा पनि लय र अनुप्रासमा खेल्न जान्ने कवि हुन् । यसले के देखाउँछ भने उनले आफ्नो जरो भुलेका छैनन्, अर्थात् मुक्तककार, गजलकार र गीतकार हुनुको प्रभाव पनि कवितामा छाएको छ ।

भाव र शिल्प दुवै दृष्टिकोणले प्रभावशाली अर्को कविता हो बा । बा सन्तानको नांगो पैतालामा काँडा नबिझोस् भनेर आफ्ना हत्केला ओछ्याइदिने मान्छे हो ।

आफ्नो लामो कालखण्डको लेखनलाई चाल्लोमा हालेर चाल्दा बाँकी रहेका कवितालाई मात्र सङ्गहमा समेट्नुले कवि कविताको गरिमाका प्रति निकै सचेत छन् भन्ने पुष्टी गर्दछ । कविता भनेको कला पनि हो र विचार पनि हो । उनी कला र विचारको मध्यमार्गमा हिँडेका छन् । यसरी हेर्दा कवि बस्ताकोटीको 'पानीको रङ' कवितासंग्रह पानीको रङ मात्र होइन जीवन र जगत्का अनेकौं रङहरूको आकर्षक इन्द्रेनी हो भन्न सकिन्छ ।

७४ वर्षमा पनि जिमखाना धाइरहेका ज्ञानरत्न



*ज्ञानरत्न शाही ७४ वर्षका भए। यत्तिको उमेरमा पनि उनी दैनिक जिमखानामा भेटिन्छन्। ८६ केजीका उनले यसैसाता काठमाडौंमा सम्पन्न एसियन पावरलिफ्टिङ च्याम्पियनसिप २०२५ को स्वर्ण पदक जिते। पुरुष ९४ केजी समूहमा उनले भारबहन गरेका थिए। ज्ञानरत्नले सिकाएका छोरा रुजेश शाहीले बडिबिल्डिङ विश्व च्याम्पियनसिपमा देशलाई तीन पदक दिलाइकेका छन्। शाहीले **रमेश सुवेदी**लाई उपाधि जित्दाको क्षणदेखि आफ्नो खेल जीवनको विगत र वर्तमान सुनाएका छन् :*



खेल

● ज्ञानरत्न शाही

००८ सालमा काठमाडौंमै जन्मिएँ। २०२६ सालदेखि जिममा अभ्यास गर्न थालेँ। चन्द्र राई गुरुले १८ वर्षको उमेरमै जिम सुरु गराउनुभएको थियो। यतिवेला जिम जानुपर्छ, ज्यान बनाउनुपर्छ भन्ने मानसिकता त्यति थिएन। गुरुले बुबा देवरत्न शाहीलाई निकै अनुरोध गरेपछि म जिममा जोडिएँ। जिममा जाने भएपछि सुरु सुरुमा चना खुबै खाइयो। पछि मात्रै अन्डा र दुध खान थालियो।

त्यसपछि त लखतीर्थमा रहेको जिममा भने रहरले जान थालेँ। त्यतिवेला अहिलेको जस्तो सुविधासम्पन्न जिमहल थिएनन्। मेसिन नै खासै थिएनन्। हातले नै बनाएका सामान लिने हो। एउटा टेबल, एउटा डन्डी, दुईवटा चक्का यति नै हो जिमखानामा हुने। अग्राखको काठबाट जिमका सामान तयार पारिन्थ्यो। पेटको लागि अभ्यास काठको फल्याकमा गर्ने हो। साइकलको ट्युब हुन्थ्यो। त्यो नै प्रयोग गर्ने हो। केही भारबहन गर्न पऱ्यो भने वरपर मान्छे राख्नुपर्थ्यो। अहिलेको जस्तो प्रविधि हुँदैन थियो। म्याट नै हुँदैनथ्यो। भुइँमै बसेर सबैले जिम गर्ने हो। डम्बेल पनि आफैँ बनाउने हो। रडमै कसेर बनाउने गरेका थियौँ। कहिलेकाहीं इँटाले पनि काम चलाउनुपर्थ्यो।

मैले धेरै क्लबमा अभ्यास गरेँ। न्युफेसेस क्लब, नेपाल व्यायाम मन्दिर, काठमाडौं क्लबमा अभ्यास गरेँ। अहिलेको जस्तो चोक-चोकमा जिमखाना हुँदैनथ्यो। यसरी नै कोटेश्वरमा बस्दा दैनिक कीर्तिपुर पुगेर पनि अभ्यास गराएँ। त्यही भएर प्रधानपञ्चले मलाई त्यहाँको जग्गा दिलाइदिए।

०३८ सालमा मिस्टर नेपाल प्रतियोगितामा शिवलाल श्रेष्ठ विजयी भए। यही समय पावर लिफ्टिङ गेम भएको थियो। ३० वर्षको उमेरमै प्रतियोगितामा दोस्रो भएँ। निलकण्ठ मान्धर च्याम्पियन भए। ३० वर्षको उमेरदेखि नै जिम गर्न छाडेँ। घरायसी कारण, व्यक्तिगत कारण खेल नै छाड्नुपर्ने भयो।

■ हाम्रो प्रेमकथा

लभ परेपछि भने निकै दुःख पाएँ। २० वडाकै निरु प्रधानसँग लभ परेको थियो। जिम जाँदा-जाँदा यस्तो भएको थियो। म नेवार शाही भएँ, उनी प्रधान। त्यसैले पनि घरमा मान्छेले मन पराएनन्। बुबा-आमाले भनेको मानिनँ। अन्तरजातीय भएर हो वा अरू केही सोच थियो होला। घरमा वास पाउने देखिएन। राम्रा परिवार, खानदानी नै छोरी दिन्छौं भन्न आए। तर, म उनीहरूको पछि लागिनँ। निरुलाई छाड्दिनँ भन्ने अठोट लिएर अगाडि बढेँ। बरु बिहे गरौं र संघर्ष गरौं भन्ने भयो। घरमा स्वीकार नहुने देखेपछि हामी काठमाडौंबाट भाग्यौं। नेपालगन्ज जाने निर्णय गर्यौं। त्यो वेला नेपालगन्ज जान भारत हुँदै जानुपर्ने थियो। रक्सौल पुग्यौं। त्यहाँ पुगेर ढुक्क महसुस गरेका थियौं।

३१ वर्षको उमेरमा विवाह गरेर, त्यहाँबाट भारत हुँदै नेपालगन्ज पुग्यौं। निरु क्याम्पसमा काम गर्ने भइन्। म नेपालगन्जकै विद्युत् प्राविधिकरणमा जागिरे भएँ। पछि म नेपालगन्जको गर्मी सहन नसकेपछि काठमाडौं फर्किएँ। निरु पनि बच्चा हुने भएपछि एक वर्षमै काठमाडौं फर्किइन्। त्यसपछि मामाघर भक्तपुर गर्यौं। सात-आठ दिनपछि चाबहिल मित्रपार्क गएर बस्यौं। दुई-तीन महिनापछि जबर्जस्ती घर गएँ। पछि परिवारले स्वीकार गऱ्यो। तर, सम्पत्ति लिइनँ। जेठो छोरो ५५ सालमा बितेको हो। कोटेश्वरको घरको बरन्डाबाट लडेर देहावसान भयो। ६ वर्षपछि बुहारीलाई पनि विवाह गरेर दिएँ।

■ ... अनि छोरालाई खेलाडी बनाएँ

०७५ सालसम्म हामी कोटेश्वरमा बस्दै आएका थियौं। अहिले भने बौद्ध सर्वेश्वरमा बस्छौं। आफू खेलबाट टाढा भएपछि छोरा रुजेशलाई खेलाडी बनाउने सपना देखेँ। आफूले जवानीमा धेरै खेल खेल्न नपाए पनि छोरोलाई भने एक दिन नेपाल च्याम्पियन बनाउँछु भन्ने लाग्यो। त्यो बनाएर पनि देखाएँ। ६० केजी तौल समूहको विश्व शारीरिक सुगठन प्रतियोगितामा छोराले नेपाललाई तीन (दुई रजत, एक कांस्य) पदक जिताएँ। अहिलेसम्म उसले विश्व च्याम्पियनसिप पनि खेलिसक्यो।

कोभिड-१९ पछि पुनः फिटनेसमा ध्यान दिन थालेँ। परिवार सबैले हुन्छ भनेपछि जितको तयारी गरेँ। श्रीमती निरु शाही प्रधानले भनै साथ दिइन्। अहिले कान्छो छोराले निकै साथ दिएको छ। परिवारमै खेलकुदको माहोल छ। मेरो डाइट छोरोले नै हेर्छ। परिवारले नै खाना मिलाउनुपर्छ। खाना बनाइदिने, कति घण्टा सुत्ने, कति घण्टा घाममा सुत्ने सबै परिवारले हेरिदिन्छन्। यो खेल नै त्यस्तै गाह्रो छ।

बौद्धको रोयल जिममा दैनिक अभ्यास गरिरहेको छु। दुई-तीन महिना त निकै गाह्रो भयो। प्रतियोगितामा भन्दा पनि पहिला फिट हुन खेलेको हो। त्यसैले फिट हुन नै केन्द्रित भएँ। बिचमा पुनः रोकियो। श्रीमती ६ महिना प्यारालाइसिसबाट ग्रस्त भइन्। त्यो समयमा मैले अभ्यास गर्नै पाइनँ।

अहिले मलाई देख्दा मान्छेले मोटो भन्छन्। तर, शरीरलाई सहज छ। ज्यान अहिले निकै राम्रो देखिन्छ। आफ्नो ज्यान देख्दा खुसी लाग्छ। अहिलेसम्म कुनै रोग छैन। बिचमा पत्थरी भएको थियो। अहिले जिममा लागेपछि सबै ठिक भएको छ।

■ ... अनि भएँ च्याम्पियन

सुरुमा नेपालमा रूप कार्कीले पावरलिफ्टिङ व्यवसाय सुरु गरेको हो। त्यसपछि बुद्धिजंग कार्कीले पावरलिफ्टिङमा प्रतियोगिता सुरु गरे। सुरुमा अभ्यास गर्दा ७० केजी मात्रै उठाएको थिएँ। नेपालमै एसियन च्याम्पियनसिप हुने भयो। प्रतियोगिताको पावरलिफ्टिङमै पछि १३० केजी उठाएँ। स्वाटमा १३५ केजी उठाएँ।


> ०२६ सालतिर अहिलेको जस्तो सुविधासम्पन्न जिमहल थिएनन्। मेसिन खासै थिएनन्। हातले नै बनाएका सामान लिने हो। एउटा टेबल, एउटा डन्डी, दुईवटा चक्का यति नै हो जिमखानामा हुने। अग्राखको काठबाट जिमका सामान तयार पारिन्थ्यो। पेटको लागि अभ्यास काठको फल्याकमा गर्थ्यौं।

मैले प्रतिस्पर्धा गर्दा पुरुष ९४ केजीमा गरेको हो। तर, मेरो प्रतिस्पर्धा हुने र नहुने नै दोधार थियो। दुई दिनअघिसम्म पनि टुंगो लागेको थिएन। अन्तिम समयमा राखिएको थियो। अघिल्लो दिन मात्र मलाई मेरो विधा थपिएको जानकारी आएको थियो। प्रतियोगिता सुरु भयो। सबैको अघि भयो। मेरो भने अन्तिम समयमा राखिएको थियो। मभन्दा कमका ६२ वर्षको मान्छे आएका थिए सुनील दत्त भन्ने भारतीय खेलाडी। माल्दिभ्स, भुटान, श्रीलंकाबाट पनि आएका थिए। सबैभन्दा अनुभवी मान्छे म नै भएँ। पाको मान्छे भनेर सबैले फोटो खिचेर लगे। त्यो मेरो जीवनको विशेष दिन थियो।

■ माहोल नै मतर्फ आयो

म खेल्ने भनेपछि माहोल नै मतर्फ फर्कियो। ७४ वर्षको बुबाले पावरलिफ्टिङ गर्‍यो भनेर हल्ला चल्यो। पुलिस एकेडेमीमा भएका धेरै मान्छे मैले उचालेको हेर्न हलभित्र प्रवेश गरे। मेरो खेल हेर्न एक्लै बसेकी श्रीमती निरुलाई त सबैले छेके। उनले राम्रोसँग हेर्नै पाइनन्। हल नै गुन्जायमान भयो। धेरैले साथ दिए। हौसला बढाए। यसपछि सहज लाग्यो। डर भन्ने चिज नै थिएन। मैले एकदमै सहजै उठाएँ। एकदमै राम्रो भयो। तयारी राम्रो गरेको थिएँ। छोरोले पनि राम्रो सिकायो। जमानामा मैले छोरोलाई सिकाएँ। छोरो प्रविधिमैत्री भइसकेको छ। उसले मलाई च्याम्पियन बनाउन भूमिका खेल्यो। छोरो अहिले नेपालको टिम लिएर थाइल्यान्ड पुगेको छ।

पावरलिफ्टिङमा भविष्य राम्रो छ जस्तो लाग्छ। तर, खर्च धान्नै गाह्रो हुने। सामान्य परिवारको मान्छेलाई भने गाह्रो हुन्छ। म बिहान नै ५-६ वटा अन्डा खान्छु। उमालेको मासु दुई-तीन सय ग्राम खान्छु। ज्यान फिट राख्न यति गर्नैपर्छ। ओट्स खान्छु। दुध फलफूल खान्छु। बरु भात कम खान्छु। मेरो छोरो अझै १०-१५ ओटा अन्डा खान्छ। खाना नै खाँदैन। किन भन्दा ज्यान फिट राख्न। निकै गाह्रो भए मात्रै खाना खाने हो। यत्तिको फिट नभएर बस्न निकै गाह्रो छ। अहिले अन्डा निकै महँगो छ। फेरि राज्यले साथ दिएको छैन। सबै व्यक्तिगत खर्चमा हुने हो। हाम्रो पावरलिफ्टिङ संघ नै दर्ता नहुँदा निकै गाह्रो छ। थाइल्यान्डमा हुने एक खेल खेल्ने योजना थियो। तर, प्रतियोगितामा जाने वातावरण नै छैन। थाइल्यान्डमा हुने प्रतियोगितामा १ लाख ५० हजार जस्तो खर्च हुन्छ। आफ्नै खर्चमा जान्छु भन्दा पनि पाइनँ।



एनिमल फार्मको राजनीति

एउटा बुद्धिमान र वृद्ध सुँगुर 'ओल्ड मेजर'ले अन्य जवान जनावरलाई चेतावनी दिँदै मानवीय क्रूरताका कारण केही समयमै जीवन बाँच्नलायक नलाग्ने बताउँछन्

> जर्ज ओर्वेलको एनिमल फार्म प्रकाशित भएको ८० वर्ष पूरा भयो। प्रायः सोभियत संघको प्रारम्भिक सत्ता निर्माण, नेतृत्वबिचको संघर्ष र आशामाथिको कुठाराघातका कथाका रूपमा बुझिने यस कृतिको फरक पाटो पनि छ। यसका मूल जनावर पात्रमाथि ध्यान लगाउने हो भने आजको वातावरणीय संकटको पीडा, सपना र मानव अपवादको भ्रमजस्ता विषयवस्तु प्रकट हुन्छन्।

साहित्य



● सार्लोट स्ले

जर्ज ओर्वेलको एनिमल फार्म (१९४५) अगस्ट १७, २०२५ मा ८० वर्ष पुग्यो। इतिहास वा राजनीतिका हरेक विद्यार्थीलाई थाहा भएको कुरा हो कि उपन्यासको नामअनुरूप यो खासमा जनावरको कथा होइन। प्रमुख पात्र सुँगुर र घोडा भए पनि उपन्यासले सोभियत संघको प्रारम्भिक काल र जोसेफ स्टालिनको भ्रष्ट नेतृत्वमा साम्यवादको आदर्शमाथि के भयो भन्ने कथा भन्छ। रोला वार्थको 'लेखकको मृत्यु' भन्ने अवधारणाअघिका पुस्ताका अर्वेल आफैंले उपन्यासको कथालाई इतिहासको त्यही परिप्रेक्ष्यमा बुझ्न आग्रह गरेका थिए।

तर, हामीले यस प्रसिद्ध कृतिका जनावरलाई थप गम्भीरतापूर्वक लिन पनि प्रयोग गर्न सक्छौं। ओर्वेलले यो छोटो, रोचक उपन्यास त्यस्तो समयमा लेखेका थिए, जब जनावरमा विचार वा भावना हुन्छन् भन्ने वैज्ञानिक नै अस्वीकार गर्थे। हुन त सन् १८५९ मै चार्ल्स डार्विनले 'ओरिजिन अफ स्पेसिस' कृतिमार्फत मानिसहरू अन्य सबै जनावर प्रजातिसँग कुनै न कुनै रूपमा सम्बन्धित रहेको बताइसकेका थिए। तर, मनोविज्ञानले भने मानवोचित गुण अन्य जीवजन्तुमा पनि उपस्थित हुन सक्छन् भनेर सोचिसकेको थियो। बरु, पशु मनोवैज्ञानिकले मानव 'हामी' र पशु 'अन्य'बिच ठुलो संज्ञानात्मक खाडल रहेको तथ्य पहिलेभन्दा बढी जोड दिइरहेको वेला थियो, ओर्बेलको समय। र, समकालीन सामाजिक विज्ञान र मानविकी क्षेत्रका विज्ञले यही भिन्नतालाई अनुमोदन गरिदिए।

फ्रान्सेली मानवशास्त्री 'क्लाउड लेभी-स्ट्रोस'को सन् १९६२ को एक चर्चित उक्ति धेरै दोहोरिने गरेको छ, जसमा उनले 'जनावरहरू चिन्तनमननका सामग्री हुन्' भनेका थिए। खासमा हामीले जनावरलाई लिएर मानव विश्वासमाथि प्रश्न गर्यौं भने हाम्रो आफ्नै भित्री मूल्य-मान्यता र सामाजिक ढाँचा प्रकट हुन्छ। आजको मापदण्डअनुसार र जीवहरूको छैटौं महा-विलोप(मास एक्टिंगसन)को सन्दर्भमा लेभी-स्ट्रोसको कथन खेदजनक देखिन्छ। अहिलेको बहुप्रजाति अध्ययनले जनावर मानिसको उपभोग्य वस्तु वा चिन्तनका वस्तुबाहेक अरू केही होइनन् भन्ने धारणालाई अस्वीकार गर्छ।

विश्वका धेरै संस्कृतिमा जनावरसँग अलग 'व्यक्तित्व' हुन्छ भनेर स्विकार्दै उनीहरूसँग अन्तर्क्रिया गर्ने परम्परा छन्। फरक प्रजाति उठबस गर्ने वा जीवजन्तुको सिकारमा संलग्न मानिसले नै प्रायः तिनको व्यवहार र 'व्यक्तित्व'लाई नजिकबाट बुझेका हुन्छन्। बेलायतमा एक प्रमुख शैक्षिक परियोजनाले यो सम्बन्ध जनावरसम्बन्धी दन्त्य कथामा कसरी प्रतिबिम्बित हुन्छन् भनेर अनुसन्धान गरिरहेको छ। 'वातावरणीय संकटको युगमा दन्त्यकथामाथि पुनर्विचार' विषय परियोजनाले आजको द्रुत परिवर्तनशील र अनिश्चित वातावरणमा विभिन्न प्रजातिका जीवको अद्वितीय संसारको कल्पना गर्न विद्वान्, कलाकार र लेखकबिचको सहकार्यको संयोजन गरिरहेको छ।

कृषि उत्पादनमा रासायनिक मलको व्यापक प्रयोगअघि हुर्केबढेका अर्वेल औद्योगिक युग सुरु हुनुअघिको खेती र जनावरको घनिष्ठ ज्ञानबाट अनजान थिएनन्। बर्मामा हात्ती सिकारका विषयमा लेखिएको उनको सन् १९३६ को निबन्धमा वास्तविक जनावरको पीडा महसुस हुन्छ। 'एनिमल फार्म' पनि जनावरको पीडाबाट सुरु हुन्छ, जहाँ मानव किसानको क्रूरताले जनावरलाई एक गराउँछ। एउटा बुद्धिमान र वृद्ध सुँगुर 'ओल्ड मेजर'ले अन्य जवान जनावरलाई चेतावनी दिँदै मानवीय क्रूरताका कारण केही समयमै जीवन बाँच्नलायक नलाग्ने बताउँछन्। यदि हामीले यस कथन र वास्तविकतालाई पुस्तक अध्ययनको अवधिभर ख्याल गरिरह्यौं भने एनिफल फार्मको कथा फरक रूपमा बुझ्न सकिन्छ।

'पिन्चफिल्ड फार्म'को क्रूरता जनावरहरूलाई रिपोर्ट गरिँदा अर्वेलले यो कथालाई फेरि दोहोऱ्याएका छन्। मानव अत्याचारलाई जनावरले प्रमुख शत्रु मानेका छन्। जनावरको आशामाथि नेपोलियन नामको सुँगुरले विश्वासघात गर्दासमेत तिनले बोकेको क्रूरता अन्त्यको उद्देश्यप्रतिको विश्वास कहिल्यै धर्माउँदैन।

■ जनावरहरूको सपना

'एनिमल फार्म'मा हुने पशु क्रान्ति, किसानको क्रूरताको पतन सबै एउटा सुँगुरको सपनाबाट प्रेरित हुन्छ। 'ओल्ड मेजर' नामको सो सुँगुरले फार्मका अन्य जनावरलाई भेला गरेर 'मानिस लोप भएपछि पृथ्वी कस्तो हुनेछ' भन्ने आफ्नो दृष्टिकोण बताउँछ। मानव शोषणको अन्त्य चाहने पशुको सपना २०औं शताब्दीका पशु मनोवैज्ञानिकलाई अविश्वसनीय लाग्न सक्थ्यो। आखिर जनावरमा भावना हुने कुरा नै ती हास्यास्पद मान्थे।

कुनै कुकुर मालिकलाई सोध्नुहोला। तिनले आफ्नो चारखुट्टे साथीको पनि सपना हुने कुरा विनाधक बताइदिन्छन्। तर, दशकौंसम्म, वैज्ञानिकले भने त्यसलाई वाहियात बताइरहे। मानवशास्त्री एडुआर्डो कोहनद्वारा सिर्जना गरिएको वन जीवनको विवरणमा भने कुकुरका सपना हुने कुरामा जोड दिइएको छ। आफ्नो पुस्तक 'हाउ फरेस्ट्स थिंक (२०१३)'मा कोहनले कुकुर मात्र होइन, सबै जनावरले आफ्नो भविष्यबारे सोच्ने र कल्पना गर्ने तर्क गरेका छन्। तिनको अस्तित्व नै यही क्षमतामा टिकेको उनको मत छ।

एउटा अंशमा, कोहनले बाँदरले जंगलमा उठ्ने आवाजबारे (जसको स्रोत सामान्य ठक्कर वा सिकारीको आगमन हुन सक्छ) विश्लेषणलाई भविष्यवाणी गर्न प्रयोग गर्ने बताएका छन्। यो जीवन अस्तित्वसँग जोडिएको उनको ठहर छ। कोहनका लागि जनावरको संसार अर्थले भरिएको छ। अमूर्त भाषामार्फत अर्थ निकाल्ने मानव शक्ति जीवन यही जनावरको आमविशेषताको एउटा उदाहरण मात्र हो भन्ने उनको भनाइ छ।

एनिमल फार्मभरि सपनाहरू दोहोरिन्छन्, ती समयक्रममा शब्दद्वारा अभिव्यक्त गरिन्छ। अन्नभण्डारका भित्तामा लेखिएका जनावरको नियम वा आज्ञा सुँगुरहरूको भ्रष्ट अचारणलाई अनुमोदन गर्ने गरी परिमार्जन गरिन्छ। जब अर्थलाई अभिव्यक्त गरेर लेख्य रूपमा 'वस्तुनिष्ठ' बनाइन्छ, यसमा परिमार्जनको सम्भावना रहन्छ। शब्दहरू पुनः लेख्न सकिन्छ र योसँगै विगत पनि परिमार्जन गर्न सकिन्छ। जनावरहरू त्यसपछि तिनको पूर्व-मौखिक सम्झनालाई लिएर नै ढुक्क हुन सक्दैनन्। अनि, कथ्यबाट सपना गायब हुन्छन्।

सञ्चार-विज्ञानमा भएका अनुसन्धानले प्रकृतिसम्बन्धी पछिल्ला प्रवृत्तिले कोहन र अरूले वर्णन गरेजस्तो मानवभन्दा बृहत्तर विश्वमा समाहित हुने पाठकको इच्छालाई सम्बोधन गर्न थालेको देखाउँछ। यस्ता पाठकका लागि एनिमल फार्मले पशुको 'व्यक्तित्व' र मानव अपवादवादको भ्रमको अन्वेषण गर्न सक्छ।

एनिमल फार्मजस्तै वयस्कका लागि पशु-आवाजमा कथा भन्ने नयाँ कृति पछिल्लो समय पश्चिममा फेला पर्न गाह्रो छ। सायद लेखकलाई बालकजस्तो देखिएला भन्ने डरले बढी नै प्रभावित बनाएको हो कि ? तर, विश्वभरका आदिवासी साहित्य भने पशुको आवाजमा भनिने कथामा धनी छन्। जोसेफ ब्रुच्याकद्वारा लिखित आदिवासी अमेरिकीमाझ रहेको पशुकथाहरू समेटेको पुस्तक सन् १९९२ मा प्रकाशित भएको थियो। यो यस विधाको पछिल्लो उत्कृष्ट पुस्तक हो।

समकालीन गैरआख्यान बरु पशुकेन्द्रित कथ्य अन्वेषणमा बलियो देखिन्छ। आधुनिक क्लासिकमा दरिएको हेलेन म्याकडोनाल्डको संस्मरण 'एच इज फर हक (२०१४)' यसकै एक उदाहरण हो। कविहरूले जनावरको आवाजसँग समेत खेल्ने प्रयास गरेका छन्। यसमा सुसन रिचर्डसनको वर्डस् द टर्टल टट मी (२०१८) एक उदाहरण हो। दृश्य कलामा, 'फेरल प्राक्टिस' परियोजनाकी फियोना म्याकडोनाल्डले अन्य पशु-केन्द्रित प्रश्नका अतिरिक्त 'कमिलाहरूले ग्यालरी बनाए' भने के हुन्छ भनेर सोध्ने गर्छिन्।

*(युनिभर्सिटी कलेजकी विज्ञान तथा प्रविधि अध्ययन विभागकी सहप्राध्यापक स्लेको आलेख द कन्भर्सेसनबाट **श्रवण उप्रेती**ले अनुवाद गरेका हुन्)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १४ भदौ ०८२

दुई लाख नाघ्यो सुनको भाउ

शुक्रबार प्रतितोला दुई लाख ६ सय रुपैयाँमा सुनको कारोबार

अमेरिकी फेडेरल रिजर्भको ब्याजदर घटाउने संकेत, डलरसँग भारतीय रुपैयाँको अवमूल्यन तथा चीन, भारत, टर्कीलगायतले डलरको सट्टा सुन सञ्चितिलाई जोड दिँदा सुनको भाउमा रेकर्ड



नयाँ पत्रिका

शुक्रबार प्रतितोला दुई लाख ६ सय रुपैयाँमा सुन किनबेच भएको छ। ठुला लगानीकर्ताले सुनमा निरन्तर लगानी वृद्धि गरेका कारण मूल्यमा चाप परेको हो। एक सातामा प्रतितोला ३१ सय मूल्य बढेर सुनको भाउ दुई लाख नाघेको हो। साताको पहिलो दिन आइतबार सुनको भाउ तोलामा एक लाख ९७ हजार पाँच सय रुपैयाँ रहेको थियो।

अमेरिकाको केन्द्रीय बैंक फेडेरल रिजर्भ (फेड)को बैठक आगामी सेप्टेम्बरमा बस्दै छ। फेडले ब्याजदर कटौती गर्ने अनुमानले बैंकको निक्षेप झिकेर 'ठुला खेलाडी'ले सुनमा लगानी गरेका कारण मूल्य बढेको सुनचाँदी व्यवसायीको विश्लेषण छ। हाल ४.२५ प्रतिशतदेखि ४.५ प्रतिशतसम्म रहेको नीतिगत दरलाई फेडले आधा प्रतिशत विन्दुले कटौती गर्ने अनुमान अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले गर्न थालेका छन्।

अमेरिकी डलरको तुलनामा भारतीय रुपैयाँ कमजोर बन्दै गएकाले पनि सुनको मूल्य महँगिन पुगेको सुनचाँदी व्यवसायी महासंघका पूर्वअध्यक्ष तेजरत्न शाक्यको भनाइ छ। 'सुनको मूल्य बढ्दै जाँदा सिजनमै माग नगण्य छ। सुनको माग बढ्ने चाड तिज भर्खरै सकियो। दसैं-तिहार आउँदै छ। तर, सुनको दैनिक माग नगण्य छ। सरकारले विलासिता शुल्क लगाएपछि आन्तरिक बजारमा मूल्य केही बढेको थियो। सुनको भाउ एकदमै महँगो भएको र सर्वसाधारणको क्रयशक्ति नै कमजोर भएकाले सुनको माग बढ्न सकेको छैन।'

अमेरिकी बैंक फेडेरल रिजर्भको ब्याजदर घटाउने संकेत, अमेरिकी डलरसँग भारतीय रुपैयाँ कमजोर रहनु साथै चीन, भारत र टर्कीलगायतका देशहरूले डलर सञ्चितिको सट्टामा सुन सञ्चितिलाई जोड दिँदा सुनको भाउ नेपाली बजारमा उच्च रहन पुगेको महासंघको विज्ञप्तिमा उल्लेख छ।

भाउ निरन्तर बढ्दा सुनको माग नगण्य छ

● **तेजरत्न शाक्य**, सुनचाँदी व्यवसायी



सुनको मूल्य बढ्दै जाँदा सिजनमै माग नगण्य छ। सुनको माग बढ्ने चाड तिज भर्खरै सकियो। दसैं-तिहार आउँदै छ। तर, सुनको दैनिक माग नगण्य छ। सरकारले विलासिता शुल्क लगाएपछि आन्तरिक बजारमा मूल्य केही बढेको थियो। सुनको भाउ एकदमै महँगो भएको र सर्वसाधारणको क्रयशक्ति नै कमजोर भएकाले सुनको माग बढ्न सकेको छैन।

गत वर्ष र अहिलेको साउनमा समान परिमाणमा सुन आयात

■ तर, मूल्य बढ्दा ५० करोडको अन्तर

भन्सार विभागका अनुसार साउनमा एक सय किलो सुन आयात भएको छ। यसको मूल्य एक अर्ब ५२ करोड ६३ लाख रुपैयाँ छ। गत वर्ष साउनमा १००.१०२ किलो आयात भएको हो। यो वर्षको तुलनामा बजारभाउ कम भएकाले त्यतिवेला एक अर्ब चार करोड २२ लाख मूल्य परेको थियो। गत आर्थिक वर्ष ०८१/८२ मा कुल एक हजार तीन सय ८९ किलो सुन आयात भएको थियो, जसको मूल्य १७ अर्ब १२ करोड थियो।

चाँदीको भाउमा पनि नयाँ रेकर्ड



यो साता नेपाली बजारमा चाँदीको मूल्यले पनि नयाँ रेकर्ड बनाएको छ। गत १० साउनमा तोलाको दुई हजार तीन सय ६० रुपैयाँ पुगेर रेकर्ड बनाएको चाँदीको शुक्रबार पनि सोही मूल्य कायम छ। साताको पहिलो दिन आइतबारको तुलनामा भने शुक्रबार चाँदीको मूल्य प्रतितोला १० रुपैयाँ बढेको हो।

घरजग्गा कारोबारीलाई लाइसेन्सको व्यवस्था लागू

रियल इस्टेट क्षेत्रमा शंकास्पद लगानीलाई रोक्ने र आर्थिक पारदर्शिता बढाउने उद्देश्यले मालपोत नियमावली संशोधन, निश्चित दस्तुर तिरेर लाइसेन्स लिएपछि बर्सेनि विवरण बुझाउनुपर्ने बाध्यकारी व्यवस्था, नमान्नेलाई १० लाखसम्म जरिवाना

■ एकैपटक पाँच करोडसम्म कारोबार गर्ने व्यक्तिले लाइसेन्स लिन पाँच लाख र पाँच करोडभन्दा बढीको कारोबार गर्नेले १० लाख दस्तुर तिर्नुपर्ने

लाइसेन्सको अवधि पाँच वर्ष

■ कसैले लाइसेन्स नलिई कारोबार गरेमा बिगोअनुसार र बिगो नखुलेको हकमा २५ लाख रुपैयाँसम्म जरिवाना वा ६ महिनासम्मको कैद सजाय हुने व्यवस्था

■ अहिले लाइसेन्स लिएर काम गरिरहेका व्यवसायीले पनि नियमविपरीत कारोबार गरेमा बिगोबराबर वा १० लाख रुपैयाँसम्म जरिवाना तिर्नुपर्ने



● **भेषराज लोहनी**, अध्यक्ष, घरजग्गा तथा आवासीय विकास महासंघ



हालसम्म लाइसेन्सको व्यवस्था नहुँदा कम्पनी दर्ता गरेर केही व्यक्तिहरूले घरजग्गाको कारोबार गर्दै आइरहेका छन्। तर, कतिले वास्तविक कारोबार गर्दै छन् भन्ने यकिन थिएन। लाइसेन्स प्रणाली लागू भएपछि सरकारलाई वास्तविक घरजग्गा कारोबारमा कति जना छन्, को-को हुन् भन्ने थाहा हुने भयो।

संशोधित नियमावलीअनुसार एकपटकमा पाँच करोड रुपैयाँसम्म कारोबार गर्ने व्यक्तिले पाँच लाख रुपैयाँ दस्तुर तिरेर लाइसेन्स लिन पाउने व्यवस्था छ। पाँच करोडभन्दा बढीको कारोबार गर्नेले १० लाख रुपैयाँ दस्तुर तिरेर लाइसेन्स लिन पाउने व्यवस्था गरिएको छ। लाइसेन्ज जारी गर्ने निकायबारे केही समयपछि निर्णय हुनेछ।

हाल कम्पनी रजिस्ट्रारको कार्यालयमा कम्पनी दर्ता गरेर घरजग्गा कारोबार गरिरहे पनि लाइसेन्सको व्यवस्था नहुँदा व्यवस्थापन हुन नसकेको घरजग्गा तथा आवासीय विकास महासंघका अध्यक्ष भेषराज लोहनीले बताए।

पवन तिमिल्सिना/नयाँ पत्रिका

घरजग्गा कारोबार गर्नेलाई अनिवार्य लाइसेन्स लिनुपर्ने व्यवस्था लागू गरिएको छ। सरकारले मालमोत नियमावलीको आठौँ संशोधनमार्फत पाँच वर्षसम्मको अवधि रहने लाइसेन्स लिन अधिकतम १० लाख रुपैयाँसम्म दस्तुर तिर्नुपर्ने व्यवस्था गरिएको छ।

०८० मा सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐन संशोधन गर्दै मालपोत ऐनमा घरजग्गासम्बन्धी कारोबार गर्न लाइसेन्स लिनुपर्ने व्यवस्था गरिएको थियो। व्यक्तिबिच आपसी समझदारीबाहेक कसैको घरजग्गा खरिद-बिक्री गर्न सहयोग गर्ने वा परामर्श दिने व्यक्ति (घरजग्गा दलाल)ले लाइसेन्स लिनुपर्ने प्रावधान राखिएको थियो। बिहीबार मालमोत नियमावलीको संशोधन राजपत्रमा प्रकाशित गरेर कार्यान्वयन थालेको हो।



लाइसेन्सको व्यवस्थाले घरजग्गा कारोबारमा आर्थिक पारदर्शिता ल्याउने भए पनि थप व्यवस्थित गर्न जरुरी रहेको उनले बताए। भविष्यमा धितोपत्र व्यवसायीलाई जस्तै निश्चित कमिसन दिने गरी लाइसेन्स प्रणालीलाई व्यवस्थापन गर्दै जानुपर्ने उनको सुझाव छ।

■ लाइसेन्स प्रणाली सुरु गर्न आयोगले दिएको थियो सुझाव



रामेश्वर खनाल

पूर्वअर्थ सचिव रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले घरजग्गा कारोबारलाई व्यवस्थित गर्न लाइसेन्स प्रणाली लागू गर्नुपर्ने सुझाव दिएको थियो। त्यसैका आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गरेको आर्थिक सुधार कार्यान्वयन कार्ययोजनामा ६ महिनाभित्र घरजग्गा व्यवसायको लाइसेन्स लिएर मात्रै कारोबार गर्न दिने नीति लिइएको थियो। लाइसेन्स प्रणाली लागू भए-नभएको अनुगमन पनि प्रधानमन्त्री कार्यालयबाटै हुने गरी कार्ययोजना बनेको छ।

■ कसले जारी गर्छन् लाइसेन्स ?

लाइसेन्सका लागि निवेदन दिने अधिकारीका रूपमा भूमि व्यवस्था विभाग, मालपोत कार्यालय, प्रदेश वा स्थानीय तह जसलाई पनि तोक्न सक्ने ऐनमा व्यवस्था छ। लाइसेन्सको अवधि सकिनु ३५ दिनअघि नै दस्तुरसहित नवीकरणका लागि आवेदन दिनुपर्ने व्यवस्था छ। समयमा नवीकरण गराउन नसक्ने व्यक्तिले थप ५० हजार रुपैयाँ तिरेर लाइसेन्स सकिएको ९० दिनभित्र नवीकरण गराइसक्नुपर्ने हुन्छ।

घरजग्गासम्बन्धी कारोबार गर्न चाहने लाइसेन्सप्राप्त व्यक्तिले भू-सेवा केन्द्र सञ्चालन गरी भू-सूचना प्रणालीका माध्यमबाट घरजग्गासम्बन्धी कारोबार गर्नुपर्ने उल्लेख छ। तर, त्यस्तो व्यक्ति आफैंले भू-सेवा केन्द्र सञ्चालन नगरी कारोबार गर्न चाहेमा अन्य इजाजतपत्रप्राप्त व्यक्तिले सञ्चालन गरेको भू-सेवा केन्द्रबाट भू-सूचना प्रणालीका माध्यमले कारोबार गर्न पाइने उल्लेख छ।

नेपाल-चीन कृषिवस्तु निर्यातबारे छलफल

काठमाडौं/ नेपालले भैंसीको प्रशोधित मासु र कुरकुरे हाडसँगै दुग्धपदार्थको निर्यातमा पनि सहजीकरण गर्न चिनियाँ पक्षसँग संवाद गरेको छ। चीनको भन्सार प्रशासनका उपमन्त्री वाङ लिङजुन नेतृत्वको टोलीसँग नेपालका कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारी नेतृत्वको टोलीले छलफल गरेको हो।

बैठकमा नेपालले गरेको आग्रहलाई चिनियाँ पक्षले सकारात्मक रूपमा लिएको जनाएको मन्त्रालयको दाबी छ। त्यस्तै, हेलेज साइलेज पशु आहारा निर्यातका लागि पनि द्विपक्षीय बैठकमा नेपालले कुरा राखेको छ। नेपालले कुखुराको मासु र पन्जा, तरकारी, सुन्तलाजन्य फलफूल, चिया तथा कफी र जडीबुटी निर्यातका लागि सक्षम रहेको र यसका लागि थप सहजीकरण गरिदिन पनि आग्रह गरेको छ। हाल नेपालबाट ३४ प्रकारका कृषि वस्तु ६१ वटा कम्पनीमार्फत निर्यात हुँदै आएको छ। त्यस्तै, हरियो घाँस हेलेज पाँचवटा कम्पनीमार्फत चीन निर्यात हुँदै आएको छ। बैठकमा चीनका भन्सार प्रशासनका उपमन्त्री वाङले चीनले नेपालबाट कृषि वस्तु निर्यातको विषयलाई उच्च महत्त्व दिएको बताए।

वन ऐन संशोधन नहुँदा गुम्दै राजस्व

वार्षिक १५ करोडसम्म आम्दानी गुमिरहेको वन सचिव केदार बरालको भनाइ

मकवानपुरमा **पोष्टराज अधिकारी**



बागमती प्रदेशले ०७६ देखि लागू गरेको राष्ट्रिय वन ऐन संशोधन नगर्दा राजस्व संकलन गर्न सकेको छैन। संघीय कानुनका केही प्रावधानसँग बाझिएकाले प्रदेशको ऐन अहिले निष्क्रिय छ।

प्रदेशले तयार पारेको ऐनमार्फत वनलाई व्यवस्थित गर्दै राष्ट्रिय तथा निजी वनबाट पैदावार बिक्री गरी राजस्व संकलन गर्ने व्यवस्था गरिएको थियो। तर, संघीय कानुनसँग बाझिन जाने दफाहरूका कारण प्रदेशको ऐन निष्क्रिय हुँदा राजस्व संकलनमा प्रत्यक्ष असर परेको छ। प्रदेशको वन तथा वातावरण मन्त्रालयका सचिव केदार बरालले ऐन संशोधन गरेर कार्यान्वयन गर्न नसक्दा वार्षिक १२ करोडदेखि १५ करोडसम्म राजस्व गुमिरहेको बताए। 'सामुदायिक वनबाट संकलन हुने राजस्वमा समेत अस्पष्टता हुँदा यस्तो अवस्था आएको हो। संविधानको मर्मविपरीत संघीय कानुनसँग बाझिने खालका प्रावधान भएका कारण संशोधन अपरिहार्य बनेको छ,' उनले भने। सामुदायिक वन उपभोक्ता महासंघले आर्थिक ऐनमा तोकिएको राजस्वसम्बन्धी प्रावधानविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेपछि अन्तरिम आदेश जारी भएको र त्यसका कारण पनि प्रदेशलाई ठुलो घाटा भएको बरालको भनाइ छ। प्रदेश वन ऐनमा रहेका वन क्षेत्रभित्रको बस्ती स्थानान्तरण, उद्योगहरूलाई जग्गाको भोगाधिकार दिने-गर्नेजस्ता अधिकार प्रदेशमातहत राखिएको उनले बताए।

'इलेक्ट्रिक एन्ड इलेक्ट्रोनिक्स' अन्तर्राष्ट्रिय प्रदर्शनी सुरु

काठमाडौं/ शुक्रबारदेखि भृकुटीमण्डपमा नेपाल इलेक्ट्रिक पावर एन्ड लाइट्स तथा नेपाल कन्जुमर इलेक्ट्रोनिक्स एन्ड होम अप्लायन्सेसको चौथो संस्करणको अन्तर्राष्ट्रिय प्रदर्शनी सुरु भएको छ। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले प्रदर्शनीको उद्घाटन गरेका छन्।



स्वदेशी तथा विदेशी कम्पनीका सयभन्दा बढी स्टलहरू रहेको प्रदर्शनीमा उच्च गुणस्तर र अत्याधुनिक एवं नवीनतम प्रविधिका टान्समिसन तथा डिस्ट्रिब्युसन सामग्री, ऊर्जा आपूर्ति तथा कन्ट्रोल डिभाइस, हाउस वायरिङका सामग्री, तार, केबुल एवं कन्डक्टर, अत्याधुनिक सिँचहरू, एलइडी लाइटिङ, इलेक्ट्रोनिक्स उपकरण, घरेलु विद्युतीय उपकरणहरू, चार्जिङ स्टेसन, ब्याट्री, कार्यालयमा प्रयोग हुने विद्युतीय प्रविधि तथा अन्य विद्युतीय सामग्रीका उत्पादक र विक्रेताको सहभागिता रहेको छ।

संक्षेप

अपि हिमाल उक्लिँदै १५ जना आरोही



काठमाडौं/ सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लामा अवस्थित अपि हिमालको आरोहण गर्न १५ सदस्यीय टोली शुक्रबार प्रस्थान गरेको छ। नेपाल पर्वतारोहण संघ (एनएमए)द्वारा आयोजित बिदाइ कार्यक्रममा बोल्दै संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले आरोहीको टोलीलाई बिदाइ गरेका हुन्। उनले पहिलो आरोहण सुदूरपश्चिम प्रदेशका लागि ऐतिहासिक र सुखद क्षण भएको उल्लेख गरे। सरकारले हालै मात्र राजपत्रमार्फत सुदूरपश्चिम र कर्णाली प्रदेशका ९७ वटा हिमालको दुई वर्षका लागि आरोहण शुल्क छुट दिने निर्णय गरेसँगै अपि हिमालको आरोहण प्रारम्भ भएको हो।

सातामा २३.०३ अंकले बढ्यो सेयर बजार

काठमाडौं/ नेप्से परिसूचक यो साता उतारचढावबिच झिनो वृद्धि भएको छ। बिहीबार २,७५७.९७ विन्दुमा बन्द भएको नेप्से यो साताको अन्तिम कारोबार दिन बिहीबारसम्म आइपुग्दा २,७८१ विन्दुमा पुगेर बन्द भयो। यसरी साताभर २३.०३ अंकले परिसूचक बढेको हो। साताभरको कारोबार विवरणअनुसार आइतबार नेप्से १८.०२ अंकले घटेर २,७३९.९५ विन्दुमा पुगेको थियो। सोमबार भने २१.३० अंकले वृद्धि हुँदै २,७६१.२६ विन्दुमा पुगेको सूचक मंगलबार ४.८३ अंकले बढेर २,७६६.०९ विन्दुमा उक्लिएको थियो।

नेपाललाई ग्रे लिस्टबाट चाँडै बाहिर ल्याउँछौं : अर्थमन्त्री



काठमाडौं/ अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्न सरकारले कुनै कसर बाँकी नराखी काम गर्ने बताएका छन्। राष्ट्रिय सभामा सांसदहरूसँगको सवाल-जवाफमा उनले यस्तो बताएका हुन्। 'ग्रे लिस्टबाट बाहिर निकाल्न कुनै कसर बाँकी नराखी सरकारले काम गर्छ। हामी ग्रे लिस्टबाट बाहिर निस्कने मात्र होइन, फेरि कहिल्यै ग्रे लिस्टमा नपर्ने गरी कामकारबाही अघि बढाइरहेका छौं। यसका नतिजाहरू क्रमशः आउनेछन्,' उनले भने। अर्थमन्त्री पौडेलले दुई वर्षअघि नै नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्ने दाबी गरे।

लगानी सम्मेलन गर्न मुख्यमन्त्री शाहको दौडधुप

बिहीबार उद्योगमन्त्री दामोदर भण्डारीसहितका उद्योगीसँग छलफल गरेका मुख्यमन्त्री शाहले शुक्रबार बिहान पर्यटनमन्त्री बद्री पाण्डेसहितका व्यवसायीसँग र दिउँसो परराष्ट्रमन्त्री आरजु राणा देउवाको समन्वयमा विभिन्न देशका राजदूतसँग गरे अन्तर्क्रिया

सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह भन्छन्-



अहिले हामी विषयगत क्षेत्रसँग छलफल गरिरहेका छौं। निजी क्षेत्रसँग पनि छलफल हुन्छ। सबै क्षेत्रबाट आएका सुझावलाई समेटेर ऐन-नियम संशोधन गरी लगानीमैत्री बनाइनेछ। हामीसँग सीमित पूर्वाधार, न्यून लगानी, रोजगारीको सीमित अवसरजस्ता चुनौती छन्।

यम बम/नयाँ पत्रिका

सुदूरपश्चिमका मुख्यमन्त्रीले २ दिनमा तीन मन्त्री र उद्योगी-व्यवसायी तथा विभिन्न देशका राजदूतसँग गरे छलफल



बिहीबार उद्योगमन्त्री दामोदर भण्डारी र उद्योगीबिच छलफल।



शुक्रबार बिहान पर्यटनमन्त्री बद्री पाण्डेसँग अन्तर्क्रिया।



शुक्रबार दिउँसो राजदूतहरूसहित परराष्ट्रमन्त्री आरजु राणा देउवासँग।

सुदूरपश्चिम प्रदेशले १ र २ मंसिरमा धनगढीमा आयोजना गर्न लागेको प्रथम लगानी तथा विकास सम्मेलनको मिति नजिकिएसँगै मुख्यमन्त्री कमलबहादुर शाहले दौडधुप बढाएका छन्। मुख्यमन्त्री शाहसहितको टिमले शुक्रबार काठमाडौंमा पर्यटन मन्त्रालयको सहकार्यमा पर्यटन क्षेत्र र परराष्ट्र मन्त्रालयको सहकार्यमा विकास साझेदारहरूसँग छुट्टाछुट्टै छलफल गरेको छ। त्यसअघि बिहीबार उद्योग मन्त्रालयको सहकार्यमा उद्योग-व्यवसाय क्षेत्रसँग छलफल भएको थियो। शनिबार निजी क्षेत्रसँग छलफल हुने जनाइएको छ।

मुख्यमन्त्री शाहले उद्योग, पर्यटन, जडीबुटी, शिक्षा, स्वास्थ्यसहित क्षेत्रमा लगानी भित्र्याउन आफूहरू आतुर रहेको र लगानीका लागि आवश्यक पर्ने वातावरण बनाइरहेको बताए। 'अहिले हामी विषयगत क्षेत्रसँग छलफल गरिरहेका छौं। निजी क्षेत्रसँग पनि छलफल हुन्छ,' उनले भने, 'सबै क्षेत्रबाट आएका सुझावलाई समेटेर ऐन-नियम संशोधन गरी लगानीमैत्री बनाइनेछ। उद्योगीहरू लगानी गर्नुस्, लगानीमैत्री वातावरण र उद्योग वा व्यवसायसम्मको बाटो, विद्युत्लगायत पूर्वाधार निमार्णको जिम्मा प्रदेश सरकार लिन्छ।'

मुख्यमन्त्री शाहले सुदूरपश्चिममा पर्याप्त सम्भावना रहेको भन्दै सबैलाई लगानीका लागि आग्रह गरे।

विभिन्न देशका राजदूत, कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधि, संयुक्त राष्ट्रसंघका प्रतिनिधि तथा विकास साझेदार संघ-संस्था, अन्तर्राष्ट्रिय वित्तीय संस्थाका पदाधिकारी सहभागी छलफलमा परराष्ट्रमन्त्री आरजु राणा देउवाले सुदूरपश्चिम क्षेत्रमा लगानीका लागि आग्रह गरिन्। 'सुदूरपश्चिममा प्रशस्त सम्भावना छन्,' शुक्रबार भएको छलफलमा परराष्ट्रमन्त्री देउवाले भनिन्, 'संघ सरकार सुदूरपश्चिमको विकास र समृद्धिका लागि प्रतिबद्ध छ, तपाईंहरूले ढुक्क भएर लगानी गर्नुहोस्।'

त्यसअघि शुक्रबार बिहान नै भएको अर्को छलफलमा पर्यटनमन्त्री बद्रीप्रसाद पाण्डेले सुदूरपश्चिमको पर्यटकीय पूर्वाधारमा लगानीका लागि आह्वान गरे। 'सुदूरपश्चिम पर्यटक आकर्षणका मुख्य आधार नेचर, कल्चर र एड्भेन्चरको सम्मिश्रण भएको प्रदेश हो। सुदूरपश्चिका थुप्रै पर्यटकीय सम्भावना उजागर भइरहेका छन्। यस लगानी सम्मेलनमार्फत सुदूरपश्चिमका पर्यटकीय पूर्वाधारमा लगानी गर्न आह्वान पनि गर्दछु,' उनले भने।

बिहीबारको छलफलमा उद्योगमन्त्री दामोदर भण्डारीले सुदूरपश्चिममा खनिज, जडीबुटी, पस्मिना, पशुपालन, पर्यटन, उद्योगलगायत थुप्रै सम्भावना रहेकाले लगानी गर्न आह्वान गरे।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७७

सन् २०२५ मा सन्न्यास लिएका चर्चित क्रिकेटर

राष्ट्रिय क्रिकेट टोलीमा लामो समयदेखि स्थान बनाउन नसक्दा यस वर्ष चर्चित क्रिकेटरहरूले सन्न्यास लिएका छन्। सन् २०२५ को जनवरीदेखि अगस्टसम्म विभिन्न राष्ट्रका गरी आठ क्रिकेटरले सबै फर्म्याटबाट सन्न्यास घोषणा गरे। वेस्ट इन्डिजलाई यसले प्रत्यक्ष असर गरेको छ। अर्को वर्ष भारत र श्रीलंकाले संयुक्त रूपमा आइसिसी पुरुष टी-२० विश्वकप क्रिकेट प्रतियोगिता आयोजना गर्दै छन्। वेस्ट इन्डिजले एन्ड्रे रसेल तथा निकोलास पुरनलाई सम्भावित खेलाडीका रूपमा राखेको थियो। तर, यी दुवै महत्त्वपूर्ण खेलाडी नहुँदा अब वेस्ट इन्डिज युवा खेलाडीको भरमा पुगेको छ। उसलाई अलराउन्डर भूमिका निर्वाह गर्न सक्ने खेलाडीको खाँचो परेको छ। भारतका चेतेश्वर पुजारा पनि टोलीमा नपरेपछि फ्रेन्चाइज लिगमा केन्द्रित हुन क्रिकेटबाट बिदा भए। न्युजिल्यान्डका बायाँहाते ब्याट्सम्यान मार्टिन गुप्तिल दुई वर्षदेखि टोलीमा छैनन्। उनी पछिल्लो समयमा टी-२० फर्म्याटमै व्यस्त देखिए। फ्रेन्चाइज टी-२० मा केन्द्रित हुनकै लागि उनले राष्ट्रिय टोलीबाट बिदा लिएका हुन्। बंगलादेशबाट निरन्तर क्रिकेट खेल्दै आइरहेका तमिल इक्वाललले पनि सन्न्यास घोषणा गरे। सन्न्यास लिएका आठ खेलाडी यस्ता छन् :



चेतश्वर पुजारा (भारत) : भारतका टेस्ट खेलाडी पुजाराले गत आइतबार तीनै फर्म्याटबाट अप्रत्याशित रूपमा सन्न्यास लिएको घोषणा गरे। यद्यपि, उनले लामो समयदेखि भारतको टोलीमा नियमित रूपमा स्थान बनाउन सकेका थिएनन्। उनले अन्तिमपटक सन् २०२३ मा भारतका लागि टेस्ट खेलेका थिए। टेस्ट फर्म्याटमा पुजारा मध्यक्रममा पछिल्लो समयमा अब्बल ब्याट्सम्यान थिए। उनले टेस्टमा सात हजार एक सय ९५ रन बनाएका छन्। यस वर्ष क्रिकेटका सबै फर्म्याटबाट सन्न्यास लिने ११औँ खेलाडीसमेत हुन्। ३७ वर्षीय ब्याट्सम्यान पुजाराको विशेषतः धैर्यका साथ क्रिजमा लामो समयसम्म टिक्न सक्नु हो। दायाँहाते ब्याट्सम्यान पुजाराले भारतका लागि पहिलो खेल सन् २०१० मा अस्ट्रेलियाविरुद्ध खेलेका थिए।

आन्द्रे रसेल (वेस्ट इन्डिज) : अर्को वर्ष भारत र श्रीलंकाले संयुक्त रूपमा टी-२० विश्वकप आयोजना गर्दै छन्। विश्वकपअगाडि वेस्ट इन्डिजले ठुलो धक्का महसुस गऱ्यो। विश्वकपको सम्भावित टोलीमा पर्न सक्ने अलराउन्डर रसेलले अचानक सन्न्यास घोषणा गरे। सन् २०२५ मा अन्तिम टी-२० आई खेल्दै वेस्ट इन्डिजका पावर हिटरे रसेलले क्रिकेटबाट बिदा लिए। उनले किङ्सटनमा अस्ट्रेलियाविरुद्ध अन्तिम खेल खेले। यसअघि उनले सन् २०१० मा एक मात्रै टेस्ट श्रीलंकाविरुद्ध खेलेका थिए। रसेलले सन् २०११ एकदिवसीय र टी-२० मै डेब्युको अवसर पाए। वेस्ट इन्डिजको आक्रामक ब्याट्सम्यान अलराउन्डमा रसेलको सन्न्यासपछि एक महत्त्वपूर्ण खेलाडीको अभाव देखिएको छ। उनले ८६ टी-२० आई खेल्दै एक हजार एक सय २२ रन बनाए। बलिङमा एकदिवसीय खेलमा ७० विकेट लिएका छन्।

मार्टिन गुप्तिल (न्युजिल्यान्ड) : न्युजिल्यान्डका ३८ वर्षीय ओपनिङ ब्याट्सम्यान मार्टिनले यसै वर्ष सन्न्यास लिए। दायाँहाते खेलाडी मार्टिनले न्युजिल्यान्डका लागि अन्तिम खेल सन् २०२२ मा खेलेका हुन्। लगभग तीन वर्ष राष्ट्रिय टोलीमा नपरे पनि उनी विभिन्न अन्तर्राष्ट्रिय फ्रेन्चाइजमा आबद्ध थिए। उनले एकदिवसीय क्रिकेटमा सर्वाधिक एक सय ९८ खेल खेल्दा सात हजार तीन सय ४६ रन बनाए। उनले एकदिवसीय विश्वकपमा दोहोरो शतकको कीर्तिमान राखेका छन्। उनले ४७ टेस्ट र १२२ टी-२० खेल खेलेका छन्।

दिमुथ करुनारत्ने (श्रीलंका) : ३७ वर्षीय श्रीलंकन दिमुथले गत महिना मात्रै सन्न्यास लिएका थिए। श्रीलंकाका लागि ओपनिङ गर्ने दिमुथ सन् २०११ देखि २०२५ सम्म अन्तर्राष्ट्रिय क्रिकेटमा सक्रिय देखिए। उनले श्रीलंकाका लागि एक सय टेस्ट खेलमा सात हजार दुई सय २२ रन बनाए। ५० एकदिवसीयमा उनले एक हजार तीन सय १६ रन जोडे। दिमुथले एकपटक पनि टी-२० आईमा डेब्यु अवसर पाएनन्। उनले सन् २०२३ मा भारतविरुद्ध एकदिवसीय खेलेका हुन्। यसै वर्ष उनले अस्ट्रेलियाविरुद्ध करिअरकै अन्तिम खेल खेले।

हेनरिक क्लासेन (दक्षिण अफ्रिका) : दक्षिण अफ्रिकाका ३४ वर्षीय विकेटकिपर तथा ब्याट्सम्यान हेनरिक आक्रामक ब्याटिङका लागि चिनिन्छन्। उनले पनि यसै वर्ष क्रिकेटका तीनवटै फर्म्याटबाट सन्न्यासको घोषणा गरे। दायाँहाते ब्याट्सम्यानले सन् २०१८ बाट मात्रै अन्तर्राष्ट्रिय डेब्यु गरेका थिए। हेनरिकले सन् २०१८ मा भारतविरुद्ध डेब्युको अवसर पाए। सन् २०२५ मा उनले न्युजिल्यान्डविरुद्ध खेले। चार टेस्टमा अवसर पाएका हेनरिकले ६० एकदिवसीय र ५८ टी-२० आई खेलेका छन्।

तमिन इक्वाल (बंगलादेश) : बंगलादेशका सिनियर खेलाडीमध्ये इक्वाल पनि एक हुन्। सन् २००८ मै न्युजिल्यान्डविरुद्ध टेस्टमा अवसर पाएका उनले ०२३ को अप्रिलमा आयरल्यान्डविरुद्ध करिअरकै अन्तिम खेल खेले। राष्ट्रिय टोलीमा नपरे पनि पछिल्लो समयमा टी-२० सिरिजमा व्यस्त थिए। इक्वाललले ७० टेस्टमा १० शतक र ३१ अर्धशतकको सहयोगमा पाँच हजार एक सय ३४ रन बनाएका छन्। यसैगरी २४३ एकदिवसीय खेलमा उनले १४ शतक तथा ५६ पटक अर्धशतकीय इनिङ्स खेले। यस क्रममा उनले आठ हजार तीन सय ५७ रन जोडे। बंगलादेशका लागि उनले ७८ टी-२० आईमा एक शतकको सहयोगमा एक हजार सात सय ५८ रन जोडे।

निकोलास पुरन (वेस्ट इन्डिज) : सन् २०२५ को सिजनमा वेस्ट इन्डिजबाट नाम चलेका खेलाडीले सन्न्यास लिने लहरै चल्यो। यस क्रममा निकोलासले सन्न्यास लिए। उनी सन् २०२४ देखि टोलीमा थिएनन्। आठ वर्षको अन्तर्राष्ट्रिय करिअरमा उनले ब्याटिङमा आफ्नो दक्षता देखाए। बायाँहाते ब्याट्सम्यान तथा विकेट किपरसमेत रहेका निकोलासले करिअरमा आइपिएलमै समय बिताए। वेस्ट इन्डिजबाट उनले एकपटक पनि टेस्ट खेल्न पाएनन्। सन् २०१६ मा पाकिस्तानविरुद्ध टी-२० आई खेल्दै उनले अन्तर्राष्ट्रिय डेब्यु गरेका थिए। टी-२० आईमा निकोलासले एक सय ६ खेलमा दुई हजार दुई सय ७५ रन बनाए। उनले वेस्ट इन्डिजबाट ६१ एकदिवसीय खेल खेले।

सापुर जार्दान (अफगानिस्तान) : अफगानिस्तानको अन्तर्राष्ट्रिय खेलमा सफलता प्राप्त गर्ने सापुर पनि एक प्रमुख खेलाडी हुन्। सन् २००९ मा उनले नेदरल्यान्ड्ससँग एकदिवसीय खेलमा डेब्यु गरेका थिए। सन् २०१९ मा उनले अन्तिमपटक आयरल्यान्डविरुद्ध एकदिवसीय खेल खेलेका थिए। सन् २०१० मा उनले आयरल्याडसँगै टी-२० खेलमा डेब्यु गरे। सन् २०२० मा उनले आयरल्यान्डविरुद्ध करिअरकै अन्तिम खेल खेले। उनले ४४ एकदिवसीय खेलमा ४३ विकेट लिएका छन्। यसैगरी ३६ टी-२० आईमा उनले ३७ विकेट हात पारेका छन्। ब्याटिङ क्रममा उनले एकदिवसीयमा ६७ रन मात्र जोडे।

एजेन्सीको सहयोगमा

नेपालले पाँच खेलमा व्यहोऱ्यो २० गोल

भुटानमा चलिरहेको साफ यू-१७ महिला च्याम्पियनसिपमा नेपालले पाँच खेल खेल्दा विपक्षी पोस्टमा तीन गोल मात्र फर्कायो, डबल राउन्डअनुसार भइरहेको प्रतिस्पर्धामा नेपाल दुई खेलअगाडि नै उपाधि होडबाट बाहिरिएको थियो



नयाँ पत्रिका

नेपाली यू-१७ महिला टोलीले भुटानको थिम्पुमा चलिरहेको साफ महिला च्याम्पियनसिपमा प्रतिस्पर्धा गरिरहेको छ। डबल राउन्ड रोबिन लिगअनुसार चलिरहेको प्रतिस्पर्धामा नेपालले अहिलेसम्म एक जित र चार हारको सामना गरेको छ। प्रशिक्षक चेतन घिमिरेको प्रशिक्षणमा रहेको नेपालले च्याम्पियनसिपमा उत्कृष्ट प्रदर्शन गर्न सकिरहेको छैन। लगातार नेपालले खराब हारसँगै फराकिलो गोलअन्तरसमेत व्यहोरेको छ। नेपालले समग्रमा पाँच खेलमा २० गोल खाएको छ। नेपालले तीन गोल मात्रै विपक्षी पोस्टमा फर्काएको छ।

प्रशिक्षक घिमिरेले प्रतियोगिता जित्ने लक्ष्यका साथ तयार भएको बताएका थिए। तर, थिम्पुमा नेपाली युवा महिला खेलाडीले मैदानमा प्रतिस्पर्धा गर्दा च्याम्पियनशैलीको प्रदर्शन छनक देखाउन सकेको छैन। डिफेन्स, मिडफिल्ड र फिनिसिङमा नेपाल लगातार चुकिरहेको छ। पहिलो चरणमा नेपालले एक मात्र जित भुटानविरुद्ध निकालेको थियो। अझ नेपालले भुटानलाई हराउन धेरै मिहिनेत गर्नुपरेको थियो।

प्रतियोगिताअन्तर्गत शुक्रबार नेपालले भारतविरुद्ध प्रतिस्पर्धा गरेको थियो। सबै पक्षमा कमजोर प्रदर्शन हुँदा नेपाल भारतसँग ७-० ले पराजित भयो। उपाधि दाबेदार भारतको जितमा पर्ल फर्नान्डेसले ह्याट्रिक गरेकी थिइन्। दिव्यानी लिन्डाले नेपालको पोस्टमा दुई गोल गरिन्। पाँच खेलमा एक जित र तीन हारसहित नेपालको तीन अंक छ। प्रतियोगिताबाट बाहिरिसकेको नेपालले अब आइतबार अन्तिम खेल भुटानविरुद्ध खेल्नेछ।

डबल राउन्ड रोबिन लिगमा भइरहेको प्रतियोगितामा भारत पाँच खेलमा १५ अंकका साथ शीर्ष स्थानमा छ। भारतलाई पछ्याइरहेको बंगलादेशले पाँच खेलमा १० अंक जोडेर दोस्रो रक्षा गरेको छ। जितविहीन भुटान १ अंकसहित चौथोमा छ। नेपाल, भारत, बंगलादेश र आयोजक भुटान गरी चार टोली मात्र सहभागी रहेको प्रतियोगितामा सबैभन्दा बढी अंक जोड्ने टोलीले उपाधि जित्ने प्रावधान छ।

विपक्षीको गोलपोस्टमा नेपालको जम्मा तीन गोल

प्रतियोगितामा नेपालको फिनिसिङ निकै कमजोर देखिएको छ। पाँच खेल सकिँदा नेपालले केवल तीन गोल मात्र गऱ्यो। नेपालले तीनमध्ये दुई गोल सहभागी टोलीमध्ये कमजोर प्रतिद्वन्द्वी भुटानविरुद्ध रह्यो। भुटानलाई नेपालले २-१ ले हराउँदा सहारा लिम्बूले दुई गोल गरेकी थिइन्। बंगलादेशलाई ४-१ को नतिजा सुम्पिएको खेलमा नेपालका लागि एक मात्र गोल भूमिका बुढाथोकीले गरेकी थिइन्। बंगलादेश र भारतका खेलाडीले नेपालविरुद्ध समान एक ह्याट्रिक लगाएका छन्। समग्रमा अहिलेसम्म साफ यू-१७ महिला च्याम्पियनसिपमा १० खेल सकिँदा ४४ गोल भएको छ। तथ्यांकअनुसार प्रतिखेल ४.४ गोल औसत रहेको छ। भारतकी अनुष्का कुमारीले सर्वाधिक सात गोल गरेकी थिइन्। सर्वाधिक पाँच, चार र तीन गोलमा भारतीय खेलाडीकै दबदबा छ।

खेल संक्षेप

रेडियन्ट सेमिफाइनलमा

काठमाडौं/ रेडियन्ट पब्लिक ३१औँ ज्ञान कार्निभलअन्तर्गत पुरुष बास्केटबलमा शुक्रबार सेमिफाइनलमा प्रवेश गरेको छ। रेडियन्ट पब्लिकले केएमसीलाई १०-९ ले पराजित गऱ्यो। सोही स्पर्धामा मल्पी इन्टरनेसनलले लिटिल एन्जल्सलाई १९-४ ले हरायो। दीक्षालयले बौद्ध इन्टरनेसनललाई २७-९ ले हराउँदै सेमिफाइनलमा पुगेको छ। पुरुष बास्केटबलमा मल्पीले आइडियल मोडेललाई २८-२१ तथा रेडियन्ट पब्लिकले बौद्ध इन्टरनेसनललाई ४०-३८ ले पाखा लगाउँदै क्वार्टरफाइनल स्थान पक्का गरेका छन्।

नेरिकले चैतन्यलाई हरायो

काठमाडौं/ नेरिक एकेडेमी र एन्जल लर्ड दोस्रो टाइमलाइन अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको पुरुषतर्फ शुक्रबार सेमिफाइनलमा प्रवेश गरेका छन्। नेरिकले चैतन्यलाई ३७-३१ ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो। अर्को खेलमा एन्जल लर्डले सर्वनाम शिक्षालयलाई ५०-३२ ले हरायो। पुरुषतर्फ काठमाडौं जेभियर्स पब्लिक स्कुल र नेमोनिक मोर्डन एकेडेमी पनि अन्तिम चारमा पुगे। काठमाडौं जेभियर्सले टाइमलाइनलाई ४५-१६ तथा नेमोनिकले बागमती बोर्डिङ स्कुललाई ५३-२४ ले पाखा लगाए। महिलामा नेमोनिक, बाल संसार, बागमती र काठमाडौं जेभियर्स सेमिफाइनलमा पुगेका छन्।

यू-१९ मा प्रजिललाई स्वर्ण

काठमाडौं/ एभिएमका प्रजिल भट्टराईले तेस्रो कल्याण पाण्डे राष्ट्रिय जुनियरअन्तर्गत यू-१९ पुरुष एकलमा स्वर्ण जितेका छन्। राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा शुक्रबार भएको फाइनलमा प्रजिलले एभिएमकै जयस्नु महर्जनलाई ११-८, ११-८, ७-११ र ११-५ को सेटमा पराजित गरे। महिलामा होप्स टेबलटेनिस एकेडेमीकी योङ्गी पौडेलले स्वर्ण जितेकी थिइन्। क्याडेटको यू-१५ पुरुष एकलमा यलका रिजन शाक्य तथा महिलामा एभिएमकी अर्सना महर्जन पहिलो भए। तीन दिनसम्म चलेको प्रतियोगितामा एक सय ३५ खेलाडी सहभागी थिए।

भ्याली पब्लिक उपाधिनजिक

काठमाडौं/ भ्याली पब्लिक र केभिकेएसएस १९औँ ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा शुक्रबार फाइनलमा प्रवेश गरेका छन्। भ्याली पब्लिकले न्युटनलाई ३५-३० ले पराजित गऱ्यो। केभिकेएसएसले आयोजक ग्रिनल्यान्डलाई १८-१७ ले हरायो। सिनियर पुरुषमा न्युटनले किङ्डमलाई ५१-४९ तथा टिआइएले हेम्सलाई ४५-४३ ले हराउँदै फाइनल पुगेका छन्। जुनियर पुरुषमा गोल्डेनपिकले न्युटनलाई ३१-२३ तथा जेबी स्कुलले एन्जल्स हार्टलाई २७-२५ ले पाखा लगाउँदै फाइनल यात्रा तय गरे।

■ युरोपियन च्याम्पियन्स लिग 'ड्र'

सर्वाधिक र पूर्वविजेताहरूले पहिलो चरणमा प्रतिस्पर्धा गर्ने

एजेन्सी

युरोपकै प्रतिष्ठित फुटबल प्रतियोगिता च्याम्पियन्स लिगको बिहीबार राति 'ड्र' निकालिएको छ। 'ड्र'को समूह चरणको प्रतिस्पर्धामा सर्वाधिकदेखि पूर्वविजेताहरू एकै समूहमा परेका छन्। च्याम्पियन्स लिगको 'ड्र'अनुसार सर्वाधिक १५ पटकको विजेता स्पेनिस क्लब रियल म्याड्रिडले पूर्वविजेता लिभरपुल र म्यानचेस्टर सिटीसँग समूह चरणमा प्रतिस्पर्धा गर्नेछ। लिग चरणका खेल १६ देखि आगामी २८ जनवरीसम्म चल्नेछ। प्रतियोगिताको फाइनल बुडापेस्टमा हुनेछ।



च्याम्पियन्स लिगलाई समूह चरणदेखि नै प्रतिस्पर्धात्मक बनाउने उद्देश्यसाथ गत वर्षदेखि नयाँ फर्म्याटमा लिग हुन थालेको थियो। नयाँ ढाँचामा हुने च्याम्पियन्स लिगमा ३६ टोली सहभागी हुनेछन्। २०२५/२६ को सिजनमा पहिलोपटक ६ वटा प्रिमियर लिग क्लबले खेल्नेछन्। तर, लिग चरणमा यी इंग्लिस क्लबले आपसमा खेल्नेछैनन्।

पहिलो चरणमै लिभरपुलले एट्लेटिको म्याड्रिड र इन्टर मिलानविरुद्ध पनि खेल्नेछ। त्यसपछि म्यानचेस्टर सिटीले सिरिए क्लब नेपाली र जर्मनीको बोरुसिया डर्टमुन्डसँग प्रतिस्पर्धा गर्नेछ। यसपटकको रोमाञ्चक पक्ष भनेको म्यानचेस्टर सिटी र नेपालीबिचको प्रतिस्पर्धा हो, जहाँ नेपोलीका स्ट्राइकर केभिन डे ब्रुनेले पूर्वक्लब म्यानचेस्टर सिटीविरुद्ध खेल्नेछन्। उनले आफ्नो पूर्वक्लबविरुद्ध कस्तो प्रदर्शन गर्नेछन्। त्यसैमा सबैको चासो छ।

यसैगरी, पूर्वविजेता चेल्सीले युरोपकै बलियो क्लब बार्सिलोना र बायर्न म्युनिखसँग खेल्नेछ। यसैगरी, आर्सनलले पनि बायर्न म्युखिन र इन्टर मिलानविरुद्ध खेल्नेछ। इंग्लिस क्लब न्युक्यासलले सेन्ट पार्कमा बार्सिलोनाको सामना गर्नेछ। युरोपा लिगको विजेताका रूपमा च्याम्पियन्स लिगमा स्थान पक्का गरेको टोटनह्यामले डर्टमुन्ड र मोनाकोसँग खेल्नेछ।

लिग चरणपछि नकआउट खेल

चार महिनासम्म च्याम्पियन्स लिगको समूह चरण खेल हुनेछ। सन् २०२६ को २८ जनवरीमा लिग चरण खेल सकिनेछ। त्यसपछि नकआउट चरण सुरु हुनेछ। सहभागी ३६ टोलीले 'ड्र'अनुसार आ-आफ्नो तालिकासमान आठ खेल खेल्नेछन्। त्यसपछि अंकतालिकामा शीर्ष आठ स्थानमा पर्ने टोली सीधै प्रिक्वार्टरफाइनलमा पुग्नेछन्। च्याम्पियन्स लिगको खेलतालिकाअनुसार नवौँदेखि २४औँ स्थानसम्म रहने १६ टोलीबिच पुनः खेल हुनेछ। यो खेल प्लेअफ खेलका रूपमा हुनेछ, जसबाट आठ टोलीले अन्तिम १६ मा स्थान बनाउनेछन्। यसैगरी, २५औँदेखि ३६औँ स्थानका टोली बाहिरिनेछन्।

खेलतालिकाअनुसार प्रतिद्वन्द्वी

- साबिक विजेता पेरिस सेन्ट जर्मेन (पिएसजी)ले बायर्न म्युनिख, बार्सिलोना, एट्लान्टा, लेभरकुसेन, टोटनहाम, स्पोर्टिङ सिपी, न्युकासल र एथ्लेटिको बिल्बाओसँग प्रतिस्पर्धा गर्नेछ।
- स्पेनिस क्लब च्याम्पियन बार्सिलोनाले पिएसजी, चेल्सी, फ्रान्कफर्ट, क्लब ब्रुग, ओलम्पियाकस, स्लाभिया प्राहा, कोपनहेगन र न्युकासलविरुद्ध खेल्नेछ।
- इंग्लिस लिग विजेता लिभरपुलले रियल म्याड्रिड, इन्टर मिलान, एट्लेटिको म्याड्रिड, फ्रान्कफर्ट, पिएसभी, मार्सेल, काराबाग र गालातासारेसँग प्रतिस्पर्धा गर्नेछ।
- सर्वाधिक विजेता रियल म्याड्रिडले म्यानचेस्टर सिटी, लिभरपुल, युभेन्ट्स, बेनफिका, मार्सेल, ओलम्पियाकस, मोनाको र कैराट अलमातीविरुद्ध खेल्नेछ।
- म्यान्चेस्टर सिटीले बोरुसिया डर्टमुन्ड, रियल म्याड्रिड, बायर लेभरकुसन, भिल्ला रियल, नेपोली, बोडोग्लम्ट, गालातासारे र मोनाकोसँग भिड्नेछ।
- पूर्वविजेता बायर्न म्युनिखले चेल्सी, पिएसजी, क्लब ब्रुग, आर्सनल, स्पोर्टिङ सिपी, पिएसभी, युनियन एसजी र पाफोससँग प्रतिस्पर्धा गर्नेछ।
- सिरी 'ए' क्लब इन्टर मिलानले लिभरपुल, बोरुसिया डर्टमुन्ड, आर्सनल, एट्लेटिको म्याड्रिड, स्लाभिया प्राहा, अयाक्स, कैराट अल्माती र युनियन एसजीसँग प्रतिस्पर्धा गर्नेछ।
- चेल्सीले बार्सिलोना, बायर्न म्युनिख, बेनफिका, एट्लान्टा, अयाक्स, नापोली, पाफोस र काराबागसँग भिड्ने खेलतालिका छ।
- बोरुसिया डर्टमुन्डले इन्टर मिलान, म्यानचेस्टर सिटी, भिल्ला रियल, युभेन्ट्स, बोडोग्लिम्ट, टोटनह्याम, एथ्लेटिक क्लब र कोपनहेगनको सामना गर्नेछ।
- आर्सनलले बायर्न म्युनिख, इन्टर मिलान, एट्लेटिको म्याड्रिड, स्लाभिया प्राहा, कैराट अल्माती र एथ्लेटिक क्लबसँग प्रतिस्पर्धा गर्नेछ।
- एट्लेटिको म्याड्रिडले इन्टर मिलान, लिभरपुल, फ्रान्कफर्ट, आर्सनल, बोडो ग्लिम्ट, पिएसजी, युनियन एसजी र गालातासारेको सामना गर्नेछ।
- पूर्वविजेता युभेन्ट्सले बोरुसिया डर्टमुन्ड, रियल म्याड्रिड, बेनफिका, भिल्ला रियल, स्पोर्टिङ सिपी, बोडोग्लिम्ट, पाफोस र मोनाकोसँग प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ।
- युरोपा लिग विजेता टोटनह्यामले बोरुसिया डर्टमुन्ड, पिएसजी, भिल्लारियल, फ्रान्कफर्ट, स्लाभिया प्राहा, बोडो ग्लिम्ट कोपनहेगन र मोनाकोविरुद्ध भिड्नेछ।
- गत सिजनको सिरिए लिग विजेता नेपोलीले चेल्सी, म्यानचेस्टर सिटी, फ्रान्कफर्ट, बेनफिका, स्पोर्टिङ सिपी, काराबाग र कोपनहेगनसँग प्रतिस्पर्धा गर्नेछ।
- पोर्चुगलको स्पोर्टिङ सिपीले पिएसजी, बायर्न म्युनिख, क्लब ब्रुग, मार्सेल, नापोली, कइरात अल्माती र एथ्लेटिक क्लबविरुद्ध खेल्नेछ।
- इंग्लिस क्लब न्युकासलले बार्सिलोना, पिएसजी, बेनफिका, बायर लेभरकुसन, पिएसभी, मार्सेल, एथ्लेटिक क्लब र युनियन एसजीसँग प्रतिस्पर्धा गर्नेछ।

■ राखेपको ६३औँ वार्षिकोत्सव

विश्वकप रजत विजेता खोखो उत्कृष्ट टिम

नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले आफ्नो ६२औँ वार्षिकोत्सवका अवसरमा राष्ट्रिय पुरुष र महिला खोखो टोलीलाई उत्कृष्ट अवार्डसहित शुक्रबार पुरस्कृत गरेको छ। खो खोको सिनियर र महिला टोलीले उत्कृष्ट हुँदै समान एक लाख पाएका छन्। दुवै टोलीले भारतमा भएको प्रथम खोखो विश्वकपको उपविजेताको उपाधि हात पारेका थिए। यसैगरी, नेपाल र भारतबिच भएको टेस्ट म्याचमा जितेको थियो।



खोखोसँगै जुनियरमा दुई र पारामा एक खेलाडी, १० कर्मचारी, एक राष्ट्रिय खेल संघ, एक प्रायोजक, दुई पत्रकार र एक स्थानीयलाई सम्मान गरिएको छ। उत्कृष्ट खेलकुद पत्रकारको पुरुषमा खेलाडी डटकमका अञ्जन खड्का र महिलामा मेरो खेल डटकमकी लक्ष्मी शाक्य जनही २० हजारसहित सम्मानित भए। जुनियरको पुरुषमा बक्सिङका अर्पिल राना तथा महिलामा क्रिकेटकी पूजा महतोले जनही ५० हजार रुपैयाँ पाए।

अर्पिलले थाइल्यान्डमा भएको एसियाली यू-२२ युथ बक्सिङ तथा श्रीलंकामा भएको एसियाली बक्सिङ यू-१९ मा कांस्य जितेका थिए। पूजाले विश्वकप एसियाली छनोटमा दुई सय ७२ रन बनाउनुका साथै पलेशाले पेरिस पाराओलम्पिकमा ऐतिहासिक कांस्य पदक तथा मलेसियामा भएको १०औँ एसियाली पारातेक्वान्दोमा कांस्य पदक जितेकी थिइन्।

उत्कृष्ट राष्ट्रिय खेल संघमा नेपाल क्रिकेट संघ (क्यान) एक लाख नगदसहित पुरस्कृत भयो। कर्मचारीतर्फ सर्वोत्कृष्ट परिषद् सेवा पुरस्कारबाट परिषद्को सचिवालयका नायब वरिष्ठ प्रशासकीय अधिकृत फणीन्द्रप्रसाद पौडेल (प्रशासन) भए। राखेपका अध्यक्ष युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीलगायतले पुरस्कृत गरे।

१० विकेट लिएकी थिइन्। सोही छनोटमा उनी 'प्लेयर अफ द सिरिज' भएकी थिइन्। पारातर्फ तेक्वान्दोकी पलेशा गोवर्धन ५० हजार नगदसहित सम्मानित भइन्।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com